वर्ष ३०/ पूर्णाङ्क १०२/ असोज–कात्तिक २०७३

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक

रामप्रसाद पन्त

फोन नं. ४-४८६४७६

गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार

ठाकुर शर्मा भण्डारी

फोन नं. ४-४२०६१०

सह-सम्पादक

यादव भट्टराई

फोन नं. ४-७८३२६४

सम्पादन सहयोगी

केशवराज पन्त

कमल ज्ञवाली

विष्णु ज्ञवाली

सहयोग रू. ५०/-

विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोभन्दा बढी ।

व्यवस्थापक

लक्ष्मी पन्त

फोन ४-४८६४७६

कार्यालय

घ-२७२/७०, चावहिल-७, काठमाडौं

फोन ४-४८६४७६

E-mail: dayitwa@hotmail.com

Website: www.nepalipublisher.com

दायित्व द्वैमासिकका विशिष्ट सदस्यहरू

निराजन तिमल्सिना/नारायणदेव पन्त/नैना नेपाल ढकाल/राधेश्याम भट्टराई/मोहन चापागाईं/वासुदेव उपाध्याय ढकाल/जनक शिक्षा सामग्री केन्द्र/रूकु कार्की/विजयध्वज थापा/आत्माराम खरेल/गङ्गासागर पन्त/योगराज पौडेल/गणेशप्रसाद भट्टराई/इष्टपोल उच्च मावि/विद्याप्रसाद घिमिरे/केशव रूपाखेती/राममणि दुवाडी/ ब्रिलियन्ट बहुमुखी क्याम्पस/डा. टीकाराम अधिकारी/डा. बद्री पोखेल/सुषमा शर्मा बडाल ।

🕮 वेदवाणी 🕮

ऋषि – मेधातिथि काण्व । **देवता** - इन्द्रावरुण । **छन्द** - गायत्री ।

इन्द्रावरुणयोरहं सम्राजोरव आ वृणे । ता नो मृडांत इदृशे ॥१॥

हामी इन्द्र र वरुण दुवै प्रतापी देवताहरूबाट आफ्नो सुरक्षाको कामना गर्दछौँ । उनीहरू दुवैले सुख प्राप्त हुने गरी हामीमाथि कृपा गर्नेछन् ।

गन्तारा हि स्थोऽवसे हवं विप्रस्य मावतः । धर्तारा चर्षणीनाम् ॥२॥

हे इन्द्र र वरुणदेव ! तिमीहरू दुवै मनुष्यका सम्राट्, धारक र पोषक हौ । हामीजस्ता ब्राह्मणले आह्वान गर्दा सुरक्षाका लागि तयार भएर तिमीहरू अवश्य आउनेछौ ।

अनुकामं तर्पयेथामिन्द्रावरुण राय आ । ता वां नेदिष्ठमीमहे ॥३॥

हे इन्द्र र वरुणदेव ! इच्छाअनुसारको धन दिएर हामीलाई सन्तुष्त गर भन्दै तिमीहरू दुवैलाई हामी प्रार्थना गर्दछौँ ।

युवाकु हि शचीनां युवाकु सुमतीनाम् । भूयाम वाजदान्वाम् ॥४॥

सङ्गठित कर्म र सङ्गठित सद्बुद्धिका भएर हामी दान गर्नमा सर्वश्रेष्ठ बनौँ ।

इन्द्रः सहस्रदाव्नां वरुणः शंस्यानाम् । ऋतुर्भवत्युक्थ्य ॥५॥

तिमीहरू दुईमध्ये इन्द्रदेव सहस्र दाताहरूमा सर्वश्रेष्ठ र वरुणदेव सहस्र देवताहरूमा सर्वश्रेष्ठ हुनाले आआफ्ना क्षेत्रमा दुवै प्रशंसनीय छौ ।

तयोरिदवंसा वयं सनेम नि च धीमहि । स्यादुत प्ररेचनम् ॥६॥

तिमीहरूले सुरक्षा गरेको धन पाएपछि हामी त्यसको सदुपयोग गरौँ । त्यस्तो धन मनग्गे मात्रामा हामीलाई प्राप्त होस् ।

इन्द्रावरुण वामहं हुवे चित्राय राधसे । अस्मान्त्सु जिग्युषस्कृतम् ॥७॥

हे इन्द्र र वरुणदेव ! विभिन्न खालको धनका कामनाले हामी तिमीहरूलाई आह्वान गर्दछौँ । तिमीहरू हामीलाई सर्वश्रेष्ठ र विजयी गराओ ।

इन्द्रावरुण नू नु वां सिषासन्तीषु धीष्वा । अस्मभ्यं शर्म यच्छतम् ॥८॥

हे इन्द्र र वरुणदेव ! हाम्रा बुद्धिले तिमीहरूको उचित सेवा गर्न रुचाएको छ । त्यस्तो हुनाले हामीलाई चाँडै निश्चित रूपमा सुख प्रदान गर ।

प्र वामश्नोतु सुष्टुतिरिन्द्रावरुण यां हुवे । यामृधाथे सधस्तुतिम् ॥९॥

हे इन्द्र र वरुणदेव ! जुन उत्तम स्तुति गर्नका लागि तिमीहरू दुईलाई हामी आह्वान गर्दै छौँ र जुन स्तुति पाएपछि पुष्ट हुन्छौँ, त्यस्तो स्तुति तिमीहरूलाई प्राप्त होस्

अनुवाद : तिलकप्रसाद लुइटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – १७)

सम्पादकीय

- नेपाली साहित्यिक पत्रकारिताको संरक्षण, सम्वर्द्धन र विकासका लागि २०६३ सालमा स्थापित नेपाल साहित्यिक पत्रकार संघले विविध साहित्यिक क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। साहित्यकारहरू निर्माण गर्नका लागि साहित्यिक पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहन्छ। तर ती पत्रिकालाई संरक्षण र क्रियाशील बनाइराख्न अन्य कुनै आधिकारिक संस्था नभएको र त्यसै प्रयोजनका लागि गठित साहित्यिक पत्रकार संघले पनि उद्देश्य अनुकुल काम गर्न नसकेको अवस्थामा नेपाल साहित्यिक पत्रकार संघको स्थापनाले साहित्यिक पत्रकारिता गर्नेहरूलाई उत्साहित बनाएको छ।

- उक्त संघको मिति २०७३ असोज १५ गते काभ्रेको बनेपामा सम्पन्न तेस्रो महाधिवेशनले प्रतिष्ठित साहित्यकार, साहित्यिक पत्रकार तथा अभिव्यक्ति द्वैमासिक साहित्यिक पत्रिकाका सम्पादक नगेन्द्रराज शर्माको अध्यक्षतामा ३५ सदस्यीय कार्यसमिति गठन गरेको छ। साथै सो संघको प्रथम वैठक नेसापसका अध्यक्ष नगेन्द्रराज शर्माको सभापतित्वमा यही कार्तिक ६ गते नुवाकोटको नौतले दरबार परिसरमा सम्पन्न पनि भएको छ।

- उक्त वैठकले महत्त्वपूर्ण निर्णयहरू गरेको छ, जुन निर्णयहरूको कार्यान्वयनले नेपाली साहित्यिक पत्रकारिता अझ फस्टाउने छ र साहित्यिक पत्रकारिताको विकासमा गुणात्मक योगदान पुग्नेछ भन्ने महसुस गरिएको छ। ती निर्णयहरू बुँदागत रूपमा यस प्रकार रहेका छन् :
  १. रोचक घिमिरे, कमलमणि दीक्षित, चूडामणि रेग्मी, डिआर पोखरेल, वीरबहादुर चन्द, शिव रेग्मी र नरेन्द्रबहादुर श्रेष्ठलाई सल्लाहकार समितिमा मनोनयन गर्ने।
  २. ३४ सदस्यीय कार्यसमिति रहेकोमा माधव पोखरेल गोज्याङ्ग्रेलाई मनोनयन गरी ३५ सदस्यीय कार्यसमिति बनाउने।
  ३. २०७३ सालको माघ महिनामा बनारसमा साहित्यिक भेटघाट तथा सम्मेलन गर्ने र सो सम्मेलनमा 'रचना'का सम्पादक रोचक घिमिरे र 'उदय'का सम्पादक दुर्गाप्रसाद श्रेष्ठलाई सम्मान गर्ने।
  ४. संघ अन्तर्गत अभिलेख-इतिहास विभाग, सम्पादन-प्रकाशन विभाग, अन्तर्राष्ट्रिय समन्वय विभाग, राष्ट्रभाषा तथा मातृभाषा विभाग र अनलाइन समिति गठन गरी ती विभागहरू र समितिको जिम्मेवारी संघका उपाध्यक्षहरू क्रमशः

मातृका पोखरेल, रामप्रसाद पन्त, वियोगी बुढाथोकी, लक्ष्मी उप्रेती र नवराज पुडासैनीलाई दिने ।

५. नेपाल साहित्यिक पत्रकार संघको टोली बनारस जाँदा र आउँदाको यातायात खर्च संघका सदस्य तथा नुवाकोट साहित्य समाजका अध्यक्ष श्रीराम श्रेष्ठको सौजन्यबाट हुने भएकोले श्री श्रेष्ठलाई धन्यवाद ज्ञापन गर्ने ।

६. संघको सचिवालयमा ९ जना पदाधिकारी रहेकोमा लक्ष्मी भट्टराई र गणेश राईको नाम थप गरी ११ सदस्यीय सचिवालय बनाउने ।

७. नेपाल साहित्यिक पत्रकार संघको सिफारिसमा १ जना साहित्यिक पत्रकार प्रेस काउन्सिलको सदस्यमा नियुक्त गर्ने व्यवस्था भएकोमा अन्यथा निर्णय गरिएकोले सो बारे सूचना तथा सञ्चार मन्त्रीलाई विरोधपत्र दिने ।

८. हाल चलिरहेको नेपाली भाषाको विवादका सम्बन्धमा भाषाविद्‌हरूको समन्वयमा भाषासम्बन्धी समस्या अविलम्ब समाधान गर्न सुझाव दिने ।

- पत्रकारिताको इतिहासमा सबैभन्दा जेठो र गौरवशाली इतिहास बोकेको साहित्यिक पत्रकारिताले उल्लेखनीय गति लिन नसक्दा नेपाली साहित्यको सङ्ख्यात्मक विकास भए पनि गुणात्मक विकास हुन सकेको अवस्था छैन । अर्को कुरा सभ्य र सुसंस्कृत समाज निर्माण गर्नका लागि साहित्य, संस्कृति र कलाको विकास हुनु जरुरी देखिन्छ । तर राज्यस्तरबाट साहित्यिक पत्रकारिताप्रति बेवास्ता गरिँदा सामाजिक विकासको स्तर पनि खस्कँदै गएको अवस्था छ । यो अभाव पूर्ति गर्न पनि साहित्यिक पत्रकारिता गर्नेहरू जागरुक हुन जरुरी छ ।

- नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसंस्कृति बोकेको राष्ट्र भएको हुनाले हामीले नेपालमा बोलिने अन्य भाषाहरूलाई पनि राष्ट्रभाषाको रूपमा विकास गर्नुपर्ने अवस्था छ र ती सबै भाषा-साहित्यको समन्वय गरी अगाडि बढ्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ । साथै साहित्यिक स्तम्भ लेख्ने र अनलाइन साहित्यको माध्यमबाट साहित्यिक पत्रकारिता गर्ने साहित्यसेवीहरूलाई पनि साहित्यिक पत्रकारिताको दायराभित्र अटाउन हाल्नुपर्ने छ । अतः यी सबै चुनौतीहरूको सामना गर्दै अगाडि बढ्न नेपाल साहित्यिक पत्रकार संघ सधैँ तत्पर रहनुपर्छ र अन्य क्षेत्रबाट पनि संघप्रति भाइचाराको सम्बन्ध विकसित हुँदै जानुपर्छ भन्ने हाम्रो अभिमत छ ।

- अन्त्यमा विजयादशमी, शुभ-दिपावली नेपाल सम्वत् र छठ २०७३ को महान् अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक मङ्गलमय शुभकामना !



दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
लेख/निबन्ध		
मृत्यु	१५	डा. विश्वदीप अधिकारी
हो, म गर्व गर्छु	५५	निरञ्जन बराल
नेपाली लोकगाथाको वर्गीकरण र विश्लेषण	६४	प्रेमप्रकाश शर्मा अर्याल
कथा/लघुकथा		
चरित्र	३७	लीलाराज दाहाल
बूढी आमा	७०	रेखा पन्त सिलवाल
संस्मरण/यात्रासंस्मरण		
हवाइयात्राका रोमाञ्चक क्षणहरू !	८	नरेन्द्रराज पौडेल
देउकोटको वन उक्लिँदा	४६	रुकु कार्की
जेनेभादेखि पेरिसको आइफिल टावरसम्म	५२	नैना नेपाल ढकाल
समीक्षा/समालोचना		
उत्कृष्ट कविताको खोजीमा लागिपरेका कवि कृष्ण प्रधानको नवीन कृति	१८	जय छाङ्छा
यात्रासाहित्यमा नवीन प्रयोग : हिँडी रहूँ हिँडी रहूँ	२२	गोविन्दप्रसाद आचार्य
महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको सुलोचना महाकाव्य	३४	डा. सुभाषचन्द्र अधिकारी
डायस्पोराका कवि देश सुब्बारचित 'हेमिङ्वेको माछा' कविताको विश्लेषण	३८	खुमबहादुर खड्का
'डाँफो चरी' कथासङ्ग्रह पढेपछि	४३	डा. शैलजा पोखरेल

कविता/गीत/गजल/मुक्तक

हेमराज अधिकारी-७/ प्रा.डा. गार्गी शर्मा-१४/विपी शाही-२०/खड्गबहादुर चापागाईं- २१/ इन्जिता रेग्मी- ४५/मुकुन्द शर्मा चालिसे-५०/ केशवराज पन्त-५४/रुद्र अधिकारी-६९/लक्ष्मी रिमाल-७२/ शम्भु अर्याल-७३/उमा मिश्र-७४/नदीराम केसी-७५/शम्भु विक-७६/निर्जन अधिकारी-७६/शिवानी ढकाल-७६/सुमित्रा नेपाल-७६ ।

साथमा सम्पादकीय, दायित्वबोध, कृतिविवरण, वेदवाणी र निराजन तिमल्सिनाको स्थायी स्तम्भ आदि ।

'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ इलाम पुस्तक पसल- इलाम - ०२७-५२०४२३
२ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर- दमक, झापा - ०२३-५८४१२५
३ मैनाली पुस्तक भण्डार- विराटनगर, मोरङ - ०२१-५२१९२६
४ मुनाल पुस्तक भण्डार- गाईघाट, उदयपुर - ०३५-४२०१२५
५ सीता नोवल- लाहान, सिराहा - ०३३-५६००२७
६ न्यू परजुना स्टेशनरी- सिन्धुली - ०४७-५२००२५
७ श्रीराम पुस्तक पसल- लालबन्दी, सर्लाही - ०४६-५०१५८९
८ मिलिजुली पुस्तक तथा स्टेश्नरी- मन्थली, रामेछाप - ०४८-५४००८३
९ जे. एन. पुस्तक पसल- मन्थली, रामेछाप - ०४८-५४००१०
१० झिगु समाचार पुस्तक केन्द्र- वीरगन्ज, पर्सा - ०५१-५२८९१८
११ न्यू समाचार केन्द्र- हेटौंडा, मकवानपुर - ०५७-५२४०५५
१२ श्री सूचना केन्द्र- हेटौंडा, मकवानपुर - ०५७-५२१७३७
१३ नारायणी पुस्तक सदन- नारायणगढ, चितवन - ०५६-५२१२८०
१४ झरना पुस्तक पसल- बेसीसहर - ०६६-५२०५१०
१५ त्रिपुरा पुस्तक पसल- धादिङ - ०१०-५२०१९०
१६ पत्रपत्रिका स्टेशनरी (लालचन्द्र)- बागलुङ - ०६८-५२०१८४
१७ सगुन स्टेशनरी स्टोर्स- म्याग्दी - ०६९-५२००३५
१८ सिर्जना स्टेशनरी सेन्टर- वालिङ, स्याङजा -०६३-४४०३५४
१९ कन्चन प ुस्तक पसल- पोखरा, कास्की - ०६१-५२४४६६
२० गोरखापत्र बाजे- पोखरा, कास्की - ०६१-
२२ हाम्रो पुस्तक पसल- भैरहवा, रूपन्देही - ०७१-५२६५२९
२३ सिटी बुक एन्ड न्युज सेन्टर- बुटवल, रूपन्देही -०७१-५४५२३६
२४ विशाल पुस्तक सदन- बुटवल, रूपन्देही - ०७१-५४६५५९
२५ जनता बुक स्टल- घोराही, दाङ - ०८२-५६०२६९
२६ न्यू प्रभात पुस्तक पसल- सुर्खेत - ०८३-५२००७५
२७ न्यू अर्याल पुस्तक पसल- भुरिगाउँ, बर्दिया - ०८४-४०३००६
२८ महाकाली समाचार केन्द्र- महेन्द्रनगर, कन्चनपुर

हाल काठमाडौंमा थप भएका पसलहरू

१. कमल स्टेशनरी, सिफल-९८४११८५४७२
२. न्यू कविना बुक्स, कोटेश्वर-४६००१६७
३. कवि स्टेशनरी, मन्डिखाटार-९८४१३१३२९३
४. मञ्जुश्री बुक्स, नयाँ बानेश्वर-४४८५३०२
५. न्यू विएन बुक्स, चाबेल-९८४१३७०७५०
६. ध्रुव बुक्स, डिल्लीबजार-४४३३२०१
७. टङ्केश्वर इन्टरप्राइजेज, कालिमाटी-४६७०३६२
८. विधा बुक्स बौद्ध-४९१६६८४
९. बौद्ध बुक्स बौद्ध -४९१६५५८
१०. पुस्तक सेन्टर अद्वैतमार्ग पुतलीसडक -४२६६७८०

आधार दायित्व हुन्

■ हेमराज अधिकारी

टाढा पुग्नुछ पाइलो प्रथम यो चालेर गन्तव्यमा
यात्रा जीवन हो पुगिन्न नहिँडी उद्देश्यमा लक्ष्यमा
बाधा छन् व्यवधान छन् तर यहीँ कर्तव्य दायित्व छन्
पाखा पर्वत फाँट छन् सरसिला शृङ्गार सौन्दर्य छन् ।
॥१॥

छन् खोला खहरे पवित्र हिमका छन् ताल झर्नाहरू
पन्छी छन् कति वन्यजन्तु लहरै देखिन्छ हिँड्दा अरू
मान्छेका श्रमशील हात सबको देखी चमत्कार त्यो
सिङ्गै सृष्टि सजाउने हृदयमा उम्लिन्छ उल्लास यो ।
॥२॥

धर्ती सिञ्चित गर्दछन् बगरमा छन् लाख लाखौं नदी
पानी जीवन हो अमूल्य धन हो प्यूँछन् र बाँच्छन् कति ।
मानै या अपमानका र पदका भोका पुरस्कारका !
मान्छे दम्भ घमण्ड बात ननिका गर्छौं अहङ्कारका ।
॥३॥

गर्छन् बादल वृष्टि यो भुवनमा माटो भए उर्वरा
मीठा छन् फलफूल अन्न रसिला छन् सृष्टिका आँकुरा ।
माटामा जल सिञ्चिएपछि भइन् धर्ती हरा श्यामला
तन्वङ्गी ! अति कोमला रुचिकरा माता तिमी शीतला ।
॥४॥

गर्छ्यौं सन्ततिका निमित्त धरणी निर्वाह दायित्व यो
धर्तीको उपकार भुल्छ कसले ? बिर्सन्छ दायित्व जो ।
सारा सृष्टि लता कथा प्रलयका हुङ्कार दायित्व हुन्
सिङ्गै मानव सभ्यता जति उठे आधार दायित्व हुन् ।
॥५॥

●●

संस्मरण

हवाइयात्राका रोमाञ्चक क्षणहरू

■ नरेन्द्रराज पौडेल

अन्ठाउन्न साल साउन दोस्रो हप्ताको कुरा । पोखराको सिडीओबाट विशेष प्रहरी विभागमा काजमा सरुवा भएथ्यो । दक्षिण गेटको सीधै अगाडि रहेको चन्द्र शम्सेरको घोडा तबेलामा त्यो विभाग रहेछ । बसेर कामकाज गर्दागर्दै तीन महिना पनि बितेछन् । तिनै तीन महिनाभित्रै दशैँ तिहार अनि छठको रमझम पनि सकियो । कार्तिकको दोस्रो हप्ता काजअवधि सकिएछ । अनि मन्त्रालयकै खटनअनुसार जनकपुरको सिडिओको लागि सरुवापुर्जी लिएर एअरपोर्टतिर लागेको थिएँ । दुईचार दिन अघिदेखि धाम्मधुम्म गर्दै आएको मौसम हिँड्ने बेला सिमसिम पानीमा वर्षिन थाल्यो । लौ राम्रै साइत पऱ्यो भन्ठानेर बाटा लागेको । एयरपोर्टको प्रतीक्षालयमा भित्रिएपछि दुईचार जना पहिल्यै चिनेका यात्रु भेटिए । गफका साथी त खाली भएनन् तर चिसा कुर्सीमाथिको लामो कुराइले सर्वाङ्ग सिताङ्ग बनायो । पेट गडबडाएर हल्ला बोल्न थाल्यो । बेला कुबेला महँगो कफीसपमा चुस्किँदै र परिचितहरूसँग गफिदै पट्यारिलो समय बिताएको थिएँ । सवाघण्टा कुरेपछि बल्ल टर्मिनलबाट बोलावट आएथ्यो । बोर्डिङ पास देखाउँदै ह्वात्त बाहिर निस्किँदा त एकदमै पो दच्कायो जाडोले ।

"हैन, कात्तिके झरी पनि यस्तो मापाको हुँदा रहेछ ! कान्ले गेडागुडी र डोलखेतको सप्रिएको धानबाली लडाएर सोत्तर पार्न आएको मोरो झरी ! असमयमै फेरि कस्तो जाडो पलाएको हो यो ?" आपसमा कुरा गर्दै र कटकट दारा बजाउँदै हामी यात्रुहरू हवाइजहाज भएतिर लागेका थियौं ।

छोरा पुरुले टिकट बन्दोबस्त गरिदिएको । आफूले पहिले त हेरेको पनि थिइनँ । एयरपोर्ट पुगेपछि मात्रै थाहा भो, सीता एयरको सारै सानो पुन्टे जहाज फेला परेछ त्यस दिन । काठमाण्डू विमानस्थलबाट उडेकामात्रै थियौँ । मनहरा तरेदेखि नै जहाजले नराम्रोसँग ढल्पल गर्दै बडो कठिनसँग उचाइ लिन थाल्यो । अलि बेरअघिसम्म थुङ्गा केस्रा बनेर आकाश सजाइरहेको बादल एकैछिनमा बेहद बाक्लिदै र चारै दिशा ढाकेर फैलिँदै गयो । केही छिनमा जुराहरू ठड्याउँदै आइलागेर हाम्रो पिलन्धरे पुतलीमार्का जहाजसँग लुकामारी खेल्न थाल्यो । साँगामाथि पुग्दासम्म त काँठका गाउँबस्ती र चन्द्रागिरि वरपरका डाँडाकाँडा झल्याकझुलुक देखिँदै पो थिए, तर साँगा नाघेपछि भने अत्यास लाग्दोगरी बादलभित्र पसेर एकाएक पुण्टेजहाज त जमिनी दृष्यबाट बेपत्तै पो भयो । कुनै डाँडा, चुचुरा थुम्का खोला केही नदेखिँदा र प्लेनले हल्लाउदै तलमाथि गरिरहँदा यात्रुका अनुहार पहेलिँदै सन्त्रस्त बन्दै र वैलाउँदै थिए । आधुनिक प्रविधि र संयन्त्रको कमै प्रयोग गरिने पुरानो पुस्ताको जस्तो त्यो जहाज आकारअनुहार देख्तै भरपर्दो लागिरहेको थिएन । त्यसमाथि बाक्लो बादलभित्र महाभारत लेकमाथि मुसलधारे वर्षा खेपिरहेको बेला जहाज हराएको सूचना जारी हुनेमा पर्ने त होइन ? मन भरङ्ग भएर त्यत्तिकै सशङ्कित र धुकचुक हुन थाल्यो । चाहिँदा नचाहिँदा शङ्का उपशङ्का मनभरि चल्मलाउन थाले । यो कात्तिकमासमा पनि किन पानी परेर लडाएका ? बाफिला आक्रोशहरू निरर्थक धुवाउँदै थिए मनमा । त्यतिबेरै त्यस्तैखाले अरूअरू सम्झनाहरूले पनि एकोतार खुरुन्धार गरेर दिमाग गिजोल्न थाले ।

त दिमाग अनियन्त्रित अरबी घोडाझैँ पैइयाँ ठोकेर कता कता बुर्कुसी मार्दै थियो । मनमा

शुभ-अशुभ, राम्रा-नराम्रा तरङ्ग चल्दै थिए । थोरै समयभित्र फ्ल्यासब्याकमा थरीथरी दुर्घटनाका भयावह दृश्य देखिएझैं कतिथरी कुरा आएका मनमा ? दिमाग थेग्नै नसकेर फुट्लाजस्तो भयो। यत्तिकैमा चालीस सालतिर स्थानीय विकास अधिकारी भएर आफू अछाम बसेको झट्ट संझिएँछु। त्यतिबेर पनि अफिसियल कामविशेषले अछामबाट नेपालगन्ज जाँदा यस्तै रोमाञ्चकारी हवाइयात्रा भएथ्यो ।

चैतको महिना जाँदो थियो । दिनको तेस्रो प्रहरतिर मङ्गलसेनबाट साँफेबगरको एयरपोर्ट झरेको थिएँ । केही बेर अघिदेखि नै ठाउँठाउँमा भुमरी परेर बेगले हुरी चल्दै थियो । पतपती बाक्लो धुवाँझैं बूढी नदीकिनारमा बालुवाको मुस्लो उठेर जमिन ढाकेको थियो । वरपरका बडेबडे बरपीपल, सल्लो, बाँझलगायत वृक्षवनस्पतिहरू बेतोडसँग हल्लिरहेका देखिन्थे । निकै बेगले हावा लाग्दालाग्दै जहाजभित्र बोलाइ पो हाले स्टेशनमाष्टरले । नाकमुख छोपेर हुर्रिदै हामी यात्रुजति बल्लतल्ल जहाजभित्र चड्यौं । हुरि बिदो नभएसम्म त पर्खने होला भन्ने सोचेका थियौं यात्रुहरूले । तर क्याप्टेन साबले रन्वेमा दौडाइ पो हाले र हुत्तै उडाए पनि । हावाहुरी लाग्दालाग्दै उडेको त्यो ट्वीनअटर जहाज भुइँ छोड्ने बित्तिकैदेखि चुच्चो तेर्स्याएर चड्गा झैं बत्तिन थाल्यो । हावाकै गतिमुताबिक हुत्तिँदै सैसोला खेलाएर तलमाथि वम्पिङ गर्दैगयो । भ्यालबाहिर पृथ्वीआकाश सबैतिर एकछत्त धुलोबाहेक केही देखिन्नथ्यो । जहाज भने कोको झैं भएर कुइरीमण्डल आकाशमा वरपर तलमाथि हुर्रिदै गर्दथ्यो । कतिबेर कहाँ कुन डाँडोमाथि या रुखको टुप्पामा बजारिएर हाम्रो इहलीला समाप्त पार्ने हो भन्ने भयले आकुलव्याकुल भयौं सबै यात्रुजति । आसन्न मृत्युबोधको पीडा र दुश्चिन्ताले कतिपय बच्चा महिलाहरू रुनकराउन थाले त कोही भगवान्को नाम लिएर गुहार्ने भए । धेरैजसो यात्रु उत्तिबेरै पसिनाले लथपथ अनि पहेला अनुहारका भैसकेका थिए । आँखा रसिला बनाएर चालक क्याप्टेनलाई गुहार्न थाले कोही चाहिँ ।

जहाज उडेको अलि बेरपछि नै मेरो सिटैनिर बसेका अछाम अस्पतालका डाक्टर सुशील झा अलि बढी नै हडबडाएका थिए । उनी राजधानीको सुरक्षित ठाउँमा बच्चा जन्माउने हिसाबले दोजिया श्रीमतीलाई साथमा लिएर काठमाण्डू जान उडेका रहेछन । बिचराकी तराइवासी गृहिणी उतिसारो जहाज न चढेकी रहिछन् क्यार ! उड्दैखेरी आत्तिएझैं गरेर छटपटाउन थालेकी थिइन् । उनको अनुहार जहाजले भैं छोडेदेखि नै सोहोरिँदै र मुखको कान्ति मलिन बन्दै रातो वर्णमा रूपान्तरित हुँदैगएको थियो । यता महाभारत पहाडमाथि चडेपछि जहाज भने झन्झन् ढल्पलाउँदै, तलमाथि गरेर अनियन्त्रित भयो । यात्रुहरूलाई सिटबाट कहिले कोल्टो पारेर भ्याँक्तै कहिले उफार्दै र थचार्दै गर्न थाल्यो । घरी यता पल्टिँदै घरि उता कोल्टिँदै गरेको जहाजमा डाक्टर झा र म भने आत्तिएर बेहाल भएकी उनकी श्रीमतीलाई समाल्दैमा आजित भएथ्यौं । जहाजको गतिविधिबाट भयाक्रान्त भएर रुवाबासी गर्नेमा अरू पनि धेरै थिए । तर आसन्नप्रसवको कारणले गर्दा यी महिलाको अवस्था अरूको भन्दा कष्टकर र असह्य लाग्दथ्यो । यिनका पतिले भरमग्दुर प्रयत्न गरेर समालिरहेका थिए । थप मद्दतको लागि मैले पनि आफ्नो सिटै छोडेर धुरा लाग्नुपर्‍यो । त्यति बेर आफू पनि डराए झैं गर्ने त चान्स नै रहेन, न त फुर्सद नै भयो । अरूका हालत हेर्ने र आफ्नो देखाउने पनि अवसर मिलेन ।

नेपालगन्जतिरको बाटै देखिएन छ क्यार ! धेरै बेरसम्म आकाशमा पिङ खेलाएर जहाजले रमिता गर्न थाल्यो । समय घस्रिदै गरेर व्याकुल यात्रीहरूलाई अझ सन्त्रस्त बनाइरहेको थियो । निकै बेरपछिमात्र बर्दिया राष्ट्रिय निकुञ्जको ठाकुरद्वारामाथि निस्किएथ्यो । यता निस्किँदा पनि अझै हावाका शक्तिशाली धक्कामुक्का खान छाडेको थिएन । तै जहाज भने निकै मजबुत रहेछ । कसो हावाको बेगले हिर्काउँदा बम्पिङ गर्दै रुखका टुप्पा डाँडापहरातिर जोतिन पुगेन । चट्याङले भेटेर कसो आकाशमै चकनाचूर भएन ! ठाकुरद्वारामाथि निस्किएपछि तराईका खोला

जङ्गल जमिन राम्रैसँग देखिए । गति पनि अलि नियन्त्रित भएकाले जहाज सकुशल उत्रिने विश्वास बढ्दै आयो । महिला केटाकेटीहरूमा अत्यास र रुवाबासी अलि कम भयो । निकुञ्जको जङ्गलमाथि दुईतीन पटक कावा खाएर बल्लतल्ल पूर्वतिर सोझियो र तलतल ओर्लिदै गर्न थाल्यो । अनि रोकिनसक्नु पाराले प्रचण्ड बेगसाथ बत्तिएर झन्नै जमिनमा बज्रिदै गड्याङ आवाजसहित खजुरा एअरपोर्टमा उत्रियो । अझै फेरि एक पटक यात्रुहरूको सातो लियो मोरो ट्वीनेले । कतिपय यात्रुहरू भने अझै डराउँदै थिए र टाउको ठोकेर रुँदै जहाजबाट निस्किएका थिए । अगिपछि बत्तीस मिनेट लाग्ने बाटो पार गर्न त्यस दिन ठ्याक्कै पौने घण्टा लागेछ ।

त्यसै घटनाको सम्झनामा म पनि दिमागी पिङ खेल्दैथिएँ यतिबेर । निकै मजबुत स्टिलबडीको गरुङ्गो खाले ट्वीनअटर जहाज थियो उतिबेर साँफे बगरबाट उडेको । तर अहिले आफू चढेको सीता एयरको जहाज प्लाष्टिक मोरेको प्लाइउडको किस्तीजस्तै अत्यन्त हलुका लागिरहेको थियो । आफूले बेलाबखत पढेसुनेका हवाइदुर्घटनाका एक एक फेहरिस्तहरू दिमागमा फिँजारिन थाले । अनेकथरी बेछूकका शङ्का संशयहरू मनभित्र हुँडलिँदै गए । चेतनाभित्रको समय चल्न छोडेर घस्रिन थाल्यो । जतिपटक हेऱ्यो घडीको सुई त्यहीँको त्यहीँ । बाहिर जति हेरे पनि कुहिरो बादल मुसलधारे वर्षामात्र देखिन्थ्यो जतातते । केही छिन मनभित्र धुकचुक पालेर बिताउँदै अनि बेलाबेला कष्टपूर्वक आँखा चिम्लिएर योगाभ्यास र धैर्य गरेको थिएँ ।

निकै बेरपछि जहाज चल्दैगरेको सतहबाट छ्यारारार्र गरेको आवाज आयो । यसो भ्यालबाट बाहिर हेरेको अलि फाटेछ कालो बादलको मेहेरो । महाभारत पहाड नाघेर चुरेतिर ओर्लिदै रहेछ हाम्रो जहाज त । झल्याकझुलुक खोला जङ्गल देखेपछि बल्ल अलि सास पलायो । अगिसम्म अत्यासले बढेको मुटुको ढुकढुकी सामान्य भयो । नियालेर तल हेर्दा तराईको बिहड जङ्गल कतैसम्म फाँट र थोप्लाथोप्ली बस्ती, हरिया खेत र बाढी भरिएका नदीहरू बादलसँग लुकामारी खेल्दै गरेका देखिए । अब जेसुकै भए पनि धर्तीमाताको काखको नगिच आइयो भनेर खुसीको सीमै रहेन । तर चुरेका पत्रे डाँडाहरू नाघेर तराइतिर ओर्लिन थालेपछि जहाज झन्सारो मच्चिन र तलमाथि सैसला खेल्न थाल्यो । सबार बच्चा बूढाबूढी भने अब झन् डराउने भए । मोटाघाटा प्रौढ व्यक्तिहरूको त सातै गएझैं लाग्दथ्यो । कान दुखेर बसिखप्नै भएन । घरिघरि घुम्दै मच्चिदै घरि फन्का मार्दै र बादलका जुराहरूलाई रैफाँडो पारेर लतार्दै, कहिले चुच्चाले ठुङ मारेर पखेटाले बजाउँदै र कतै छेकारो मार्दै पुन्टे जहाज स्वाइँस्वाइँ तल झऱ्यो । यात्रुहरू वाक्कव्याक्क गर्दै फेरि कोकोहोलो मच्चाउन थाले । वायुबेगले हुर्रिएको जहाज खेतबस्ती नाघेर बल्लतल्ल जनकपुर एअरपोर्टको धावनमार्गको छेउमा पुग्यो । भित्रका यात्रीहरू अझै उकुसमुकुसमा थिए । बाहिरको जमिन देख्नेबित्तिकै हतार गरेर सिटबेल्ट खोल्न थालेछन । जहाजलाई चित्त बुझेनछ कि कसो हो, पहिले धावनमार्ग किनारको जमिनमा पाङ्ग्राले टकक्क छोइहेऱ्यो अनि रिसाएझैं फुत्त उड्दै र ड्वाङ्राङ्ग आवाज गरेर धावनमार्गमा बज्रिदै र फेरि उछिट्टिएर माथितल जमिन टेक्तै उपद्रो गर्न थाल्यो । एक पटक सबै यात्रुको फेरि सातो लियो मोराले । मकै भुटेझैं यताउति छरिएर कुम,पुर्पुरो,नाक र घुँडा ठोक्ने परेछन् सबैजसो यात्रु । सिटको बारामा टाउकै जुधाउने भने धेरै परेछन् । बच्चाबच्ची चिच्याएर वातावरण कोलाहलमय बन्यो । हुँदाहुँदै बल्लतल्ल धावनमार्गको पल्लो छेउमा रोकिएर जहाज बिसौनीतिर मोडियो र एक छिनपछि टक्क अडियो । अवतरण स्थलमा पुगेर सकुशल उत्रिएपछि बल्ल आफ्नो पनि आङ हलुको भयो । उडेदेखि धुकचुक भएर धमिलिएको अनि बेलाबेला भ्याँक्किएको मन यति बेर आएर बल्ल छ्याङ्ग खुलेथ्यो । जहाजबाहिर निस्किँदा सबै यात्रुहरू पसिनाले लथपथ अनि सातो उडेर भयग्रस्त फुङ्ग अनुहारका देखिन्थे ।

त्यस्तै छयसट्ठी साल भदौमा छोरीज्वाइँ भेट्न अमेरिका गएको । कोरियाको इन्चन एयरपोर्टबाट बेलुकी उडेको कोरियन बोइङ जेट रातभरि प्रशान्त महासागरमाथि कावा खाँदै हलुकासँग चल्दै गयो । बिहानी उज्यालो हुँदानहुँदै सन्फ्रान्सिस्को एअरपोर्टको पचास माइल नजिक पुगिसकेछौँ । टिभीस्क्रीनले फोटोसहित नक्साहरू देखाउँदै एनाउन्स गर्दै पनि थियो । तर एकाएक अचम्म भयो । बाहिर हेर्दा लगातार उही बादलका जुरा उही खाडी र उही सहरमात्र देखिन थाल्यो । एकानासले आफ्नै रफ्तारमा चलिरहेको जम्बोजेट त एकाएक रोकिएर स्थिर बनेझैँ भयो । हामी जिल्ल परेर अक्कनबक्क भयौँ । मनमा नानाभाँती आशङ्काका टुसा पलाउन थाले । झ्यालमा बसेकी सावित्री भन्दै थिइन्– "हँ नँ आकाशमा उड्दो हवाइजाहाज पनि रोकिन्छ कि क्या हो, भैंमा बस रोकिए झैँ ?"

धेरै बेरदेखि उनी झ्यालबाहिर उठ्तै हराउँदै गरेका बादलका बडेबडे सेता पहाड र आपसमा चल्दै लठारिदै गरेका कुहिरोका मुस्लाहरू देखेर छक्क पर्दै थिइन् । मुनितिर झल्याकझुलुक देखिने नीलो समुद्रका भँगाला, खाडी, चट्टान र डोविल्काहरू हेर्दै अचम्म मान्दै पनि थिइन् । म पनि उनैसँगको सहद्रष्टा बनेर बाहिर हेर्दै थिएँ । साँच्चिकै एकै ठाउँमा स्थिर भएर जहाज अडिएजस्तो लाग्यो । म पनि अलि हडबडाएर कताकता भावुक बन्दो भएँछु । हामी अज्ञात सुदूर प्रदेशका लावारिस यात्री, कतै छलछाम त हुँदै छैन हामीमाथि ? सावित्रीको चेहरा प्रश्न गर्दै थियो । प्लेन अवतरण गर्न सकिरहेको छैन भन्ने आशङ्का बढ्दै गयो हामीमा । उच्चाट लाग्दो लामो रात प्रशान्त महासागरमाथिको महाशून्यमा घोरिएर बिताइयो । अहिले धर्ती र उज्यालो देखिएसँगै गन्तव्य पनि आइपुग्ने बेलामा फेरि यो के आपत्ति आइलाग्दै छ हामीलाई ? सावित्री मलाई सोध्न थालिन् । दुई दिन दुई रात लगाएर यति धेरै टाढा आइसक्यौँ हामी । तर किन तनाव दिइरहेछ यो समुद्रले, यो जहाजले ? चक्का खुलेन कि ? हाइड्रोलिक ग्यास लिक भएछ कि ? ब्रेक ठीक छैन कि ? तेल सकिएर ग्लाइडिङ गर्दैछ कि यत्रो भीमकाय जहाज ? किन उत्रिदैन आफ्नो अवतरणक्षेत्रको पहिचान गरेर ? हामी मनमनै यस्तै प्रश्न खेलाउँदै अलमल्ल परीरह्यौँ । टावर देखियो । अडिएजस्तो जहाज बिस्तारबिस्तार सर्दै गएर एअरपोर्टको आसपास पुनः घुमिरहन थाल्यो । हामीले जति चिन्ता चासो लिए पनि वास्तवमा जहाज उत्रिन सकिरहेको थिएन । घरि तल झरेर सानफ्रान्सिस्को सहरलाई परिक्रमा गर्छ त घरि सल्लेरिको जङ्गलभित्र छिर्लाझैँ गर्छ । घरि सुइँइँय उँभो लागेर सन्फ्रान्सिस्को र बर्क्लेका डाँडाहरूमाथि कावा खाइरहन्छ । कतै यो जहाजको पनि अपहरण पो भयो कि ? अपहरण भए कोबाट हुन सक्छ ? तालिबानी, उत्तरकोरियाली, इराकी या ल्याटिन अमेरिकाका कुनै आतङ्कवादी सङ्गठनहरूमध्येबाट हुनुपर्छ । ब्रेक फेल भएर फोर्स ल्यान्डिङ गर्नुपरेको पो हो कि ? त्यसो भए जमिनमा दमकल एम्बुलेन्स ल्याउने तयारी हुँदैछ होला । या पाङ्ग्रा नखसेर अवतरण हुन नसक्दा फोम बिच्छ्याउने दमकल मेडिकलको व्यवस्थापन गर्ने कार्य हुँदैछ कि ? इन्धन लिक भएर यस्तो त नहुनुपर्ने हो । एटलान्टिक महासागरमाथि उड्दाउड्दै इन्धन चुहिएर टङ्की खाली भएपछि ग्लाइडिङ गर्दै समुद्र किनारको सानो द्वीपमा केही वर्षअघि जवर्जस्ती अवतरण गरेको फ्रेन्च विमानको कथाव्यथा सम्झन्छु । टिभीमा हेर्दा पनि अत्यन्त तनाव दिएथ्यो त्यो दृश्यले मलाई । यहाँ त त्यो अवस्था त आएको देखिँदैन ।

'आकाशको डर' एउटा इजरायली पाइलटको आफूले कतै पढेको काल्पनिक कथा सम्झन्छु । वरिपरिका सबै यात्री टोलाइरहेका छन् । कोही साँक्कसुँक्क गर्दै पनि छन् । परिचारिकाहरू सिटबेल्ट बाँधेर हलचल नगरी बस्न भनिरहेका छन् र उनीहरू पनि अँध्यारो मुख लगाएर आआफ्नो स्टेशनमा थुपुथुपु बसिरहेका छन् ।

'अपहरण भएकै भए अपहरणकारीले जे जे भन्छ, त्यही गर्नुपर्छ । हलचल गर्नुहुन्न । बोल्नुहुन्न ।

सोधे परिचय दिनुपर्छ । फोर्सल्यान्डिङ भए जमिनमा उत्रिँदैमा भ्याल फोरेर फुत्त भाग्नुपर्छ । पछाडिको सिट परेकाले हामीलाई सजिलो हुन सक्छ । साथमा मार्तोल घन छिनो कैंची केही भए यतिबेर काम लाग्ने थियो । तर हामी पूर्णरूपमा निशस्त्र निहत्था छौँ ।'

नेपाली भाषामा हामी दम्पतिको गन्थन चल्दै थियो । अलि पल्लो सिटका नेपालीजस्ता देखिने प्रौढजोडी अलमल्ल परेर सन्त्रस्त आँखाले हामीतिर हेरिरहेका थिए । पछाडि सिटका नानीहरू पनि साँक्कसुक्क गर्दै थिए । अपहरणकारीहरूसँग ककपीटमा वार्ता हुँदै छ या फोर्सल्यान्डिङको लागि जमिनमा तयारी हुँदैछ । केही त पक्कै हुँदैछ होला । यस्तै तर्क गरेर जबर्जस्ती मनलाई समाल्न खोज्दै छौँ हामी दम्पति । सुदूर हिमाली राज्य नेपालको सीपा पोखरे-बडरेमा जन्मे हुर्केर तनावविहीन जीवनको पाँच दशक पार गर्न लागेका हामी दम्पति आज टाढाको अनकन्टार आकाशमा आइपुगेर सङ्कटग्रस्त बनेकोमा सारै दुःखी छौँ । नियतिको खेल या भाग्यको झेल, के भनौं यसलाई ? सान्ताक्रुज पहाडको टुप्पो छेडेर प्रशान्त महासागर पसेको खाडी रहेछ सन्फ्रान्सिस्को बे । खाडी वरपरका पातला गाउँ, बाक्ला सहर, घुइँचो लागेका पानीजहाज, सल्लेरीका घना जङ्गल हेर्दै हेर्दै खुब चक्कर लगायौं आकाशमा ।

पौने घण्टा जति डाँडाकाँडा, बस्तीबजार, खाडी जताततै फन्का मारेर आजित भएको जहाज कुहिराको चिराभित्र सरक्क पस्यो । अनि अलि घुमैंलो दोछाँया परेजस्तो रुट लिएर जमिनमा सरक्क ओर्लियो र धावन मार्गमा दौडिन थाल्यो । हामीले ढुक्क भएर लामो सास फेर्दै भगवान्को नाम लियौं । अमेरिकी जमीनमा उत्रिएका छौँ । अपहरण भएको पक्कै होइन रहेछ, मनमनै भन्दै पनि रहेछौं । भ्यालबाट बाहिर हेर्दा सल्लेरीमा घाम र कुहिरोको लुकामारी चल्दै गरेको देखिन्छ । विशेष तयारी केही छैन । फोर्स ल्यान्डिङ पनि अवश्य होइन । यस्तै के के सोच्दासोच्दै जहाज रनवे पार गरेर रोकिएथ्यो । तैपनि सिटमै बसिराख्नु भनेथे परिचारिका नानीहरूले । फेरि मनमा आशङ्काका बादलहरू मडारिन थाले ।

लामो यात्रा अनि अवतरणमा ढिलाइ भएर तनावग्रस्त बनेको मनलाई स्थिर, शान्त बनाउन यात्रुहरूलाई दश पन्ध्र मिनेट रोकिएको रहेछ । अरू जहाजमा पनि यस्तै हुन्छ रे भन्थे नानीहरूले । जहाजहरूको घुइँचो र कुहिरोले एयरपोर्ट भरिएको हुँदा अवतरणमा ढिलाइ भएको जानकारी पाएथ्यौं । सुन्दा साधारण लाग्ने कुराले पनि निकै असाधारण आपत्ति खेला बनेर अत्याएथ्यो हामीलाई ।

अमेरिकाको बसाइ सकेर घर फर्कने क्रममा थियौं । असौजको महिना थियो । नेपाली समय दिनको साडेएघार,बाह्र यस्तै थियो होला । थाइबोइङ विमान चडेर बैंककबाट नेपाल फर्किँदै गर्दा बङ्गालको खाडीमाथि मन्सुन सक्रिय भएर अन्धाधुन्द वर्षा हुँदै रहेछ । बर्मा, कलकत्ता, बिहार हुँदै कुहिरो र बादलमाथि लुकामारी खेल्दै तल उमठिएका नदीनाला हेर्दै नेपालको तराई उत्रिसकेछौं । कालो बादल निकै बाक्लो चाक्लो र जताततै लमतन्न फैलिएको देखिन्थ्यो । एकाएक भट्टेडाँडा देखा पऱ्यो । सहयात्रीलाई औँलाले देखाउँदै थिएँ । एकै छिनमा घुमैंलो विमानस्थल पनि देखियो र देउराली डाँडा काटेर जहाज तलतल ओर्लिन थाल्यो । यतिबेर साँच्चिकै घर आइपुगेजस्तो लाग्दैथियो । यताका नाति नातिनी, छोरी भेट्न औधि आतुर थिइन् सावित्री । महिनौंसम्म बज्यैको न्यानो काख नपाएर निस्ताएका बच्चाहरू कति आतुर थिए होलान् त्यतिबेर भेट्न ? तर यता हाम्रो नियतिले फेरि अर्कै खेला देखाउन थाल्यो । एयरपोर्ट ताकेर अवतरण गर्नै लागेको थाइजहाज एकाएक छुच्चो च्याखुरो जुध्न खोजे झैँ चुच्चो ठड्याएर धावनमार्गको सीधै माथिबाट उँभोलाग्दै सिउपुरीतिर पो सोझियो । अनि अलि बेरमै कुइँक्क घुमेर फरक्क फर्कियो र कालो बादल र कुहिरोभित्र कता हरायो कता । तलतल जानुपर्ने जहाज त माथि पो लाग्यो । के अचम्म !

'ठूलो जहाजको लागि काठमाण्डू खाल्डो वास्तवमै राम्रो अवतरणस्थल होइन रहेछ ।' मनमनै भन्दो रहेँछु । अलि वर्षअघि भट्टेडाँडामा ठोकिएको पाकिस्तानी जहाज र घ्याङफेदीमाथि डाँडामा बज्रिन पुगेको थाइ विमानका दुःखान्त दुर्घटनाहरू सम्झिँदो रहेँछु । सहयात्रीको अनुहारतिर हेर्छु, विषाद, आशङ्का र अनिश्चयमा अल्झिएको मनको अभिव्यक्ति स्पष्टै झल्किरहेछ । अरू यात्रीहरूतिर आँखा दौडाउँछु, सबैतिर भय त्रास र आशङ्काले तिल्मिलाएका अनुहारमात्र देखिन्छन् । हाम्रो सीटमै सटेर बसेकी कोरियन युवतीमा भने त्यति सारो परिर्वतन पाइएन । उनी ढुक्कसँग आनन्दले बसिरहेकी थिइन् ।

'कसैको माथि कुभलो हाम्रो मनमा थिएन ।'

यतिबेर महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनभित्रको कथन सम्झन्छु । वास्तवमै हामी दम्पतिले पनि जानेबुझेसम्म कसैको कुभलो गरेका थिएनौँ । थाहा पाएसम्म जालझेल, प्रपञ्च, प्रवञ्चना र ठगी गरेनौँ । सकेसम्म कहिल्यै कसैलाई सताएनौँ, कसैलाई रुवाएनौँ । मान्छेहरूको भनाइमा राम्रै दानी, गुणी र सन्मार्गी भनेर कहलाएका थिए पितापुर्खाहरू । राम्रै हैसियतको परिवारमा जन्मिएर, राम्रै संस्कार लिएर, राम्रै खानपान शिक्षादीक्षा पाएर हुर्केका थियौँ । राम्रै रोजगारी समातेर इमानदारी पूर्वक कामकाज फत्ते गरेका थियौँ । आफ्नै परिश्रमको कमाइले जहाज चढेका थियौँ । तर किन बारम्बार हामीलाई सताइरहेछ यो आकाशले ? किन गिज्याइरहेछ यो यात्राले ? अस्तिन सन्फ्रान्सिस्कोमा उत्रिनुअगाडि पनि कोरियन जेटले पौने घण्टा आकाशमा घुमाएर तर्साएथ्यो । आज फेरि आफ्नै जमिनमाथिको आकाशमा उही गतिविधि अझै चिच्च्याहट लाग्दो बनेर दोहोरिँदै छ । किन जिस्क्याइरहेछ, किन विच्क्याइरहेछ यो हवाइयात्राले हामी दम्पतिलाई ? उत्रनैलागेको जहाज रन्वेमाथिबाट फनक्क फन्का मारेर बादलभित्र हराइदिँदा एयरपोर्टमा कुरिबसेका बच्चाबच्चीहरू कति आत्तिए हुनन् बिचरा ! के होला कसो होला भन्ने अत्यासले मनमनै टिठ लाग्दै थियो । विधिको विडम्बना हो कि नियतिको खेल भनेर असाध्यै नराम्रोसँग मन कुडिँदै थियो । आँखा अन्जानमै रसाइरहेका थिए

बाङ्गिदैटिङ्गिदै घरि हरिया डाँडाहरू चुम्न खोज्दै, घरि ठाडो परेर सुइँय उँभोउँभो लाग्दै कताकता हराइरहेथ्यो हाम्रो जहाज, धेरैबेरसम्म पत्तै भएन । बादल फाटेको बेला कतै मैलोधैलो बाढीमा उर्लिएका खोलानाला, कतै फाट्टफुट्ट हरिया जङ्गल, आधासरो डुबेका फाँटका टाटेपाटे थोप्लाहरू देखिएथे । तर धेरैजसो समय कालो बादल र बाक्लो कुहिरोभित्रै फन्का मारिरहेथ्यो बोइङ जहाजले । झन्नै आधा घण्टाको बेचैनीपूर्ण अज्ञात यात्रापछि अलिक बादल फाटेको उघारो ठाउँमा निस्कयो । यसो जमिनतिर हेरेको त फेरि उही भट्टेडाँडामाथि पो आइएछ । यतिबेर थाहा भयो– अघि बस्न नसक्ता काठमाण्डू उपत्यकामाथि फन्का मार्दै जहाज त फेरि तराईतिरै फर्किएको रहेछ । देउराली डाँडामाथि आएपछि कर्कपिटबाट दोस्रोपल्ट एनाउन्स भयो–

'मौसमको खराबीले अघि अवतरणमा ढिलाइ भएको थियो । अब दश मिनेटभित्र जहाज अवतरित भइसक्छ ।' अचानक सुन्दा प्रत्येक शब्दहरू हर्षका जाहीजुही र नीलकमल भएर फक्रिए । खुसियालीको सीमा नै रहेन । सहयात्री गृहिणीको अनुहारमा आँखा परे । त्यहाँ अप्रत्यासित स्मित हास्य र हर्षाश्रु भरिएको पाएथेँ । वरपरका अरू यात्रीहरू पनि प्रफुल्ल अनुहारमा ढकमक्क फक्रिएका देखिन्थे । केके न चमत्कार या उटाम्वर भए झैँ यात्रुहरूको बीचमा गाइँगुइँ हल्ला चल्यो निकै बेरसम्म । नभन्दै जहाज पनि सकुशल उत्रियो । तर हरर फिल्मजस्ता लाग्ने त्रासपूर्ण यात्राका सम्झनाहरू भने भुल्न पाए हुन्थ्योजस्तो लाग्छ जहिलेसुकै पनि । तर कसै गरे एक रत्ति नभुलिँदो रहेछ ।

९८४१६४७१८९, सीपापोखरे ८, सिन्धुपाल्चोक

भन्नोस् आमा ! ईश्वरको न्याय कस्तो हुन्छ ?

■ प्रा.डा. गार्गी शर्मा

छोरी ! ईश्वरमा मानवता हुन्छ,
सत्यता हुन्छ र न्याय हुन्छ
हामीले मानवताको बाटो हिँडेर
उनको अर्चना र आरती गर्नुपर्छ ।

ऊभन्दा माथि कोही हुन्न
ईश्वरमा हाम्रो आस्था हुनुपर्छ
विश्वास हुनुपर्छ
यसैले छोरी ! फेरि भन्छु
मानवताको बाटो हिँड,
उनको पूजा गर,
मन्दिरको प्रदक्षिणा गर ।
त्यहाँ काँडा हुन्न,
अवरोध हुन्न ।

ooo

हुन्छ आमा ! म त्यसै गर्छु
तर, तर उनको पूजा
अनि भक्तिले सबै ठीक हुन्छ ?
यदि ठीक हुन्छ भने
किन ईश्वर आराधनामा तल्लीन भएको बेला
सबै किचिए ?
रक्तदान गरिरहेका
मानवसेवीहरू
किन एकै चिहान भए ?
मानवसेवाकै क्षणमा
यस्तो भयङ्कर बज्रपात ?
के तिनको आराधना
मात्र स्वाङ थियो ?
रक्तदानको नाममा
बिष दिइरहेका थिए ?
पुस्तौं पुस्ताको आस्थाले
पुजिएका देउता र
तिनका घर किन पुरिए ?
के तिनले पहिल्यै
घर छोडेका रहेछन् ?
हामीले मात्र शिला पुजेका रहेछौं ?

भन्नोस् न आमा !
ती देवता कहाँ गएछन्
कहिले गएछन् ?
अनि आज आफ्नो घरसँगै
हाम्रो पनि भत्काइदिएका ?
सेवामा तल्लीन भएको क्षणमा
मृत्युदण्ड दिने !
उनको अदालतको कस्तो निर्णय ?
भन्नोस् न आमा !
सत्य के हो ?
मानव धर्म कुन हो ?
म हिँड्नुपर्ने
बाटो कुन हो ?
ईश्वरको न्याय कस्तो हो ?

❖❖❖

निबन्ध

मृत्यु

■ डा. विश्वदीप अधिकारी

शरीर एक अर्थमा लुगामात्र हो । यो फगत् आत्माको आवरणमात्र हो । सूक्ष्म आत्मालाई शरीरले ढाकेको छ । आत्माको शरीररूपी मन्दिरको हृदयरूपी आसन एउटा जीवनपद्धति हो । आत्माको मृत्यु हुँदैन । यो परमात्माको एउटा अंश हो । पूर्णरूप हो । शरीरको मृत्यु हुन्छ । यो पञ्चमहाभूतको संयुक्त प्रतीक हो । पूर्णरूप हो । शरीरको मृत्यु भन्नु आत्माको लुगा परिवर्तनसम्म मात्र हो । यो एउटा नियमित आकस्मिकता हो । जीवन र जगत्को यथार्थ हो । वास्तविकता हो । शरीर एउटा रथ हो, जहाँ आत्मा सवार भएको हुन्छ ।

चराचर जगत् काल, कर्म र कारणको संयोग हो । मान्छेले यो विशाल जगत्को लागि पाएको समय सारै थोरै छ । आफूलाई प्राप्त स्थान र समयभित्र मान्छेले छिटो-छिटो धेरै काम गरिसक्नुपर्ने हुन्छ । आफूभित्र रहेको देवत्वलाई पत्ता लगाएर बाहिर ल्याउने काम गर्नुपर्छ हरेक मान्छेले । *कोहम्*देखि *सोहम्*सम्मको यात्राको नापो धेरै छैन । जन्मदा म को हुँ भनी कराउँदै जन्मे पनि मर्ने बेलासम्म त्यो प्रश्नको उत्तर थाहा पाइसक्नुपर्छ मान्छेले । मृत्युको 'क्षणमा पुग्दासम्म पनि म को हुँ नै भनी अस्तित्व खोज्दै रहेमा बारम्बार आमाको पेटमा वास बस्न आउनुपर्ने झन्झटबाट मुक्ति मिल्दैन । जीवनयात्राको क्रममा आफू त परमात्मा स्वयं रहेछु भन्ने यथार्थ अनुभूति गरेर *सोहम्*को भावमा मृत्यु भएमा बारम्बारको जन्म र मृत्युको चक्करबाट मुक्त हुन सहज हुन्छ ।

मान्छेले मृत्युलाई डरको रूपमा लिने गरेको छ । मृत्युलाई अपवित्र मान्ने गरिएको छ । कुनै पनि बेला मृत्युको नाम उच्चारण गर्नसम्म पनि मान्छे रुचाउँदैन र मृत्युसँग डराउने गर्दछ । यसलाई सबैले जीवनको खराबीको रूपमा मान्ने गरेको छ । मान्छेले जन्मदाको बखत नै मृत्युको माला पहिरिएर आएको हुन्छ । खासमा मृत्यु न खराब कुरा हो न असल नै । यद्यपि यो जीवनको हार होइन । यो अवश्यम्भावी छ । मृत्युबाट पञ्चमहाभूतको जगत्मा बस्ने कोही पनि मुक्त छैन । मृत्युको रूप नै यस्तो छ कि यो बोलाउँदैमा आउने र नबोलाउँदा नआउने पनि होइन । यो काल अर्थात् समय मान्छेको जन्मको साथसाथै निर्धारित हुने गरेको छ । यो आफ्नै समयमा आउँछ । मृत्यु फाटोग्राफर झैँ लौ तयार होऊ म फोटो खिच्न लागेँ भन्दै हल्ला गर्दै पूर्व जानकारी दिएर आउँदैन । लाने समय ऊ स्वयंबाहेक अरू कोही जान्दैन । खुसुक्क आएर लुसुक्क जाने भए पनि आफू आउने बारेको कुनै सङ्केत नै नदिने भने होइन यसले । यसो हुनाले यो कामपछि गरौँला भनेर राख्नुहुँदैन । सधैँ हरेक क्षण मृत्युको लागि तयारी अवस्थामा बस्नुपर्दछ ।

मृत्युलाई घृणाको भावले हेरेमा यो भाग्ने र प्रेमको भावले हेरेमा छिटै आउने होइन । हुन त मृत्युको समय हरेक मान्छेले आफै निर्धारण गर्ने हो । तर पनि त्यो रहस्य स्वयं मान्छेलाई थाहा हुँदैन । यही नै मृत्युको रूप हो । जन्मेदेखि नै मसान यात्रा प्रारम्भ हुन्छ । हरेक दिन बित्दा उमेर बढेको अनुभूति भए पनि वास्तविकता मृत्युको

नगिच भइरहेको हो । कोही गर्भमै मर्छन् । कोही जन्मनेबित्तिकै मर्छन् । कोही केटाकेटीमा नै मर्छन् । कोही युवा अवस्थामा मर्छन् । कोही प्रौढावस्थामा मर्छन् । कोही वृद्धावस्थामा मर्छन् । कोही सय वर्षको आयु कटाएर मर्छन् । व्यक्तिपिच्छे मृत्युको कालक्रम फरक हुन्छ । कोही सुतेको बेलामा मर्छन् । कोही हिँडेको बेलामा मर्छन् । कोही बोलेको बेलामा मर्छन् । कोही दुर्घटनामा परेर मर्छन् । कोही बिरामी परेर मर्छन् । कोही मारिएर मर्छन् । कोही दुःख पाएर मर्छन् । कोही सुखपूर्वक मर्छन् । यसको निर्धारण मान्छेले आफूले सञ्चित कर्मलाई प्रारब्ध कर्म भोगको लागि लिएर आउँदा भइसकेको हुन्छ । हरेक दिन मसानमा मरेका मान्छे पोल्न, गाड्न जिउँदाले नै लाने हो । यति हुँदा पनि हरेकले मृत्युलाई एउटा अकल्पनीय घटनाको रूपमा लिने गर्दछन् । यसकारणले पनि जन्मको यात्रालाई फेरि नजन्मनुपर्ने गरी टुङ्ग्याउनु आवश्यक छ ।

मान्छेले आफ्नो शरीरलाई नै सबै कुरा ठान्दा मृत्युले मर्ने र उसका परिवारलाई मात्र होइन, समग्र समाजलाई नै पीडा दिने गर्दछ । शरीर शरीरलाई क्रियाशील गर्ने आत्माको एउटा रथ हो । अमर आत्माको क्रियाशीलता अभिव्यक्त गराउने माध्यम मात्र हो शरीर । मर्त्य र अमर्त्यको संयोग नै सिङ्गो मान्छे हो । नाशवान्सँग अविनाशी साथै बसेको सम्ममात्र हो । संसारमा अनेक कुरा अनिश्चित हुन सक्छन् । तर मृत्यु सर्वथा निश्चित छ । यो हरेक कहाँ कसै गरे पनि आउँछ तर कहिले आउँछ, कसरी आउँछ यो मानिसको मनभित्र पर्दैन । *मृत्योर्मा अमृतम् गमय* भनेको शारीरिक अमरत्व होइन । शरीर मरेर पनि आत्मा बाँचेकै छ भन्ने अनुभूति गराउने उपायको खोजीको एउटा प' मात्र हो यो ।

मृत्यु कुनै कोर्रा लिएर आउँदैन । यो त समय अर्थात् काल हो । यो अवधि पुगेका मान्छेलाई लिन ठीक समयमा कालको रूपमा खाली हात आउँछ । मान्छे स्वयंले आफ्नो घाँटीमा बेरेर राखेको अहङ्कार, मोह र कामरूपी तीनडोरे रेशमी डोरीलाई समातेर तानी लैजाने कार्यसम्म मात्र यसको हो । तान्नेमात्र हो यसले घिच्याउनु पर्दैन । मृत्युबाट बच्न जतिसुकै घेरा र सुरक्षा दिए पनि त्यस्ता सांसारिक घेरा र सुरक्षाले काललाई कुनै प्रभाव पार्ने गर्दैन । पदासीनहरू जतिसुकै सुरक्षा घेराभित्र बसेमा पनि मृत्युले तिनलाई छाड्दैन । जसरी सेफभित्र राखेको मोवाइलमा पनि घण्टी बज्छ । काल आफ्नै बाटो आउँछ आफ्नै बाटो जान्छ, जसलाई जिउँदा मान्छेले आफ्ना नाङ्गा आँखाले देख्न सक्दैनन् । यथार्थमा मृत्यु भनेको शरीररूपी मन्दिरको हृदयमा बास गर्ने आत्माको बहिर्गमनसम्म मात्र हो । जसरी मान्छेको जन्मको क्रममा गर्भमा आत्मा प्रवेश गरेर प्राण सञ्चार गरेको थाहा हुँदैन, त्यसैगरी निर्धारित समय पुगेपछि शरीरबाट आत्मा अलग्गिएर शरीरको सञ्चालन बन्द हुन पुगेको पनि थाहा हुँदैन । यो नै परमात्माको सबैभन्दा रहस्यमय लीला हो । भोलि मर्नुपर्छ भनी आजको काम आजै सक्नु नै मृत्युप्रति सचेत एवं जो कोही बेला विनाडर त्रास मर्न तयार मान्छेको विशेषता हो । भोलि गर्छुभन्दा भोलि नआउन पनि सक्छ । यही हेक्का नै मान्छेको जीवनको सर्वाधिक महत्त्वपूर्ण सचेतता हो ।

मान्छेमा अनेकौँ विशेषता, 'मता, द'ता एवं गुणकारिता हुन सक्छ । यद्यपि मृत्यु उसको भागमा पनि अटल भएर रहेको हुन्छ । मर्त्यलोकमा अमर्त्यता भावनात्मकरूपमा मात्र कायम रहन सक्छ । यथार्थपरक रूपमा होइन । मान्छेको मृत्युको खबरसँग असामयिक शब्द समायोजन गरेर समवेदना प्रकट हुने गर्दछ । मान्छे जन्मनेबित्तिकै मरे पनि सय वर्ष कटाएर मरे पनि हरेक मृत्युको किसिम सामयिक नै हो । जो जुन

बेला मर्छ, त्यसको लागि त्यो नै निर्धारित समय हो । यो नै सत्य हो ।

मृत आत्माको चिर शान्तिको कामना गर्दै समवेदना दिने गरेको पाइन्छ । शरीर मरिरहेको हुन्छ, आत्मालाई मृत घोषित गरेर प्रचार गरिन्छ । आत्मा त अमर छ । खाली शरीरबाट अलग भएको सम्ममात्र हो । शरीरबाट आत्मा अलग भएपछि शरीर मुढोझैं ढलेर निस्क्रिय हुनु नै मृत्यु हो । शरीरबाट निस्केको आत्मा शरीरले पुण्यकर्म गरेको भए आफ्नो मूल स्रोत परमात्मामा गएर मिल्ला । जन्म र मृत्युको चक्करको वासनामा परेको भए कुनै गर्भमा गएर बसी अर्को जन्म लिने क्रममा लाग्ला ।

मृत्युले कुनै न कुनै रूपमा आफू आउने बारेको जानकारी दिएकै हुन्छ । त्यो यथार्थलाई मान्छेले ख्याल नगरेर मात्र हो । जब मान्छेको कपाल फुल्न थाल्छ, त्यो पहिलो जानकारी हो । मान्छे भने फुलेको कपालमा कालो लगाएर छोप्न उद्यत रहन्छ । कपाल झरेर तालु खुइलिनु दोस्रो जानकारी हो । मान्छे भने नक्कली कपालले तालु छोप्नमा तल्लीन रहन्छ । दाँत हल्लिएर फुक्लनु तेस्रो जानकारी हो । मान्छे नक्कली दाँत हालेर यथार्थबाट भागिरहन खोज्छ । छाला चाउरी पर्नु चौथो जानकारी हो । मान्छे भने चाउरी मेटाउने लोसन लगाएर तन्नेरी भइरहन खोज्छ । यी कुरा अनुभूति गर्न सके मृत्यु आफ्नै साथमा छ भन्ने कुरा बुझ्न सहज हुन्छ । थाहा हुन्छ यो मेरो शरीरलाई आत्माले कुनै पनि बेला छाड्न सक्छ भन्ने कुरा । म मेरो शरीर छाड्दैछु भन्ने सङ्केत हो यो । किनकि शरीर स्वयं 'म' होइन । शरीर त मेरो हो । 'म' र मेरो शरीर एकै नभएर अलग-अलग हो । शरीररूपी मन्दिरभित्र 'म' बसेको छु । जब 'म' शरीरबाट अलग हुन्छु, त्यो ढलेको शरीरको नाम शव हुन पुग्छ । यसैलाई मृत्यु भनिन्छ । 'म' त शव होइन शिव हुँ । शिव अर्थात् आत्मा न कहिल्यै मर्छ न कहिल्यै जन्मन्छ । यो एक्लो अविनाशी सर्धैं छ ।

शरीरले आज गर्ने कर्मको परिणाम र वासनाको रूप अनुसार आत्माले यो शरीर छाडेपछि गर्न बाँकी रहेको सञ्चित कर्मलाई क्रियाशील गराउन सोही अनुरूप उपुयक्त हुने पृथ्वीको कुनै पनि ठाउँको अर्को नव शरीरमा प्रवेश गर्दछ । यही नै कर्मको कानून हो । यो जन्ममा मुक्ति पाउने काम गर्न नसकेर आफ्नो पुनर्जन्म हुने पक्का लाग्छ भने कमसेकम अर्को जन्मबाट त मुक्ति पाइएला भनी बचेको जीवनमा सत्कर्म गर्नु नै ज्ञानी मान्छेको धर्म हो, मृत्युबोध हो ।

❖❖❖

'दायित्व'

उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

जामे मार्केट, रत्नपार्क काठमाडौं,

फोन नं. ४२४३१५०

समसामयिक समाचारमूलक साप्ताहिक पत्रिका

'नेपालबोर्डर'

बजारमा उपलब्ध छ ।

समीक्षा

उत्कृष्ट कविताको खोजीमा लागिपरेका कवि कृष्ण प्रधानको नवीन कृति

■ जय छाङ्छा

नेपाली कविताको क्षेत्रमा नवीन शिल्प, शैली, विम्ब र प्रतीकलाई प्रयोग गर्दै मौलिक कविता सिर्जनामा लागिपर्ने कवि हुन् **कृष्ण प्रधान** । कुनै होहल्ला, कानेखुसी, खुसामद र बजारु कोकोहोलाबाटै टाढा रहेर अमूल्य समयलाई लक्षित गन्तव्यमा पुग्न निरन्तर साधनामा लागिरहने कवितायात्री हुन् कृष्ण प्रधान । उम्दा कविता सृजना गर्ने आफ्नो परम कर्त्तव्य हो भन्ने कुरालाई हृदयङ्गम गर्दै कविता यात्राका निरत क्रियाशील कवि हुन् कृष्ण प्रधान । पुस्तकको भूमिकामा स्वयम् कविले स्वीकारेका छन्- **'...अझै आफूले उत्कृष्ट भनिएको कविता लेख्नै सकेको छैनजस्तो लाग्छ ।'** यही नै हुन सक्छ कविको ऊर्जा स्रोत र कविताको मुहान । कविले उत्कृष्ट कविता सिर्जना नगरेका भने होइनन् । नत्र वि.सं. २०४९ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कविता उत्सवमा कसरी प्रथम स्थान हासिल गर्न सफल हुन्थे र ? जे होस् कवि निरन्तर सिर्जनामा अभ्यस्त छन् र नवीन कविताका पुस्तकहरू हामी पाठकलाई समयसमयमा उपहार दिनमा पछाडि पर्नु भएको छैन । यिनै कारणहरूले भन्न सकिन्छ कि नेपाली कविता क्षेत्रका उम्दा र उर्वर कवि हुन् कृष्ण प्रधान ।

कवि प्रधानको यहाँ समीक्षा गर्न लागिएको कविताकृति हो **'कविताको मलामी'** दायित्व वाङ्मय प्रतिष्ठानले वि.सं. २०७२ भदौमा प्रकाशित गरेको कविको आठौँ कवितासङ्ग्रह हो यो । हुन त कविले समालोचना, निबन्ध र साहित्येतर विषय आर्थिक तथा भोटु वंशावलीको कैरन आदि समेत गरी करिब पौने दर्जन जति पुस्तकहरू पाठकहरूलाई उपहार दिइसकेका छन् । विविध विषयमा कलम चलाएको भए तापनि नेपाली साहित्यवृत्तमा कृष्ण प्रधानको चिनारी कविको रूपमा नै स्थापित भएको छ र उनका सृजनाका प्रमुख विधा पनि कविता नै रहेको पाइन्छ भन्दा अत्युक्ति हुँदैन । कविकै प्रिय विधाका रूपमा रहेको कवितासङ्ग्रह **'कविताको मलामी'** मेरो हातमा रहेको छ र यस सङ्ग्रहमा चौबीसवटा विविध शीर्षकहरूमा र शृङ्खलाबद्ध **'साँढ्याको कवित्'** मा उन्नाईसवटा व्यङ्ग्य कविताहरू समावेश भएका छन् ।

जीवन र जगत्ले वर्तमानमा भोग्नुपरेको पीडा-दर्द र खेप्नुपरेको सकसलाई कविताको मूलस्रोत बनाएर कलम चलाउने कवि प्रधान विम्ब र प्रतीकमा सिर्जना गर्न अत्यन्तै खप्पिस रहेका पाइन्छ । जुन कुरा निम्न कविता पङ्क्तिहरूले छर्लङ्ग्याउँछ :

एति बेला
एस सुन्दर बस्तीमा
मलसाँप्रो पसेको छ
मलसाँप्राहरूदेखि होशियार !
ब्वाँसाहरूदेखि होशियार !
यो सुन्दर बस्तीलाई
डडेलो लाउन खोज्नेहरूदेखि होशियार ।
(मलसाँप्रो पसेको बस्ती) ।

यसरी नै वर्तमान राजनीतिक स्थिति र परिवेशबाट दिक्किएर देशको अनिश्चित भविष्यप्रति चिन्ता व्यक्त गर्दै लेख्छन् :

एस बेला
इतिहासकारहरू नै

सती गएका बेला
कुन जङ्गबहादुर आउने हो ?
र,
लेख्ने हो
नत्राँ कोतपर्व
संविधानमा ।

(अलपत्र इतिहास) ।

समाजका अङ्ग भनेकै मानिसहरू हुन् । मानिसहरू उदास, हतास र आँटहीन भए भने समाजको न विकास हुन्छ न प्रगति नै । कतै मान्छेहरूका जोश, जाँगर र आँटलाई तिलाञ्जली दिएर निर्जीव ढुँगाजस्तै भएर बाँच्न त खोजिरहेका छैनन् ! विविध कारणले हतासजस्तै देखिएका समूहलाई जागृत गराउँदै जोश, जाँगर र सहास भर्ने दायित्व कविको पनि हुन्छ भन्दै सिर्जन्छन् कविता :

पहाडलाई
झुकाउने त
मानिस हो,
उसले आँट्यो भने
पहाडका शिरको केही लाग्दैन
उसले चाह्यो भने
पहाडको उचाइको केही लाग्दैन
निमिट्यान्न सपाट मैदान हुन सक्छ
पहाड ।

(मानिस उठ्यो भने पहाडको पनि केही लाग्दैन)

त्यसरी नै वर्तमान समाजले भोग्नुपरेका यथार्थ पीडालाई नजिकबाट नियाल्दै कवि लेख्छन् :

काँढा काँढामा टेकेर
भीरपहरा गर्दैछन् आमाहरू
परदेशबाट यस्तै बेला
आइपुगेको छ
एउटा कफीनको बाकस
विमानस्थलमा

(पखालाले सुस्ताएको बस्ती) ।

वर्तमान नेपालको राजनीतिक अवस्थाले देशको सामाजिक, आर्थिक तथा कानूनी स्थितिलाई तहसनहस पारिरहेको देख्दा भित्रभित्रै दुख्छन् र आफ्ना उकुसमुकुसिएका भावनाहरूलाई व्यङ्ग्यात्मक शैलीमा व्यक्त गर्छन् :

साँढ्या
सधैँ
संविधानभन्दा माथि
उसलाई
संविधान कानून नियम
न कुनै आदेशले नै रोक्छ
ऊ स्वयम् आदेश हो
निर्देश हो

(साँढ्याको कवित्- ६) ।

त्यस्तै प्रकारले प्राज्ञिक क्षेत्र समेत तहसनहस, लथालिङ्ग र जागिर खाने थलोको रूपमा विकास भएकोमा आक्रोस व्यक्त गर्दै लेख्छन् :

कविता खान्याँ साँढेहरू
गजधम्म
विराजमान छन्
प्रज्ञामा ।

(साँढ्याको कवित्- १८) ।

समाजमा लब्धप्रतिष्ठित व्यक्तित्वहरू रहन्छन् । आफूलाई सर्वज्ञाता मान्ने मान्छेहरूको जमात रहन्छ । देशको सर्वेसर्वा व्यक्ति मै हूँ भन्ने मान्छेहरूको ठूलै भीड भेटिन्छन् । तर आफ्नो कर्तव्यप्रति उदासिन हुन्छन् सबैसबै । यस्तो परिवेशमा आफूलाई पाउँदा कवि साह्रै दुःखित बन्छन् र लेख्छन् :

अवतारी *साँढ्याहरू*
न धर्मै छुट्याउँछन्
न पापै देख्छन्

(साँढ्याको कवित्- १८) ।

वर्तमान परिस्थितिले सर्वत्र हमला गरेको देख्नुहुन्छ कवि । निर्माण र सिर्जना गर्नेभन्दा पनि भत्काउने र बिगार्नेहरूको भीड रहेको अनुभूति

गर्छन् । जेजस्तो परिस्थितिबाट गुज्रनु परे पनि आफ्नो परम कर्तव्यबाट कदापि विचलित हुँदैनन् कवि । विदुर नीतिमा भनिएको छ :'

कर्मणां तु प्रशस्तानामनुष्ठानं सुखावहम् ।
तेषामेवाननुष्ठानं पश्चात्तापकरं मतम् ।'

अर्थात् उत्तम कार्य सुखदायक हुन्छ । र, उत्तम कार्य नगर्ने व्यक्तिले मात्र पश्चाताप गर्नुपर्ने हुन्छ । **(छैटौं अध्याय, श्लोक २३)** । उल्लिखित श्लोकको भावार्थजस्तै कवि सदासर्वदा सृजनामा लागिरहेको पाइन्छ । जसबाट कविले आगामी दिनमा खटियामा बसेर पश्चताप गर्नुपर्ने समय नै आउदैन । अझ भन्ने हो भने कवितालाई धर्म बनाएर अगाडि बढिरहेका कवि हुन् कृष्ण प्रधान । असल सिर्जनाका लागि सदैव चिन्तित छन् । आफ्नो भन्दा पनि समाजको विकास, उन्नति र भलाईका लागि सोचिरहन्छन् । यिनै उनका वैशिष्टतालाई मध्यनजर गर्दा चाणक्य नीतिमा उल्लेख भएका श्लोकको याद आउँछ :

'यथा धेनुसहस्त्रेषु वत्सो गच्छति मातरम् ।
तथा यच्च कृतं कर्म कर्तारमनुगच्छति ।'

अर्थात् जसरी हजारौँ गाईको बीचमा बाच्छा आफ्नो आमाको छेउमा जान्छ । त्यसै गरी मान्छेले गरेका कर्महरू कर्ताको पछिपछि लागेर जान्छ । **(चाणक्य नीति, अध्याय १३, श्लोक १४)** ।

समीक्षित कृति कविताका पारखीहरूका लागि एउटा अब्बल कृतिको रूपमा आएको छ । कवितालाई माया गर्नेले पठन गर्दा प्रत्येक पाठकहरूको हृदय र मस्तिष्कलाई बराबर झकझकाउने कविताहरू समावेश भएका छन् यस कृतिमा । मनग्ये दाउन, चास्नी, मीठासका मरमसलासहित सिर्जना गरिएका सुन्दर कविताहरूको नामकरण भने **कविताको मलामी** राखिएको पाउँदा अलिक भिन्न सोच र फरक ढङ्गले चयन गरिएको अनुभूत कविताका पारखीहरूले गर्ने छन् । अस्तु ।

२०७३ जेठ

सार्थक जीवन

■ **विपी शाही**

म भरिया हुँ भारी बोक्ने
मसँगै डोको छ, नाम्लो छ
मेरो योग्यताको प्रमाणपत्र त्यही हो
कुनै दिन भारी बोक्न पाइनँ भने,
भोकै रहनेछन् मेरा लालाबाला
मैले विद्यालयदेखि महाविद्यालय वा
विश्वविद्यालयसम्मको शिक्षा हासिल गरेको छु
मसँग प्रमाणपत्रहरूको चाङ नै छ
मैले त्यसलाई टुलुटुलु हेर्नुबाहेक
उसबाट कुनै प्रतिक्रिया पाउँदिनँ ।

त्यसले अमुक भाषामा भनेजस्तो लाग्छ–
'सिप तिमीले सिकेनौ बाबु !
शिक्षा आर्जन गरेर
अर्तिबुद्धिको ज्ञानमात्र प्राप्त गऱ्यौ
त्यो शिक्षाले पेट त भराउने रहेनछ नि !'

म त झसङ्ग भएँ
अमुक भाषाको भावार्थ बुझेर
म त भन्ठान्थेँ धेरै पढियो भने,
ठूलो मान्छे बनिन्छ
धेरै पैसा कमाइन्छ
तर दुःखद समय मैले भोगिरहेछु
आज मेरो प्रमाणपत्र भइरहेछ,
त्यही नाम्लो र डोको
अर्थात् मेरो जीवन ।

चाबहिल, काठमाडौँ

स्मृतिमा लुकेको दसैं

■ खड्गबहादुर चापागाई

आज एक्लै बसेर
भावनाको दहमा खेल्दाखेल्दै
बुवाले लेखेको चिट्ठी
फेला परेको छ ।
विगत छरपस्ट भएको छ
देखिन्छन् अनि
यो वर्ष पनि,
धान खेती रोपाइँपछि
धान खेत गोडाइँपछि
वर्षे कामको मैझारो गरेर
थकान मेट्न
धेरै दिनपछि लिपपोत गर्दै
सेतो कमेरो वा
रातो माटोले पोत्दै
कहीँ कतै मुसाले खोलेको
प्वाल टाल्दै
बाटाका खाल्टाखुल्टी पुर्दै
सायद मेरो सुन्दर ठाउँमा
खुसियाली सुरु भएको छ
वर्षा ऋतुको बिदा गर्दै
सायद शरद् ऋतुले
दसैं बोलाएको छ ।
आफ्नै खेतमा गोडमेल गरेर
आफ्नै भूमिमा मलजल गरेर
परिश्रमी हातले सुन फलाएर
केही दिन रमाइलो गर्न
समयले मौका मिलाएको छ
टाढाटाढा गएकालाई
घर आउन बोलाएको छ
धर्मको बहानामा
आशिष थाप्ने नाममा
भेट्न जुराएको छ
द्वेष बिर्सेर
माया साट्ने बनाएको छ ।
तर खै किनकिन आज मलाई
सम्झँदा सम्झँदै
टाढा भएर पनि
नियास्रो-नियास्रो लागिरहेछ
धेरै दिनपछि
प्यारा बाबुआमाको
सम्झना जागिरहेछ
हो आज, एक्लै बसिरहेछु
परदेशको माटोमा
जिन्दगीका कथाव्यथा
यतै यतै पोखिरहँछु
किन सम्झनामात्र आउँछन्,
सायद मेरो बुवा
घरको एक कुनामा जमरा राखेर
वर्षौंदेखि गएको छोरो
यस वर्ष त आउँछ कि भनेर
मलाई नै हेरिरहेका होलान् !
एक्लै पिँढीमा बसेर,
किन बिर्स्यो भनेर
सायद मेरी आमा,
चिउरा कुटेर
तिलको अचार बनाएर
केराको घरी साँचेर
दसैंकै लागि भनेर
सन्तान सँगै
बुहारी साथमा लिएर
आउला छोरो भनेर
जीवनको अन्तिम क्षणलाई सम्झेर ।
मुटुभरिको माया
छोरा नातिमा सार्दै
यतै छोडी जान भनेर
रातदिन आँसु झार्दै
मेरै प्रतीक्षामा
बसिरहेकी होलिन्
सायद सम्झदा हुन्
पैसा पैसा भनेर
काम र नाममा डुबेर
त्यतैको ताँतीमा डुब्दै
बिर्सन्छ कि छोराले यो देश भनेर
सन्तान विदेशी बनाउँछ कि भनेर
डाँडाको घाम बन्नुभएको बुवा,
प्यारकी पुञ्ज मेरी आमा
यौवनभरिको सपना सम्झेर
अन्तिम दिनको सपना देखेर
आफ्ना छातीभरिको माया
यतै बिसाउने मन गरेर
मरिलानु के छ भनेर
सायद प्रतीक्षामा होलान्
दसैंले भेट गराउँला कि भनेर
सम्झनाको बिस्कुन नजिक बसेर
खै किनकिन आज
नरमाइलो लागिरहेछ
टाढा बसेर सुखमा भुलिँदाभुलिँदै
बुवाआमाको सम्झनामा पुरिएर
घरको दशैं सम्झेर
शरद् ऋतुको यो खुसियालीमा पनि
त्यसै त्यसै विरक्त लागिरहेछ ।
खै.....किन.....? किन.....?

❖❖❖

समालोचना

यात्रासाहित्यमा नवीन प्रयोग : हिंडी रहूँ हिंडी रहूँ

■ गोविन्दप्रसाद आचार्य

कवि रामप्रसाद ज्ञवालीको परिचय दिइराख्नुपर्ने आवश्यकता छजस्तो मलाई लाग्दैन । किनभने उनले आजको नेपाली साहित्य जगत्मा काव्य जगत्को नेतृत्व गरिरहेको पाइन्छ । बढी मात्रामा शास्त्रीय छन्दमा कविता-काव्य लेख्न मन पराउने उनलाई यस युगका काव्यनायक भन्दा फरक पर्दैन । कसले पुस्तक धेरै लेख्यो भन्नुभन्दा गुणस्तरीय साहित्य कसले लेख्यो भन्नेतर्फ नेपाली समालोचकहरूको ध्यान जानुपर्ने हो तर गएको पाइन्न । पुस्तकको सङ्ख्या र व्यक्तिको प्रभाव मात्र हेरेर समालोचना गर्ने परिपाटीले साहित्यको विकास ठोस र यथार्थ रूपमा हुन सक्दैन । यस विषयमा कवि ज्ञवाली स्पष्ट देखिन्छन् । उनले प्रस्तुत काव्यको पाँचौं सर्गको १९ सौं श्लोकमा यसै कुरातर्फ सङ्केत गर्दै लेखेका छन् :

मेरै बारे कुनै भन्छन्– "प्रतिभा हो महान्" भनी
कोही आलोचना गर्छन्– "साह्रै छुच्चो छ यो" भनी
मेरा यी कविताभित्र नारा देख्छन् कुनै तर
कुनै भन्छन्– "ज्ञवालीका कविता अति सुन्दर ।"

कवि ज्ञवालीले आफूले अनावश्यक प्रशंसाको पगरी गुथ्न नचाहेको र चाहिनेभन्दा बढी प्रशंसा गर्नेहरूलाई पनि नरुचाएको कुरा यी पङ्क्तिका मार्मिक भावबाट स्पष्ट हुन्छ ।

हामी सामन्ती प्रथा तोड्न चाहन्छौं । हिजो राजालाई लेखिने बिन्तीपत्रमा चाकडीयुक्त विशेषणको थुप्रो र अस्वाभाविक प्रशंसाको रास देख्दा हामीलाई अनौठौ लाग्थ्यो । त्यही परम्परामा बाँचेका स्तुतिवादी समालोचकहरू आज पनि देखिन्छन् । धेरै पुस्तक देखाएर सस्तो लोकप्रियता कमाउन पाठकहरूलाई अल्मल्याउने र बजार कब्जा गर्नेहरूको लर्को देख्दा तथा जनता विरोधी शासकको पक्षमा गरिएका भद्दा प्रशंसाको थुप्रो देख्दा ठोस रूपमा सामन्तवादको विरोध गर्ने मानिसलाई आश्चर्य लाग्नु स्वाभाविकै हो । साहित्यकार प्रशंसाको भोको हुन्न तर अनावश्यक आलोचना गरेर उसलाई ध्वस्त पार्दा ऊ सहेर पनि बस्दैन । यस कुरामा स्पष्ट देखिने कवि ज्ञवालीले यसै सन्दर्भलाई आधार बनाएर कसैले आफ्ना कविताको प्रशंसा गरोस् वा आलोचना गरोस्, त्यसले आफूलाई कुनै फरक नपर्ने र आफूले सदैव सत्य र न्यायका पक्षमा लेख्ने कुरा यसरी प्रस्तुत गरेका छन् :

उच्च साहित्य हो मेरो सपना विपना दुवै
बोल्नेलाई यहाँ बोल्ने स्वतन्त्रता छ उत्तिकै
बोल्ने हो न्यायकै बोली, अन्ययामा म लाग्दिनँ
गाली दिऊन् कि स्याबासी, सत्य छाडी म भाग्दिनँ ।

यी पङ्क्तिहरू वास्तविकतामा आधारित एवं सत्यको नजिक छन् । उच्च मानवीय गुण पनि यस्तै हुन्छ भन्ने म ठान्छु ।

कवि रामप्रसाद ज्ञवालीको जन्म वि.सं २०२४ साल वैशाख ११ गते गुल्मी जिल्लामा भएको हो । उनी वर्तमान नेपाली साहित्यका एक युग सचेत र विलक्षण ऊर्जाशील सृजनशील प्रतिभा हुनाका साथै सरल, सहयोगी, कठोर परिश्रमी, निश्छल र निर्मल स्वभावका व्यक्ति हुन् । उनले काव्य तथा अन्य साहित्यमा दीर्घ साधनाले आफ्नो कञ्चन र काञ्चन प्रतिभालाई तिखार्ने र माझ्ने काम गर्दै आएका छन् ।

कवि रामप्रसाद ज्ञवाली छन्दवादी काव्यधाराका तरल र ओजस्वी सिद्धहस्त तथा गम्भीर कविका रूपमा देखा पर्छन् । फुटकर कविता र खण्डकाव्य हुँदै महाकाव्य समेत लेखिसकेका कवि ज्ञवालीको यात्राकाव्य 'हिँडी रहूँ हिँडी रहूँ' महाकाव्यात्मक स्वरूपको देखिन्छ । महाकाव्यका सिद्धान्तलाई केही पक्षमा छोड्दै, केही पक्षमा पछ्याउँदै तथा केही तत्त्वहरू ग्रहण गर्दै नपाली काव्ययात्रामा नवीन प्रयोगका साथ लेखिएको देखिने '**हिँडी रहूँ हिँडी रहूँ**' १४ सर्गहरूमा रचना गरिएको छ । यो यात्राकाव्य कवि ज्ञवालीद्वारा रचित महाकाव्यको निकट रहेको दोस्रो कृति हो । यसलाई महाकाव्य स्वरूपको भन्नमा कसैले नाक खुम्च्याउनुपर्दैन भने कसैले पोटिलो अनुहारका रेखा खिसीटिउरी गरेर चाउरी पार्नु पनि पर्दैन । महाकाव्यका आवश्यक तत्त्व मूलतः व्यापक अनुभूतिको प्रवाह र उच्च कवित्वशक्ति हुन् । ती कुराबाट यो काव्य एक इन्च पनि पछि परेको छैन । तसर्थ नेपाली महाकाव्य यात्रामा यस काव्यका रूपमा एउटा नवीन प्रकृतिको मौलिक महाकाव्यात्मक कृति थपिएको छ ।

प्रस्तुत यात्राकाव्यका प्रथम र दोस्रो सर्ग ज्यादै छोटा छन् । प्रथम सर्गमा छवटा श्लोक मात्र छन् तर महाकाव्यले निर्वाह गर्नुपर्ने मङ्गलाचरणको भूमिकालाई यी छ श्लोकले पनि राम्ररी निर्वाह गरेको देखिन्छ । सर्ग साना छन् र कथावस्तु पनि त्यति विशाल देखिन्न तर कथावस्तुमा देखा पर्ने यात्रा वर्णन एक हप्ताको भए तापनि ज्यादै लामो रहेको छ । यस काव्यलाई कसै कसैले बसिबियाँलोको गन्थन पनि भन्लान् तर यसमा गन्थनका लागि नभई मन्थनका लागि चिन्तनको उच्च स्वरूपको प्रयोग गरिएको छ ।

प्रथम सर्गमा जम्मा छवटा श्लोक छन् तर ती खँदिला र गम्भीर प्रकृतिका छन् । कविता विधा सिद्धान्ततः व्याख्येय हुन्छ । यस विधामा दिइएको अभिव्यक्ति खँदिलो हुनुपर्ने मान्यता पाइन्छ । थोरै शब्दमा धेरै भाव अटाउन सक्नु कविको शक्ति मानिन्छ । ज्ञवालीद्वारा रचित यस यात्राकाव्यमा पनि यस्तो विशेषता पाइन्छ । अभिव्यक्तिलाई कविले सूत्रबद्ध तथा सूक्तिमय बनाएर प्रस्तुत गरेका छन् । प्रथम सर्गको तलको उद्धरणमा यस प्रकारको अभिव्यक्तिको एक उदाहरण देख्न सकिन्छ जसमा यस्तो लेखिएको छ :

बन्यो सङ्घर्षले मान्छे, सङ्घर्षैले बन्यो युग
सङ्घर्षैले बनेका हुन् सभ्यता, न्यायका पथ
न्यायको स्थापना गर्न भिडूँ, लाग्छ भिडी रहूँ
सोच्छु सौन्दर्यको बाटो हिँडूँ, नित्य हिँडी रहूँ ।

उपर्युक्त पङ्क्तिहरूका माध्यमबाट कविले मानव जातिको विकासको मूल आधार सङ्घर्ष हो भन्ने कुरा बताउन खोजेको देखिन्छ । मानव सभ्यताको यात्रालाई ऐतिहासिक दृष्टिले हेर्दै यो सारभूत कुरा प्रस्तुत गरिएको छ । नेपाली महाकाव्यको सिर्जन यात्रामा अल्प महाकाव्य स्वरूपका कृतिहरू पनि देखा परिरहेका छन् । यो कृति पनि तिनै अल्प महाकाक छ भन्दा फरक पर्दैन । यात्रा वर्णनका कृतिहरू नेपाली भाषामा धेरै देखा परिरहेका छन् । ती कृति यात्राका रूपमा होउन् वा संस्मरणात्मक प्रकृतिका होउन् वा शोकको विषयवस्तुका रूपमा होउन् अथवा गीति-सवाई या अन्य प्रकृतिका काव्यका रूपमा होउन्; नेपाली भाषामा प्रकाशित छन् तर यात्रा वर्णनमा जीवन र जगत् सम्बन्धी चिन्तनको व्यापक रूपमा घुलन गरी मानव समाजको यथार्थ चित्रण गरिएका कृति थोरै छन् । यो यात्राकाव्य यस्तै थोरै काव्यहरूमा पर्छ । यसमा यात्राको वर्णन मात्र छैन; साथमा सन्दर्भ मिलाएर कतै ऐतिहासिक विषयवस्तु कोट्याइएको छ भने कतै नेपाली वीरताको गौरवपूर्ण विगतको सम्झना दिलाउँदै मार्मिक अभिव्यक्ति दिइएको छ । त्यसैले पनि यो काव्य रोचक र विचारोत्तेजक बनेको छ । नेपाली वीर पुर्खाको सम्झना गर्दै छैटौँ सर्गको सातौँ श्लोकमा लेखिएको छ :

टिस्टाको जल देखिन्थ्यो रातो रातो कतै कतै
नेपाली वीरको रातो रक्त बग्दै छ झैँ अझै
नदी हेर्दा थियो राम्रो, मन दुख्थ्यो नराम्ररी
सम्झना सूल झैँ बिझ्थ्यो बल्झिएको व्यथासरि ।

यी पङ्क्तिले विगतदेखि वर्तमानका समस्यातर्फ विशेष रूपले ध्यान दिएको पाइन्छ । पङ्क्तिहरू गम्भीर चिन्तनमा आधारित छन् । भूगोल काटिँदाको पीडा कस्तो हुँदो रहेछ । अरूको हस्तक्षेप सहनुपर्दा र आफ्नो अस्तित्वमाथि आक्रमण हुँदा मन कति दुख्दो रहेछ । हिजो आफ्नो थियो तर आज आफ्नो छैन तैपनि आफ्नोजस्तै मायालाग्दो रहेछ । पितापुर्खाले आर्जन गरेको सम्पत्ति गुम्दा मन कति दुख्दो रहेछ । सङ्घीयताको ढ्वाङ फुक्नेहरूले प्रायोजित विचारलाई अधिकार भन्दै साँगुरिँदै वा जातीय राज्यको किला ठोक्दै हिँडेको देख्दा यी माथिका पङ्क्तिले कता कता घोच्लान् कि ! यहाँ मैले उक्त पङ्क्तिलाई लिएर जे जस्तो विचार लेखेँ, कवि पनि अर्को पङ्क्तिमा मेरो विचारसँग सहमत भएका देखिन्छन् । तलका पङ्क्तिहरूले यस कुराको पुष्टि गर्छन् :

उता सायद नेपाली मुख्य अस्तित्व मानियो
'जाति' शब्द त्यहाँ खालि नेपाली पनको थियो
देखिएनन् त्यहाँ युद्ध थेप्चे चुच्चे भनी कुनै
न थियो रङ्गको द्वेष, न थियो जातिवाद नै ।

हाम्रो देशमा चलिरहेको द्वन्द्व राष्ट्र र जनता जुटाउने भन्दा टुक्राउने दिशामा प्रेरित देखिन्छ । अहिले जताततै विकास र विकेन्द्रीकरणको नाममा छद्मभेषी रूपहरू देखा परिरहेका छन् । एकतामा अस्तित्व खोज्नुपर्नेमा जातिवाद, गालीगलौज, छुद्र मानसिकता, अराजकता सङ्कीर्णतामा तथा छुचोपन र खुम्चिने तरिकाले अस्तित्व खोजिरहेका प्रायोजित विचारका केही स्वार्थी तत्त्वले राष्ट्रलाई उन्नतितर्फ जान नदिएको देखिन्छ । यस विषयमा कवि ज्ञवालीले दुःख व्यक्त गरेका छन् भने अर्काका देशमा विलय भएका र अर्काकै नियम मान्नुपर्नेहरूले बरु नेपालीको पहिचान खोजेको देख्दा उनी आश्चर्यमा परेका छन् । उनका विचारमा यस्तै शुद्ध भावको नेपाली पन हामीले नेपालमा पनि खोज्नुपर्छ । यस कृतिको छैटौँ सर्ग इतिहासमाथि मन्थन गर्दै, पुर्खाको स्मरण गर्दै र प्रकृतिको वर्णन गर्दै राष्ट्रियताका पक्षमा लेखिएको छ । यो सर्ग सङ्कीर्ण मानसिकता भएकाहरूलाई उदात्त राष्ट्रियताको पाठ पढाउन सफल छ । आफ्ना यस्ता विचारलाई तलाका पङ्क्तिहरूमार्फत यसरी व्यक्त गरेका छन् :

मैले चढ्नुछ उच्च पर्वतहरू भन्ज्याङ गौँडा हुँदै
मैले झर्नुछ लेक खोच वन यी संज्ञान नौला छुँदै
मैले छर्नुछ बीज काव्यरसको बिम्झाउँदै मानिस
यात्रा गर्नुछ मुक्तिमार्गतिरको मैले नमर्दातक ।

प्रस्तुत काव्यमा कवि ज्ञवालीले जीवनलाई श्रम र प्रकृतिसँग जोडेर हेर्ने प्रयत्न गरेका छन् । यस क्रममा सङ्घर्षशील भावना, उच्च प्रकारको वैचारिक चिन्तन, मानव हुनुको सार्थकताको खोजी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जीवनले गरिरहेको यात्रामा त्यससँग गाँसिएर आउने गतिको उच्च मूल्याङ्कन गरिएको छ । यात्रा वर्णनका क्रममा अनुभूत भएका भावनाका साथै राष्ट्रवादी भावलाई विगतको गौरव र वर्तमानसँग जोडेर हेर्ने प्रयत्न गरिएको छ ।

यस काव्यको दोस्रो सर्गमा कविले नयाँ बिहानीको खोजी गरेका छन् । कवि वैचारिक चिन्तनमा केन्द्रित रही नयाँ नयाँ सृजना गर्ने चाहना व्यक्त गर्दै ऊर्जाशील जीवन खर्चिएर संसारमा नयाँ बिहानीको उदय गराउन चाहन्छन् । नयाँ बिहानी सर्जकहरूका लागि सृजनाको मुहान बनेर वैचारिक चिन्तनको केन्द्रीयतामा वा जागृत चेतनामा उदाउनुपर्छ भन्ने मान्यता कविको देखिन्छ । यस सर्गमा सात श्लोक छन् तर यति थोरै श्लोकमा पनि अनुभूतिको व्यापकता रहेको छ । यी सात श्लोकको अनुभूतिगत व्यापकतालाई मात्र लिने हो भने पनि विशिष्ट प्रकारको चिन्तन र सार्थक जीवनका लागि उचित मार्ग दर्शन फेला पर्छ । यहाँ भनिएको छ :

जाने हो दूरको बाटो, खाने हो श्रमको फल
रोप्ने हो बिरुवा सद्दे, छर्ने हो सिर्जना जल
मिठो सम्बन्धको गाना गाउने हो यहाँ त्यहाँ
सिर्जना गर्छु यात्रामा सोचेँ मैले प्रभातमा ।

'यहाँ त्यहाँ' भन्ने वाक्यांशमार्फत् कविले स्रष्टाहरू दुई राष्ट्रबीचको सम्बन्ध जोड्ने बलिया सेतु हुन् भन्ने कुरामा जोड दिन खोजेको देखिन्छ । कविका विचारमा स्रष्टालाई ठोस रूपमा राष्ट्रको सीमाले बाँध्न सक्दैन किनभने स्रष्टाहरू साँघुरा सीमाभित्र कैदी बनेर बस्न सक्दैनन् । यी सातै वटा श्लोकहरू विश्व चिन्तनमा केन्द्रित रहेका छन् । यिनमा राष्ट्रप्रतिको प्रेमभाव उच्च स्वरूपको देखिन्छ भने स्रष्टाको कर्म सम्बन्धी दृष्टिकोण सही र ठोस प्रकृतिको पाइन्छ ।

प्रस्तुत यात्राकाव्यको तेस्रो सर्गमा यात्रा आरम्भ गर्दाको अनुभूतिलाई प्रस्तुत गरिएको छ । यात्रा गर्दा बाटोमा आँखाले देखेजतिका दृश्य र बुझेजतिका जनजीवनको स्थितिका विषयमा मार्मिक भाव कवित्वका साथ प्रकट गर्दै कविले यथार्थ जीवन र प्रकृतिका बारेमा ढाँटछल नगरी चित्रमय वर्णन गरेका छन् । यस क्रममा उनले बाटोमा हिँड्दा आफूले भोगेका यथार्थ तितामिठा अनुभूतिलाई बौद्धिक चिन्तनसँग घोलेर अभिव्यक्त गरेको देखिन्छ । तलको उद्धरणबाट पनि यस कुराको पुष्टि हुन्छ :

म सानो पर्वते खोला, बग्छु मेरै प्रवाहमा
सिर्जना गर्छु जे होला, राख्छु पवित्र भावना
सिर्जना-स्वप्न बोकेर भानु जयन्ति पर्वमा
यात्रा गर्ने भएँ मैले पूर्वी भारत वर्षमा ।

कवि अगाडि लेख्छन् :

हेरेँ डाँडाहरू अग्ला, हेरेँ खोच कुना अनि
सग्ला घरहरू हेरेँ, ससाना झुपडी पनि
देखिन्थे हरिया डाँडा, देखिन्थ्यो धमिलो नदी
मजस्तै हेर्दथे यात्री भ्यालबाटै बसी बसी ।

यहाँ उद्धरण गरिएका श्लोकहरू माथि भनिएका विचारसँग सामीप्य राख्छन् । क्यामराले फोटो खिचेजस्तो देखिने यात्रावर्णनका दृश्यहरू कविताको प्रभावमा भुल्भुलाउँदै आएका छन् । कविभित्रको सशक्त वर्णन शक्तिले गर्दा पनि यस कृतिलाई पठनीय बनाएको छ । कविको विचारलाई जीवनमुखी बनाउनुमा यो वर्णन शक्ति र कवित्वले विशेष भूमिका खेलेको देखिन्छ । वर्णनको कौशल र उच्च कवित्वले यस काव्यलाई गुणस्तरीय र रोचक बनाएका छन् ।

चौथो सर्गमा कविले सरलबाट जटिल हुँदै अनुकरणात्मक शब्दको प्रयोग गरेर कल्पनाको बेजोड नमुना यसरी प्रयोग गरेका छन् :

खाइयो पहिले खाजा पुरी चिल्ला दही पनि
पेट डुम्म भयो हाम्रो, मन डुम्म छँदै छ नि
कस्तो जीवन होला यो खानै पर्ने सधैँ सधैँ
नखाई बाँचिने चोला होला के विश्वमा कतै ?

उपर्युक्त श्लोकको अन्तिम पङ्क्तिले कविता लेख्न सक्ने तथा कवितामा उच्च भाव प्रकट गर्न सक्ने कविको सामर्थ्यको परिचय दिएको छ । यसै सर्गमा समाजका कुनाकानीमा रहेको जीवन, तिनको रहनसहन र मानवीय परिस्थितिका विषयमा अध्ययन गर्ने चरम इच्छा आफूमा रहेको तर समयको अभावले त्यो इच्छा पुरा नभएको कुरा यसरी प्रस्तुत गरिएको छ :

वृद्धवृद्धाहरू होलान् के कस्तो परिवारमा ?
कति छन् चाउरी गाला ? कति रेखा निधारमा ?
युवामा जोस कस्तो छ ? फुच्चा छन् कति उत्सुक ?
थोरै समयले गर्दा मेट्नै पाइनँ कौतुक !

यहाँ चर्चा गर्न खोजिएको कुरा के हो भने यात्रावर्णनसँगै प्रकृति, समाज र मानवजातिको अवस्थाको चित्रण गर्दै रचिएको काव्य नै राम्रो र सफल यात्राकाव्य हुन्छ । यस प्रकारको कृतिभित्र जीवनका अनेक पाटाहरू तथा अनुभूतिका अनेक रङ्गीचङ्गी फुलहरू अनेक विचारका साथ फुल्छन् । कवि ज्ञवालीको यस यात्राकाव्यमा पनि यस्तै विशेषता पाइन्छन् । यसमा उनको उच्च कवित्व

शक्ति देख्न सकिन्छ । कतिसम्म भने हरेक सर्गमा सर्ग-सर्गका रूपमा रहेका उत्कृष्ट पङ्क्तिहरूले यस कृतिलाई यात्रा वर्णनभन्दा कवित्व शक्तिको ओजिलो अभिव्यक्तिका रूपमा हेर्नुपर्ने स्थिति सृजना गरेको पाइन्छ । कृतिको पाँचौं सर्गमा लेखिएको छ :

दुःखले नै चलेको छ जिन्दगी यस क्षेत्रको
अँध्यारो चिर्नका लागि खोज्दै छन् ज्योति नेत्रको
सङ्घर्षैले बलेको छ नेपाली जनको चुलो
दासताको चुलोभन्दा श्रमको मूल्य हो ठुलो ।

कवि अगाडि लेख्छन् :

मैले खोज्नुछ वाग सुन्दर नयाँ फुल्छन् जहाँ मित्रता
मेले रोज्नुछ राग, गीत, मधुरा मासी सबै क्रूरता
ईर्ष्या तोड्नुछ जाति जातिबीचको गाँस्दै नयाँ एकता
मान्छे जोड्नुछ प्रेम, मान, रसले यात्रा छ मेरो त्यता ।

यी पङ्क्तिहरूलाई हेर्दा थोरै पङ्क्तिभित्र कविले समस्याको पहिचान र समाधान, सामाजिक स्थितिको उद्घाटन, इतिहासको बोध, प्रगतिवादी चिन्तन, उच्च प्रकारको भाव स्वतन्त्रता, राष्ट्रिय स्वाभिमान, जातीय एकता, साम्यवादको चाहना, मानव जातिको सङ्घर्ष र मुक्ति जस्ता अनेक गहन विचार अटाएको पाइन्छ । कला सौन्दर्यका दृष्टिले पनि यी पङ्क्तिहरू उच्च स्वरूपका छन् । प्रगतिवादीहरू नारा लेख्छन् भन्नेहरूलाई यस काव्यले राम्ररी मुखभरिको जवाफ दिएको छ ।

सातौं र आठौं सर्गहरू क्रमशः ३१ र ५८ श्लोकमा संरचित छन् । यी दुवै सर्गमा पूर्वसर्गका तुलनामा यात्राका दृश्य र जीवनका चित्रहरूको वर्णन बढी सशक्त रूपमा गरिएको छ । यी सर्गहरूले भारतीय भूमिमा बस्ने नेपालीहरूको बस्तीमा भानुभक्तको गौरवपूर्ण उपस्थितिलाई सम्बोधन गर्छन् । भानुभक्तको उपस्थितिले त्यहाँको नेपाली साहित्यमा र त्यहाँका नेपालीबीचको एकतामा पारेको प्रभावका विषयमा समेत यस सर्गमा राम्ररी चर्चा गरिएको पाइन्छ । यी सर्गहरूमा यात्रा गर्दा भएका र गरिएका कार्यक्रमहरूलाई हुबहु वा प्रत्यक्ष अनूभूतिमा आधारित बनाएर प्रस्तुत गरिएको देखिन्छ । काव्यिक रसमा यात्रा वर्णन चोपलिएकाले पाठकहरूले रोचक मानेर पढिरहन्छन् । यी सर्गको आन्तरिकतातर्फ विचार पुऱ्याउँदा यहाँ गरिएको वर्णन निबन्ध शैलीमा देखिए तापनि काव्यको ओजस्वी पनले गर्दा यहाँको अभिव्यक्ति केवल यात्रा वर्णनजस्तो लाग्दैन; बरु उच्च कवित्वले सम्पन्न काव्य जस्तो लाग्छ । कस्तो देखिन्छ भने कविले भारतीय भूमिमा रहेका नेपालीहरूका बस्ती-ठाउँहरूमा पुग्दा आफ्नो देशको र त्यहाँको जीवन स्थितिका बीच तात्विक अन्तर पाएनन् । भारतीय नेपालीहरूले जोगाएको नेपाली पन, एक आपसको हार्दिकता, पाहुनाप्रति उनीहरूले गर्ने सम्मान र सत्कार, नेपाली साहित्यप्रति उनीहरूले देखाएको रुचि, नेपाली भाषालाई भारतमा संवैधानिक मान्यता दिलाउन उनीहरूले गरेको सङ्घर्ष आदिका निम्ति प्रेरणाका स्रोत र केन्द्रीय व्यक्तित्व भानुभक्त रहेको कुरा यी सर्गमा स्पष्ट पारिएको छ । हामीले भारतीय नेपालीहरूबाट यो सिक्नुपर्छ कि तिनीहरू नेपाली मूलका मान्छे हुन्, नेपालवासी होइनन् तर उनीहरूले आफू र आफ्नो मौलिकतालाई कसरी सुरक्षित राखेका छन् भन्ने कुरा महत्त्वपूर्ण छ । यस विषयलाई विशेष जोड दिएर प्रस्तुत गर्नु यस काव्यको थप विशेषता देखिन्छ । प्रकृतिको सौन्दर्यलाई टिप्ने र वर्णन गर्ने कविको शक्ति यस सर्गमा पनि उत्तिकै सशक्त रूपमा प्रस्तुत भएको छ । सातौं सर्गको सत्ताइसौं श्लोकमा प्रकृतिको वर्णन यसरी गरिएको छ :

डाँडा र खोचमा डुल्थे कुहिराका मुठाहरू
कलिलो घाममा खुल्थे वासन्तिक बुटाहरू

.....

डाँडा छन् हरिया गाढा, घर छन् बिच बिचमा
निलो आकाशका तारा चम्केजस्तै समीपमा ।

उपर्युक्त उद्धरणमा असारको समयमा दार्जिलिङमा देखिने पहाडी प्रकृतिको वर्णन गरिएको छ । यसले के बताउँछ भने त्यहाँको जनजीवन र

प्रकृति ज्यादै मनमोहक छ तर नेपालका पहाडमा जस्तै त्यहाँका पहाडमाथि मोटर गुडे तापनि पूर्णरूपले विकास भइसकेको स्थिति भने छैन । यस सर्गमा बताइएको अर्को रोचक पक्ष के छ भने त्यहाँका नेपालीहरूले न जङ्गललाई महत्त्वका साथ जोगाएका छन् । उपर्युक्त विशेषताका साथमा त्यतातिरका ठग स्वभावका मानिसको चर्चा पनि यी सर्गमा गरिएको छ । ठगहरू संसारभरि नै छन् । उनीहरूले नजानेका नबुझेका मानिसलाई सजिलै ठग्न सक्छन् । सिक्किमको गान्तोकमा रातिपख पुग्दा आफूहरूलाई पनि यसरी नै ठगिएको कुरा कविले बताएका छन् ।

३१ र ५८ श्लोकहरूमा रचिएका यी सर्गहरूको अध्ययन गर्दा कवि ज्ञवालीमा छोटो समयमा धेरै परसम्म देखेर लेख्न सक्ने क्षमता रहेछ भन्ने थाहा हुन्छ । यात्राका अनुभूतिलाई कवित्वको रसमा भिजाएर प्रत्यक्ष लाग्ने गरी वर्णन गर्न सक्ने क्षमता उनको देखिन्छ । रसपूर्ण काव्यिक अभिव्यक्तिका रूपमा विगतदेखि वर्तमानसम्म, बाल्यकालदेखि प्रौढहरूसम्मका कुरालाई आफ्नो बाल्य जीवनसमेत जोड्दै वर्णन गर्न सक्नुले यस कुराको पुष्टि हुन्छ । विषय निबन्धात्मक भए पनि निबन्धात्मक शैलीको प्रस्तुति नदिई काव्यको रसमा भिजाएर त्यहाँको प्रकृति र जीवनलाई जीवन्त शब्दचित्रमा उतार्नु कवि ज्ञवालीको मूल विशेषता देखिन्छ । तलका उद्धरणहरूमा यस कुराको अनुभूति गर्न सकिन्छ :

न्याय होस् सबमा यौटै, ठुलासाना, यहाँत्यहाँ
न्यायले उभिनै राम्रो उत्पीडन विरुद्धमा
वीरता चम्किने गर्छन् सङ्घर्षी बलिदानमा
नेपाली जाति यौटै हो देशमा वा विदेशमा ।

यसमा अगाडि लेखिएको छ :

ओल्यौं गान्तोकमा, पायौं बत्तीको अभिवादन
उत्थान देखियो राम्रै, देखियो परिमार्जन
व्यवस्था बलियो लाग्थ्यो, कडा लग्थ्यो प्रशासन
मुख्य हो सभ्यता राम्रो, मुख्य हो अनुशासन ।

यहाँ के कुरा बताइरहनु आवश्यक छैन भने न्याय, वीरता, मुक्ति, मौलिकता, बलियो एकता, भौतिक विकास, बलियो प्रशासन र अनुशासनविना न त राष्ट्र राम्ररी चल्छ, न त समाज नै गतिशील हुन्छ र न त व्यक्तिको जीवन नै बलियो हुन्छ । तसर्थ यहाँ काव्यिक रूपमा उल्लेख गरिएका यस्ता कुराहरू हामीले पनि बुझ्नुपर्छ । हुन पनि जसले आफ्नो मौलिकता नाश गऱ्यो वा जसले भौतिक सुविधाको लोभमा परी आफूलाई अर्कामा विलय गरायो त्यसको कुनै अर्थ रहन्न । त्यो भनेको दूध भए तापनि आँख्लो काटेको ढुङ्ग्रोमा दुहुने हो भने काम लाग्दैन भने जस्तै हो । यस्तो गर्दा त्यो दूध **भाँडामा न बाच्छाका मुखमा** भने जस्तै आफ्नो मौलिकता नभएको जीवन पनि काम लाग्दैन भन्ने लक्षार्थ दिने स्वरूपका पङ्क्तिहरू यहाँ प्रस्तुत गरिएका छन् ।

त्यस्तै नवौं र दसौं सर्ग पनि यात्रा वर्णनमा केन्द्रित छन् । दुवै सर्गहरू भानुजयन्तीकै सन्दर्भमा भए गरिएका चर्चा परिचर्चामा केन्द्रित छन् । यद्यपि यी सर्गहरू पूर्वयात्रा वर्णनका भावभन्दा ठोस रूपले पृथक् देखिन्नन् । तर के कुरा भिन्न छ भने लय, कवितात्मक वर्णन, दृश्य चित्रण, विषयवस्तु उस्तै प्रकृतिको भए पनि हरेक सर्गले एक न एक बेग्लै विशेषता वा मौलिकता आफ्नै प्रकारले वहन गरेका छन् । नवौं सर्गमा भनिएको छ :

हामी भारतमा बस्ने नेपाली सब एक छौं
जातिवादी कुरा गर्ने तुच्छताका विरुद्ध छौं
नेपाली होइनौं हामी, देशले भारतीय हौं
तर संस्कृति भाषामा नेपाली हौं, अभिन्न छौं ।

यस्तै अगाडि लेखिएको छ :

मैले हेर्नुछ दृश्य यी नयनले सौन्दर्य नौलो पिई
मैले फेर्नुछ जिन्दगी सृजनले आभा सुनौलो दिई
मान्छे चिन्नुछ के छ भित्र मनमा ? गर्छ् नि के चिन्तन ?
यात्रा गर्दछु नित्य, खोज्दछु नयाँ संज्ञानको जीवन ।

यस सर्गका श्लोकहरूमध्ये केही श्लोकले भारतको इतिहासको सानो झलक समेत प्रस्तुत गर्छन् । भारत विभिन्न कालमा विभिन्न शक्तिले शासन गर्दा अति पीडित बनेको देश हो र त्यहाँका नेपालीहरूले समेत त्यो पीडा बुझेका छन् भन्ने कुरा यसमा बताइएको छ । यस क्रममा भारतभरि छरिएका नेपाली मूलका मानिसहरूमा बलियो एकता छ भन्ने भावसहितको चिन्तन प्रस्तुत गरिएको छ जसले यस काव्यलाई थप रोचक र रसिलो बनाएको छ ।

दसौँ सर्ग पनि विषयवस्तुका दृष्टिले यात्रा वर्णन नै हो तर त्यहाँ र यहाँको परिवेश, त्यहाँ र यहाँ गरिने मानव चिन्तन, त्यहाँ र यहाँको नेतृत्वका बीच देखापर्ने अन्तर, त्यहाँ र यहाँको अनुशासन र प्रशासनका बीच देखापर्ने भिन्नता तथा त्यहाँ र यहाँ गरिने राष्ट्रिय चिन्तनको भिन्नता आदिबारे तुलनात्मक टिप्पणी गरिएको छ, जुन विमर्श योग्य छ । यस सर्गमा नेपालीहरूको अराजक प्रवृत्तिको आलोचना गर्दै यस्तो टिप्पणी गरिएको छ :

स्वतन्त्रता भनेका छन्, काम गर्छन् अराजक
नियन्त्रण कतै छैन, हुँदैनन् दुष्ट दण्डित
लोकतन्त्र छ यो भन्दै लोकैको घात गर्दछन्
दोषी दण्डविना घुम्छन्, निर्दोष जन मर्दछन् ।

अगाडि लेखिएको छ :

भड्खालोमा परोस् राष्ट्र, जनता मर्दछन् मरुन्
विदेशी जनले आई हस्तक्षेप गरे गरुन्
छैन गम्भीर नेतृत्व, बोल्न मात्रै छ सक्षम
ध्यान यौटै छ नेताको लुट्ने हो कसरी धन ।

यहाँ लेखिएका पङ्क्तिहरूमार्फत नेपाली नेतृत्वको पछौटे मनोविज्ञान, असक्षमता, सामन्तवादी सोचाइको नयाँ रूप, एकलकाँटे पन, सुधारवादी दोसल्लाभित्र अवसरवादको विकास, यथास्थितिवाद, अराजकतावाद, सोचाइमा देखा परेको निरीहता, स्वतन्त्रताको दुरुपयोग, चिन्तन मननको कमी, वैचारिक लगाव नभएको व्यक्तिवादी प्रवृत्ति, नातावाद, कृपावाद, देशलाई दलीय भर्तीकेन्द्र बनाउने सङ्कीर्ण सोचाइबाट माथि उठ्न नसकेको अवस्था, विदेशीहरूको कठपुतली हुन तयार दब्बुपन जस्ता जन विरोधी, देशघाती प्रवृत्ति र कार्यको यथार्थपरक उद्घाटन गरिएको छ । सामन्तवाद हट्यो भन्दै कालो स्वतन्त्रताभित्र जब लुटको खेती गरिन्छ र यही आडमा जब चरम व्यक्तिवादको विकास गरिन्छ; निश्चय नै यस प्रकारको नीतिले राष्ट्र उँभो लाग्न सक्दैन । अधिकारको ढ्वाङ फुकेर तथा खरी झरेको मादल बजाएर विकासको नारा लगाउने असक्षम नेतृत्व नै देश विकासमा मुख्य बाधा हो भन्ने गहन विचार नेपाल र भारतका भिन्न भिन्न स्थितिसँग तुलना गर्दै व्यक्त गरिएको छ । सिक्किमेली जनताको आपसी एकता र अनुशासनले गर्दा त्यहाँ द्रुत गतिमा विकास भइरहेको छ । त्यो विकास देखेर तथा आफ्नो देश भत्किरहेको यथार्थ तथा नेपालीबिचको एकताको कडी टुटेको स्थिति सम्झेर कविले पीडानुभूति व्यक्त गरेको देखिन्छ । नेपाल पछि पर्नुको कारण एकताको अभाव, दूरदर्शिताको अभाव, राजनीतिक बेइमानी, अराजकता आदि हुन् भन्ने विचार व्यक्त गर्दै कविद्वारा जनताको आक्रोशका रूपमा नेतृत्वप्रतिको आक्रोश यसरी व्यक्त गरेका छन् :

जनता क्रुद्ध भै भन्छन्– "नेता यी बेहिसाब छन् !
विदेशी तलुवा चाट्छन्, राष्ट्रघाती निशाच छन्
यी त हुन् राष्ट्रका घाउ, जनघाती पिसाच हुन्
नेपाली राष्ट्रका निम्ति नेता नै अभिशाप हुन् ।"

यी पङ्क्तिहरूले विकृत नेपाली राजनीतिक नेतृत्वको जीवन्त चित्रण गरेको पाइन्छ । नेपाली क्रान्तिका लागि वस्तुगत स्थिति मात्र तयार भएर हुन्न, साङ्केतिक रूपमा मानसिक स्थिति पनि तयार हुनुपर्छ । नेतृत्वकै कारणबाट मौलाउँदै गएको राष्ट्रघात र टुट्दै गएको जन विश्वास नै भोलिको सुन्दर बिहानीका लागि मुख्य बाधा हुन् भन्ने विचारलाई यस्ता अनेक पङ्क्तिले सङ्केत गरेका छन् ।

यस काव्यका विभिन्न सर्गहरूको अध्ययन गर्दै जाँदा एघारौँ सर्गको अध्ययन गरिसकेपछि मलाई केही बेग्लै कुरा भन्न मन लाग्यो । कतिपय कुरा समकालीन समयको सन्दर्भमा आधारित हुँदा रहेछन् । म यहाँ एउटा उदाहरण दिन चाहन्छु । जुन नदीको जहाँ जे जस्तो अस्तित्व छ, त्यस ठाउँमा त्यो त्यही रूपमा नै रहन्छ । त्यसको नामकरण पनि त्यही रूपमा गरिन्छ । जस्तो त्रिवेणीमा आइपुग्दा तीनवटा नदी मिसिन्छन्, मिसिने ठाउँसम्म तिनीहरूको नाउँ बेग्लाबेग्लै छ तर ती आपसमा मिलेपछि अँजुलीमा पानी उठाएर हेरी हामी यो कुन नदीको पानी हो भनेर ठोकुवा गर्न सक्दैनौँ । केवल त्यहाँ पानीको अस्तित्व छ, नदीको अस्तित्व छ । त्यो पानी समान छ । मैले भन्न खोजेको कुरा के हो भने समयले कैयौँ यथार्थलाई इतिहासको गर्भमा लुकाउँछ । कुनै सत्य सधैँका लागि सत्य हुन सक्दैन । सिक्किम र भारतका बीच जुन प्रकारको द्वन्द्व थियो, त्यो घामजस्तै छर्लङ्ग छ । हुन सक्छ त्यहाँभित्र पनि राज्यका सीमारेखाका सम्बन्धमा र अस्तित्वको खोजीमा भित्रभित्रै आगो बलिरहेकै होला । वर्तमान स्थितिमा हाम्रो देशको परिवेशबाट हेर्दा देश टुक्राउने अभिव्यक्ति कसैका प्रवक्ताहरू दिइरहेका छन् जब कि नेपाल स्वतन्त्र राष्ट्र हो । हामी स्वतन्त्र भएकै कारणले हामी गीत, कविता वा अन्य कानुनी स्थितिबाट विगत राष्ट्रका सीमारेखाका विषयमा हाम्रा विचार जनजनको कानमा गुञ्जायमान पारिरेहेका छौँ । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली' भन्दै र 'सीताले सारा भिजाइन् दक्षिण लङ्का भारत, भृकटी तारा उदाइन् उत्तर चीन तिब्बत' भन्दै हामी आफ्नोपनप्रति गौरव गर्छौं । यी सन्दर्भ कहिलेका हुन्, कुन समयका हुन् तर रामायण र इतिहासले जोडेका भाववादी विचारलाई राष्ट्रयतासँग जोडेर हामी अस्तित्वका लागि गौरव गरिरहेछौँ । अर्कातर्फ हाम्रो सीमारेखाका विषयमा 'पश्चिम किल्ला काँगडा पूर्वमा तिष्टा पुगेथ्यौँ, कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौँ' जस्ता पङ्क्तिहरू राष्ट्रियताको सवालबाट गुञ्जायमान पारिरहेका छौँ । त्यहाँसम्मको सीमारेखा हाम्रो हो तर बलियाले हामीलाई लुट्यो ठग्यो भन्दै राष्ट्रचेतको शङ्खनाद गरिरहेका छौँ ।

म यहाँ यस कृतिका केही पङ्क्तिहरू जस्ताको तस्तै उद्धरण गर्न चाहन्छु । जसबाट सिक्किमका नेपालीहरूको मनस्थिति र चिन्तनको स्वरूपमा देखिने उच्चता र निम्नताको स्थिति के रहेछ भन्ने कुराको अनुमान गर्न सकिन्छ । यी पङ्क्तिहरू वैचारिक मन्थनका लागि पनि उपयुक्त देखिन्छन् :

लेन्डुप् दोर्जे बनाएर नकारात्मक विम्बमा
नेपाली कविले लेख्छन् कविता कुन अर्थमा ?
एल्.डी. हुन् अगुवा हाम्रा, वीर नायक क्रान्तिका
खुसी छौँ सिक्किमे हामी, देन हो उनकै पुरा ।

हैन सिक्किमलाई यो निलेको भारतीयले
हामीलाई निकै डस्थ्यो पहिले त्यो भुटानले
न थिए अन्नका दाना, न थियो काम नोकरी
थियौँ बन्धनमा हामी, बाँच्थ्यौँ बोकेर छट्पटी ।

जब भारत यो पायौँ, यसैमा गाभियौँ अनि
बल्ल अस्तित्व पाएर बाँचेका छौँ सुखी बनी
नबुझेर कुरा सत्य, विनातथ्य र मन्परी
नेपाली राजनेताले, त्यहाँका कविले पनि !

निन्दा गर्छन् विनासित्ति ! किन भारतको भन ?
हाम्रा एल्. डी. महात्मामा छर्छन् दुर्भावना किन ?
हामी सिक्किमका मान्छे, हामीलाई छ गौरव
हामी स्वतन्त्र छौँ पूर्ण, हाम्रो जीवन सुन्दर ।

नेपालीहरूले पाऊन् खान, बस्न र लाउन
नेपाली जनले आफै गरून् त्याग समर्पण
हाम्रो निहुँ गरी स्वार्थी दुष्ट नेताहरू किन
राजनीति छुचो गर्छन् ? ढाँट्दै छन् जनता किन ?

किन सिक्किमको चासो ? चासो लेन्डुपको किन ?
कुरा काटेर अर्काको गर्छन् आलोचना किन ?
यहाँ हामीहरूलाई प्यारा लेन्डुप सिक्किम
नेपाली अगुवा गर्छन् विरोध किन हर्दम ?

श्रम गर्नेहरूलाई काम पाउनु हो ठुलो
बेरोजगारका लागि हुन्छ जागिर नै ठुलो
नेपाली सिक्किमेलाई भारतै छ महान् अब
हाम्रा लेन्डुप दोर्जे हुन् क्रान्तिकारी विरासत ।

अर्कामा किन हो चासो ? आफ्ना आफ्ना कुरा गरौँ
निहुँ सिक्किमको पार्ने तरिका बन्द यो गरौँ
नसक्ने काम क्यै गर्न दास भै लत्रिने स्वयम्
उल्टै लेन्डुप दोर्जेका कुरा काट्ने लिँदै अहम् ?

हैन नेपाल बिग्रेको कुनै भारतले गरी
धोकेबाज त नेता हुन् बिग्रियो तिनले गरी ।
तिनी सुधून् स्वयं, आफ्नो दुश्चरित्र सफा गरून्
छाडून् हाम्रो कुरा काट्न, स्वार्थत्याग स्वयं गरून् ।

मैले यहाँ यति लामो रूपमा काव्यांश उद्धरण गर्नुको अभिप्राय के हो भने सिक्किमेहरूको बौद्धिक तथा मानसिकस्तर कस्तो रहेछ र तिनीहरू कुन प्रकारले चिन्तन गर्दा रहेछन् तथा तिनीहरू राष्ट्रियताको सवाललाई कसरी लिँदा रहेछन् भन्ने कुरामा विचार गर्न यी अभिव्यक्तिले सहयोग पुऱ्याउँछन् । सिक्किम भारतमा विलय भएको त्यति लामो अवधि भएको छैन । सानो देश ठूलो देशभित्र विलय भए पनि सानो देशका मान्छेभित्र उत्पन्न हुने विद्रोही चेतनालाई विकास र सुविधाले कसरी दबाउँदो रहेछ, राष्ट्रप्रतिको मोह कसरी भङ्ग गर्दो रहेछ, पैसा, सुख सुविधा र पद प्रतिष्ठाले मान्छेको चेतनाको स्तर कसरी फेर्दो रहेछ भन्ने कुरा पनि यसबाट थाहा पाइन्छ । भारतले सिक्किमको विकासप्रति बढी जोड दिएको कुरालाई त्यहाँका मानिसहरूले कस्तो रूपमा लिँदा रहेछन्, विकास गर्नुको रहस्यलाई कसरी र कुन रूपमा मूल्याङ्कन गर्दा रहेछन्, तिनीहरूका भावना कस्ता रहेछन्, दास मनोवृत्तिको स्वरूप कस्तो हुन्छ ? आदि कुरा पनि यसबाट अनुमान गर्न सकिन्छ ।

हलेदो हो भन्ने जानी जानी त्यसलाई कोट्याउनु राम्रो हुन्न । सिक्किमे नेपालीहरूले आफूभित्र पीडा भए पनि मुटुमा किला ठोकेर पीडालाई दबाउनुपरेको हुन सक्छ । अब तिनीहरू विगतको आफ्नो सामर्थ्य र पहिचान लिन सक्ने स्थितिमा छैनन् । जे नहुनु थियो त्यो भयो । अब यसको विकल्प उनीहरू देख्न सक्दैनन् । सिक्किमे नेपालीहरूको उपर्युक्त विवशताका सम्बन्धमा यस्तो टिप्पणी गरिरहँदा त्यहाँका राष्ट्रवादी सिक्किमेहरूले र सिक्किम भारतमा विलय भएकोमा चित्त नबुझाएका प्रतिनिधि पात्रहरूले व्यक्त गरेका विचारहरूलाई महत्त्व दिएर प्रस्तुत गरेको विश्लेषणलाई पनि महत्त्व दिनु जरुरी हुन्छ । उनीहरूले आफ्नो स्वतन्त्र मुलुक सिक्किमलाई भारतले षड्यन्त्रपूर्वक, ब्ल्याकमेलिङ गरेर तथा सैन्यशक्तिको आडमा आफूमा गाभेको र आफूहरूले त्यस कार्यका विरुद्ध त्यस समयमा सङ्घर्ष गर्न नसकेकोमा पश्चात्ताप गरेको कुरा उनीहरूकै मुखबाट भन्न लगाएका छन् भने साथमा उनीहरूको भनाइलाई नै आधार बनाई तथा आफ्नो क्रान्तिकारी विचारलाई केन्द्रमा राखी कवि ज्ञवालीले स्वतन्त्रताभन्दा ठूलो कुरा भोग विलास वा भौतिक सम्पन्नता हुन नसक्ने धारणा व्यक्त गरेका छन् । यो अभिव्यक्ति यथार्थपरक र स्वीकार्य देखिन्छ । सुनन्दादत्त रायले लेखेको 'फुटाऊ र हत्याऊ' जस्ता इतिहास विषयक पुस्तकले सिक्किमे नेपालीहरूको वर्तमानको सोच र तत्कालीन स्थितिलाई बुझ्न सहयोग गर्छ ।

कवि ज्ञवालीले पनि भानुभक्तको सालिक ढालिँदै गरेको वेलामा तथा नेपाल राष्ट्रका विरुद्धमा विस्तारवादको इसारामा नेपालीहरूलाई नै फुटाउने र यस राष्ट्रलाई धाँजा धाँजा पार्ने षड्यन्त्र भइरहेको वेलामा सिक्किमको विषयवस्तु सान्दर्भिक ठानेर प्रस्तुत गरेको देखिन्छ । यहाँनिर मलाई के भन्न

मन लाग्यो भने सिक्किमेहरूको बाहिरी यथार्थ सुखद जस्तो देखिए पनि स्वतन्त्र राष्ट्र हत्याएर विस्तारवादी भारतले बदमासी त गरेकै हो । त्यस सत्यप्रति आँखा चिम्लिनु जरुरी थिएन । तर त्यस्तो ठाउँ, स्थिति र वातावरणका बारेमा लेख्दा विचार पुऱ्याउनुपर्दो रहेछ, सायद कविले त्यस्तै विचार गरेरै त्यस पक्षमा बहस नगरेका हुन सक्छन् ।

जेहोस्, काव्यले विषयका रूपमा उठाएको र मैले थप रूपमा गरेको यो बहस बौद्धिक पाठकहरूका लागि हो; छाडा र अराजकहरूका लागि हैन । यो मन्थनको विषय हो । लेन्डुप को हुन् र तिनको भूमिका सिक्किममा कस्तो रहेको थियो ? उनको दलाली र गद्दार विचारले पुऱ्याएको क्षतिलाई सिक्किमेहरूले नचाहेर पनि सहनुपऱ्यो । सहनुको विकल्प नभएपछि उनीहरूले त्यस विलयलाई स्वीकार गरेको हुनुपर्छ । कुनै वेला अज्ञानतावश झारले आची पुछेर फालेको ढुङ्गोलाई कसैले फुल चढाएको भनेर मूर्तिको रूपमा लिएका कहानी हामीले सुनकै छौं । भित्रभित्र त्यहाँ पनि भारतीय विस्तारवाद र साम्राज्यवादी हस्तक्षेपको परिणामलाई लिएर बहस हुँदो हो । चुप रहनु सायद उनीहरूको बाध्यता होला । बाध्यताको परिणाम या त विद्रोह हुन्छ, या त स्वीकार हुन्छ । ठिक यस्तै स्थिति लेन्डुपको पनि हुँदो हो । लेन्डुप प्रशासनिक क्षेत्रका सम्बन्धमा त ठिकै मानिएलान् तर राष्ट्रियताको पक्षबाट हेर्दा उनले राष्ट्रघात गरेकै हुन् । यसमा कसैले औंला ठड्याउन मिल्दैन भन्ने मेरो निष्कर्ष छ ।

एघारौं सर्गमा जति मात्रामा नयाँ प्रकारको विषयवस्तु देखा पर्छ, त्यसका तुलनामा बाह्रौं सर्गमा त्यस्तो गहन विषय भेटिन्न । केवल कता कता मन कुँडिएका प्रसङ्ग भेट्न सकिन्छ । यो अभिव्यक्ति दैनिकीको करिब अन्तिम दैनिकी हो । यसमा यात्रा वर्णन मात्र नभई आफूहरू स्वदेश (नेपाल) मा फर्किएको विषयलाई पनि प्रस्तुत गरिएको छ । यस सर्गमा आपसी मेल र मानवीय प्रेमका विषयमा गहन रूपले चर्चा गरिएको छ । यात्रा वर्णनका साथै प्रेमको प्रसङ्ग यस सर्गको विशेष रोचकता हो । प्रेमका विषयमा भनिएको छ :

अनुभूति गरें मैले अलग्गै यस ठाउँको
उदार भावना, माया, जोसिलो जोरथाङको
थिएनन् कपटी आँखा, न थिए दम्भका कुरा
भित्रैदेखि थियो माया, थियो प्रेम पुरा पुरा ।

ठुलो छ प्रेमको शक्ति, मधुरो प्रेमको रस
प्रेमको स्पर्श पाएमा दैत्य बन्दछ मानिस
लिऔं प्रेम दिऔं प्रेम बाडौं प्रेम जतातै
जिन्दगी प्रेमले भर्दै बाँचौं भन्छ बडा दर्सै ।

यस सर्गमा प्रेमको प्रसङ्गमार्फत् भारत र नेपाललाई नेपालीत्वको भावबाट हेरिएको छ । नेपालका नेपालीलाई र भारतका नेपालीलाई भौगोलिक सीमारेखाले अलग्याए तापनि प्रेमभावले जोडेको छ । भानु यी दुईका बीचको मित्रभावलाई कहिल्यै पनि टुट्न नदिने गाँठाका रूपमा रहेका छन् । कतै चिसा भावनाहरू देखा परे तापनि प्रेमभावले सानातिना त्रुटिलाई मेटाएको पाइन्छ । यही प्रसङ्गमा मलाई लेखनाथका दुई पङ्क्ति उद्धरण गर्न मन लाग्यो । उनले लेखेका छन् :

दबिन्छ गुणीको दोष गुणको रासमा परी
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।

तेह्रौं सर्ग भानुभक्तको कृतित्वमाथि गरिएको काव्यिक समालोचनाका रूपमा रहेको छ । कविका यात्रागत दैनिकीहरू टुङ्गिएपछि उनले यस सर्गमार्फत भानुको कृतित्वमाथि समालोचना गरेका छन् । उनले भानुभक्त आचार्यलाई विभिन्न दृष्टिकोणबाट हेरेका छन् । यस क्रममा उनले भानुप्रतिको आफ्नो निजी विचारसमेत व्यक्त गरेको पाइन्छ । यस सर्गमा हप्तादिनको यात्रा सकिएपछि जुन उद्देश्यले त्यो यात्रा गरिएको थियो, त्यसैमा केन्द्रित रहेर समालोचनात्मक अभिव्यक्ति दिइएको छ ।

यो सर्ग विशिष्ट सर्ग हो । यसले कविलाई वैचारिक समालोचकका रूपमा प्रस्तुत गर्छ तर समालोचकले के कुरा बुझ्नुपर्छ भने कसैको युगको साहित्य अरू कसैले लेख्दैन । भन्नुको अर्थ के हो भने भानुभक्त जुन युगमा जन्मिए त्यही समाजको चित्रण गरे । अब उनलाई गाली गरेर उनको जमानामा हाम्रो युगको यथार्थ खोजेर भेटिन्न र त्यो सम्भव पनि छैन । यो युग उनको समाज नपढीकन त्यसै विकसित भएको पनि होइन । अँध्याराको विश्लेषण गरेर उज्यालोतिर जान उनलाई उनकै जमानामा पढ्नुपर्छ, ऐतिहासिक आँखाले अध्ययन गर्नुपर्छ । बितिसकेका कुरालाई व्यङ्ग्यको हिलो छ्यापेर मुखको तितो पोख्नु राम्रो हुन्न । यसो भन्दैमा उनको विषयमा चर्चा गर्नु हुन्न भन्ने मेरो मान्यता होइन ।

अन्तिम सर्गका रूपमा रहेको चौधौँ सर्गमा पाँचवटा श्लोक रहेका छन् । यी श्लोकहरू आफ्नो मौलिक विशेषता वा मौलिक भनाइका रूपमा रहेका छन् । कृति लेखिसकेपछि जे जति जस्तो भन्नुपर्ने हो त्यो वैचारिक वा निष्कर्षका रूपमा यसमा भनिएको छ ।

यात्रा साहित्य ऐतिहासिक परम्परामा (पूर्वीय तथा पाश्चात्य परम्परामा) आख्यानात्मक र काव्यात्मक दुवै रूपमा विशेष महत्त्वका साथ देखा पर्छ । यसको स्थान विशिष्ट वा उच्च, गतिशील र प्रभावकारी स्वरूपको देखिन्छ । सामाजिक एवं वैचारिक विश्लेषणमा आधारित रही आनन्दमय, रसात्मक, रागात्मक, सृजनशील, वर्णनात्मक, मनमिश्रित, थोरै कल्पना र बढी यथार्थ, रमणीय जीवन, श्रम प्रधान स्थिति, सरलता वा जटिलता, समस्यामूलकता, सङ्घर्षशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, आत्मीयता, चित्रात्मकता, स्वच्छन्दता, कल्पना प्रवणता, जीवन, समाज र चिन्तनशील परिवेशबाट देखा पर्नु यात्रा-साहित्यको विशेषता हो । यस कृतिमा पनि त्यस प्रकारको स्थिति देखा पर्छ । यो यात्रा-वर्णन दैनिकीमा आधारित छ । कतिपय सर्गहरू बैग्लाबैग्लै रूपमा रहे तापनि ठोस र मौलिक रूपमा अनुभूति प्रवाहका तहमा भिन्न नरही उस्तै रूपमा देखा पर्छन् तर कवित्व शक्ति सृजनशील ज्वारको रूपमा उठेको पाइन्छ ।

संरचनागत दृष्टिले यो काव्य हेर्दा प्रसङ्गानुसारका चौध सर्गहरूमा विभाजित छ । सबै सर्ग विषयअनुसारका विषयवस्तुमा आबद्ध छन् । प्रथम सर्गमा छ श्लोक रहेका छन् । दोस्रो सर्गमा सात श्लोक रहेका छन् । तेस्रोमा उनान्तीस श्लोक रहेका छन् । चौथोमा चालीस श्लोक रहेका छन् । पाँचौँमा ४२ श्लोक रहेका छन् । छैटौँमा ३५ श्लोक रहेका छन् । सातौँमा ३१ श्लोक रहेका छन् । आठौँमा ५८ श्लोक रहेका छन् । नवौँमा ४० श्लोक छन् । दसौँमा ३४ श्लोक छन् । एघारौँमा ८२ श्लोक छन् भने बाह्रौँमा ५२ श्लोक छन् । तेह्रौँमा ३९ श्लोक छन् र चौधौँमा ५ श्लोक रहेका छन् । पिङ्गल शास्त्रीय छन्दहरूमध्ये मूलतः अनुष्टुप् छन्दमा र गौणतः शार्दूलविक्रीडित छन्दमा प्रस्तुत यात्राकाव्यको रचना गरिएको छ ।

अन्तर्वस्तुका दृष्टिबाट हेर्दा पहिलो सर्ग 'हिँडूँ, नित्य हिँडी रहूँ' यात्राकारको यायावरीय यात्रामोहप्रति प्रबल आकर्षणको प्रदीप्त परिवृत्तमा केन्द्रित छ । यसमा कर्म, गतिशीलता, सहिष्णुता, सङ्घर्षशीलता, सत्य, न्याय, समानता र असल सभ्यता, मैत्रीभाव, हार्दिकता, राष्ट्रियताको सेतु, सीमाबद्ध भए तापनि एकता र समानताप्रति कविको अपार आस्था र निष्ठाभाव प्रकट भएको छ ।

गतिशीलता, छन्द प्रयोगको कुशलता र कवित्वका विषयमा चर्चा गर्नुपर्दा यस यात्राकाव्यमा काव्यकार ज्ञवाली सफल कवि देखिन्छन् । यात्राका क्रममा साक्षात्कृत साना साना कुराहरूमा पनि गम्भीर दृष्टि दिन सक्ने तथा सूक्ष्मातिसूक्ष्म विषयहरूबीच घुलन गर्न सक्ने क्षमताले उनी अत्यन्तै संवेदनशील, सहिष्णु, गुणग्राही, हार्दिक एवं

भ्रातृभावले सम्पन्न तथा सहयात्रीहरूप्रति सदा सहयोगी र मिलनसार स्वभावका, प्रकृति प्रेमी, इतिहास प्रेमी र राष्ट्रप्रेमी यात्राकारका रूपमा देखिन्छन् ।

सर्गान्तमा एक एक श्लोकका रूपमा शार्दूलविक्रीडित छन्दको प्रयोगबाहेक सम्पूर्ण रूपमा आद्योपान्त अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । पिङ्गल शास्त्रीय अनुष्टुप् छन्दका अनेक भेद प्रचलित छन् । तीमध्ये कविले यस काव्यमा मूलतः प्रत्येक पाउको पाँचौं अक्षर लघु र छैटौं अक्षर गुरु तथा पहिलो र तेस्रो पाउको सातौं अक्षर गुरु अनि दोस्रो र चौथो पाउको सातौं अक्षर चाहिँ लघु हुने विशेष प्रचलित भेदलाई अवलम्बन गरेका छन् । प्रत्येक पद्यमा अन्त्यानुप्रासको सुसंयोजन गरिएको हुँदा काव्यमा स्वभावतः साङ्गीतिक मोहकता भरिएको छ । प्रचलित नयाँ वर्ण विन्यासँग नजिकिन नसकेका र पुरानै मानक वर्ण विन्यासमा अभ्यस्त भएका पाठकहरूलाई यहाँ प्रयुक्त केही शब्द (फुल, मिठो, पिर, बिच, बुढो.... आदि) पढ्दा असहज वा किरीकिरी लाग्न पनि सक्छ तर अनुप्रासको आद्योपान्त उपस्थिति र श्रुति माधुर्य तथा सरल, सहज र लालित्यमय भाषाको अकृत्रिम प्रयोगका कारण यो काव्य सबैजसो पाठकलाई सहज रूपमा सम्प्रेषणीय हुने देखिन्छ । यस काव्यलाई कवित्व शक्तिका दृष्टिले हेर्दा कवित्व अथदेखि इतिसम्म भुल्भुलाएर प्रवाहित भएको देखिन्छ । यात्राको गतिमयताको वर्णन प्रसङ्गमा होस् वा परिवेश र दृश्य वर्णन प्रसङ्मा होस् वा निजी अनुभूतिको प्रकटन प्रसङ्गमा होस्; सर्वत्र नै कविको कवित्व निर्बाध रूपले अजस्र गतिमा सललल बगेको पाइन्छ । अनुभूतिको आवेग, संवेदनाको संवेग, कल्पनाको उडान, भावनाको उच्छलन, विचारको प्रगतिशीलता, भाषाको लालित्य र शैलीको आलङ्कारिता जस्ता सातवटै कुराको सम्मीलनले यस काव्यको कवित्व सशक्त बनेको देखिन्छ ।

जे होस्, नेपाली यात्रा साहित्यअन्तर्गतको काव्ययात्राका तहमा 'हिँडी रहूँ हिँडी रहूँ' लाई हेर्दा यसलाई नवीन विचार, सङ्घर्षपूर्ण प्रगतिशीलता, जीवनका नयाँ अनुभव, स्वदेश र विदेशको मिलन, नेपालीको अस्तित्वबारे बहस गर्दै राष्ट्रभित्र देखा परेका अराजकता वा विखण्डनकारी सोचको विरोध गर्ने काव्यका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । कवित्वका तहबाट हेर्दा यसका हरेक पङ्क्तिहरू सरल, भावपूर्ण, विचार प्रबल र लयात्मक छन् । यस काव्यको रचना गर्नुभन्दा पहिले नै महाकाव्य र खण्डकाव्य लेखिसकेको कवि व्यक्तित्वबाट लेखिएकाले यस प्रकारको कृति नेपाली साहित्यले प्राप्त गर्नु कुनै अनौठो नै त नहोला तर सात दिनको यात्रालाई लिएर शताब्दियौँसम्म नेपाल र भारतका बीचका नेपालीहरूको प्रगाढ मिलनलाई अझै उज्यालोतिर लग्ने सम्भावना देखाउनु यस काव्यको उल्लेख्य प्राप्ति देखिन्छ ।

आजको समयमा नेपाली भाषा नेपालको मात्र नभई दक्षिण एसियाको भाषा बनिसकेको छ जसमा उत्कृष्ट साहित्य लेखिन सक्छ भन्ने कुराको पुष्टि यस काव्यले गरेको छ । ५०० मा श्लोक रचिएका खण्डकाव्य पनि हुन सक्छन् तर सबै सर्गको विषयवस्तु जोड्दा महाकाव्यको कथावस्तु बन्न सक्ने स्तरको काव्यमा यसलाई लिन सकिन्छ । सर्गहरू छोटा भए तापनि कवितामा अन्तर्घुलन भएर देखा परेको आख्यान लामो छ । तसर्थ केही छिटपुट तत्त्वले साथ नदिए तापनि विषयवस्तुको सङ्गठन, अनुभूति प्रवाहको आख्यानीकरण, भाषाशैलीको मोहकता र विचारको स्पष्टताका साथै संरचनागत आकार-प्रकारका आधारमा यस यात्राकाव्यलाई खण्डकाव्यभन्दा ठूलो महाकाव्य समकक्षी प्रबन्ध काव्यका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । यात्राको वर्णन मात्र नभई भाव, विचार र कलाको विशिष्ट प्रयोग गरिएकाले यस काव्यलाई यात्रा साहित्यमा गरिएको पछिल्लो नवीन प्रयोगका रूपमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।

❖❖❖

समालोचना

महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको सुलोचना महाकाव्य

■ डा. सुभाषचन्द्र अधिकारी

महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा स्थापित भएका छन् । पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मीका सुपुत्र देवकोटाको नाम तीर्थमाधव देवकोटा हो र गाईतिहारे औँसीका दिन जन्मिएका हुनाले लक्ष्मीको प्रसाद सम्झिएर उनलाई लक्ष्मीप्रसाद राखिएको हो । लक्ष्मीको प्रसाद नभई सरस्वतीका भक्तिपुत्रका रूपमा नेपाली समाजले चिन्ने अवसर पायो ।

लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनको मुख्य क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक दृष्टिले समेत देवकोटाका कविता-काव्यले विशेष उचाइ प्राप्त गऱ्यो । उनका खण्डकाव्य र महाकाव्यले नेपाली साहित्य जगत्मा विशेष उचाइ राख्ने भएकोले देवकोटा महाकविका रूपमा प्रसिद्ध हुन सफल भए । साहित्यिक व्यक्तित्वका अतिरिक्त शिक्षक-प्राध्यापक हुँदै वि.सं. २०१४ सालमा शिक्षामन्त्री पनि बनेका थिए ।

बाल्यकालदेखि नै कविता सिर्जनामा तल्लीन बनेका देवकोटाले लेखनाथ पौड्याल र बालकृष्ण समको परिष्कारवादी तथा शास्त्रीयतावादी काव्यलेखन परम्परालाई अवलम्बन गर्दै प्रशस्त प्रेरणा र हौसला प्राप्त गरी वि.सं. १९८५-९५ का वरपरमा स्वच्छन्दतावादी काव्यलेखनको एउटा छुट्टै उचाइ प्रस्तुत गर्न सक्ने कविका रूपमा आफूलाई चिनाउन सफल भए । 'पूर्णिमाको जलधि' 'गरीब' जस्ता कविता छपाएर परिचय दिँदै अगाडि बढेका देवकोटाले वि.सं. १९९२ सालमा नेपाली समाजलाई मनपर्ने लोकप्रिय 'मुनामदन' खण्डकाव्य प्रकाशित गर्न सफल भए । नेपाली साहित्य र काव्यजगत्मा छुट्टै मानवतावादी दर्शन बोकेर देखापरेको उनको यस काव्यले सबैलाई आकर्षित गर्न सफल भएको देखिन्छ । नेपाली काविताले आधुनिकता प्राप्त गर्न पनि यसै समयदेखि सफल भयो ।

लक्ष्मीप्रसाद देवकोटाले धेरै साहित्यिक कवितात्मक सिर्जना प्रस्तुत गरेर पनि 'शाकुन्तल' महाकाव्यबाट मात्र उनको सफल र उच्च काव्यलेखन प्रमाणित भएको स्पष्ट हुन्छ । 'सुलोचना', 'महाराणाप्रताप' 'वनकुसुम' 'प्रमिथस' 'पृथ्वीराज चौहान' जस्ता महाकाव्यहरू नेपाली साहित्य जगत्ले अनमोल सम्पत्तिका रूपमा प्राप्त गरेको छ । उनको काव्यलेखनको मूल स्रोत अँग्रेजी रोमान्टिक काव्यधारा नै हो र यसैबाट प्रेरित र प्रभावित भएर उनले आफ्नो काव्ययात्रालाई अगाडि बढाएका हुन् । देवकोटामा बङ्गाली स्वच्छन्दतावाद, हिन्दी छायावादका साथै कालीदासीय प्रकृति-प्रयोगका अनेकौँ सौन्दर्यको प्रभाव परेको छ । देवकोटाले नेपाली साहित्यमा पुरक किसिमको स्वच्छन्दतावादी प्रगतिवादी काव्यधारालाई सशक्त ढङ्गले हुर्काउँदै अगाडि बढाए । देवकोटाका कृतिहरूमा वस्तुसौन्दर्यता भन्दा हार्दिकता, कोमलता भन्दा पनि अझ बढी आत्मपरक भाव ऊर्जा सलबलाएको बढी मात्रामा भेटिन्छ । प्रवृत्तिगत दृष्टिले हेर्दा भावनाका ज्वाराभित्र सिर्जनाको उचाइ प्रस्तुत गरेर नेपाली समाज र युगले भोगेका पीडाहरू प्रस्तुत गर्नु उनको मुख्य प्रवृत्तिगत विशेषता मान्न सकिन्छ ।

प्रकृतिबाट झरेको झर्नाजस्तै लय वा भावको गहिराइमा पुगेर देवकोटाले जीवनजगत्को अवलोकन गरेका छन् । शास्त्रीय छन्द, मात्रिक छन्द र लोकछन्दका माध्यमबाट साङ्गीतिक भावप्रवाहलाई उत्कर्षमा पुऱ्याउन उनी सफल भए । प्रकृतिजगत् र जीवनका विविध अँध्यारा-उज्याला परिवेशभित्र रहेर उनले आफ्नो काव्यलेखनलाई अगाडि बढाए । आर्यसभ्यताको माया गर्दै नेपाली राष्ट्रिय परिवेश अनि जडताविरुद्धको क्रान्तिचेतलाई काव्यमा स्थान दिए । सामाजिक, आर्थिक असमानताले भित्र्याएको नेपाली समाजको विभिन्न रूपलाई पनि कावितामार्फत् व्यक्त गर्न सफल भए । मानवीय स्वतन्त्रता, समानता र भातृत्वका आदर्शमय विचारलाई पनि संवेदनशील ढङ्गले प्रस्तुत गरी युगलाई अन्यायबाट मुक्त गराउन उनको लेखनी सशक्त बनेको देखिन्छ । सामन्ती वा औद्योगिक व्यवस्थालाई निर्माण गरेको मानव सभ्यता भन्दा 'प्रकृतितर्फ फर्क' भन्ने प्राचीन मान्यताकै सेरोफेरोमा रहेर मानवलाई सभ्यताको पाठशालामा आउन अनुरोध गरे । प्रकृति, ईश्वर र मानिसको त्रिकोणात्मक सम्बन्ध प्रस्तुत गरी उनले मानवतावाद र राष्ट्रियताको मूल आदर्शलाई सबैले परिपालना गर्नुपर्छ भने ।

उनका विभिन्न साहित्यिक कृतिहरूमध्ये 'सुलोचना' पनि एक हो र २००२ सालमा लेखिएर २००३ सालमा प्रकाशित हुने अवसर यस महाकाव्यले पायो । राणाकालीन नेपाल र खासगरी वि.सं. १९९५ सालतिरको बाहुन, क्षेत्री तथा नेवार परिवारमा देखिएको विसङ्गतिलाई घटना वा कथावस्तुको रूपमा उनले प्रस्तुत गरे । जम्मा पन्ध्र सर्गमा संरचित यस महाकाव्यको पहिलो सर्ग मङ्गलाचरणमै झाङ्गिएको छ । पूर्वीय काव्यमान्यता अनुसार सरस्वती, सूर्य, शिव, गणेश आदि देवीदेवताको आह्वान र प्रार्थनामा आधारित छ । दोस्रो सर्गमा सुलोचनाको वंशावली सम्बन्धी लामो घटना शृङ्खला उल्लेख भएको छ । गङ्गाका किनारामा रहेको शान्तिपुरी भन्ने ठाउँमा द्विषन्मर्दन नामका राजा थिए । सिकार खेल्न जाँदा पानी खान आएको मृगलाई मारेपछि उनले मासु खान छोडे । सपनामा अम्बिकाको दर्शन भएर त्यस ठाउँमा स्वर्ण मन्दिर स्थापना गर्न पुगे । त्यसपछि राजा भएका व्याघ्रमर्दनले राज्यव्यवस्थालाई राम्रो पारेर गणेशको मन्दिर बनाए । व्याघ्रमर्दनका 'सुकला' र 'विमला' दुई रानीबाट एक-एक छोरा जन्मिए । सुकलाका छोरा अरिमर्दन र विमलाका छोरा दुष्टमर्दन भए । वास्तवमा शत्रुर्मदन सिंह नै सुलोचनाका बाबु हुन् । शत्रुमर्दन पहिलो विश्वयुद्धमा लड्दा आँखा गुमाउनुपरेकाले कप्तानको दर्जाबाट अवकाश पाएका सैनिक हुन् । दोस्रो सर्गभरि यिनै वंशावलीको वर्णन भएको पाइन्छ । तेस्रो सर्गमा सुलोचना महाकाव्यको कथाको बारेमा वर्णन भएको छ । अनङ्गनाथ खत्री (अनङ्ग) महाकाव्यका नायक वा मुख्यपात्रका रूपमा रहेका छन् । सुलोचना बगैंचामा गीत गुनगुनाएर बसेकी बेलामा अनङ्ग र सुलोचनाका बीच प्रेमसूत्र अगाडि बढ्छ । चौथो सर्गमा मर्दन दाजुभाइले ईश्वर छैन (नास्तिक) भन्ने विषयमा तथा अनङ्ग र सुलोचनाले ईश्वर छ (आस्तिक) भन्ने विषयमा गम्भीर छलफल गर्छन् । जवान छोरी र जवान परपुरुषसँग बन्द कोठामा छलफल हुनुले सुलोचनाका बाबु शत्रुमर्दनलाई सह्य हुन सक्दैन । पाचौं सर्गमा शत्रुमर्दन र मखनाले आफ्नी छोरी सुलोचनाको बिहे गरिदिने निर्णय गर्छन् । छैठौं सर्गमा बिहेको टुङ्गो लागिसकेको कुरा सुलोचनाकी सँगिनी कलाले सुनाउँछिन् । सातौं सर्गमा सुलोचना भाग्नका लागि तयार हुँदा आमा मखनाले थाहा पाउँछिन् । आठौं सर्गमा बलजफत आमाबुबाले छोरी सुलोचनाको विवाह गरिदिन्छन् । नवौं सर्गमा सुलोचनाको वैवाहिक जीवनको चित्रण गरिएको पाइन्छ । दसौं सर्गमा तिमिरमर्दन बहिनी सुलोचनालाई भेट्न गएको विषय छ । एघारौं सर्गमा 'गृह-अत्याचार' का बारेमा व्यक्त गरिएको

छ । बाह्रौं सर्गमा शिशु र सुत्केरीको हेरविचारको विषय छ । तेह्रौं सर्गमा सुलोचनाउपर आरोप लगाइएका घटनाहरू देख्न सकिन्छ । चौधौं सर्गमा नायक अनङ्ग वनतर्फ गएको छ र खासगरी शिवपुरी पुगेको सङ्केत गरिएको छ । खानेकुराको अभावमा पारिवारिक जीवन लथालिङ्ग हुन्छ भन्ने सङ्केत पाइन्छ । सुलोचनाको अवस्था पनि उस्तै खालको छ । पन्ध्रौं सर्गमा सुलोचनाको मृत्यु भएर आर्यघाट पुऱ्याएको सन्दर्भ देख्न सकिन्छ ।

'दुःखमय विपना
सुखमय सपना ।'

जीवन दुःखले भरिएको छ भन्ने सङ्केत यस कविताले व्यक्त गरेको छ । वास्तविक जीवनमा सपनाको सुखभोग हुन सक्दैन । त्यस समयमा दिदी-बहिनी, दाजुभाइ, आमा-बुवाका स्वभाव जे-जस्तो थियो, त्यस्तै ढङ्गले देखाएका छन् । त्यस समयमा जातपात, घरघरान, इज्जत, मान, प्रतिष्ठा आदि विषयमा छुट्टै अहङ्कार थियो । ठूलाहरूले सामान्य वर्गका मानिसलाई हेप्ने, चेप्ने र दुःख दिने गर्थे । पुरानो समाजमा हुकुमी परम्परा चलाएर बसेका मानिसहरूले सजिलो ढङ्गले युवापुस्तालाई नयाँ ढङ्गको मूल्य र मान्यता हस्तान्तरण गर्न चाहँदैन । 'सुलोचना' महाकाव्यमा नयाँ र पुरानो पुस्ताका बीचमा देखिएको सामाजिक सङ्क्रमणको द्वन्द्व प्रस्तुत गरिएको पाइन्छ । सुलोचनाकालीन हाम्रो समाज, परम्परावादी (पुरानो पुस्ता) र प्रगतिवादी (नयाँ पुस्ता) दुई धारमा विभाजित भएको थियो । नयाँ पुस्ताले सम्पूर्ण पुराना संरचनालाई खतम पारेर आफ्नो अस्तित्व कायम गर्न चाहन्छ र यसो गर्नु पनि पूर्णरूपमा राम्रो होइन । पुरानो पुस्ताले पनि केही न केही आफ्ना प्राचीन समयदेखि चल्दै आएका मूल्य मान्यतालाई जोगाइ राख्न चाहन्छ । यिनै र यस्तै कारणले पुरानो र नयाँ पुस्ताबीच द्वन्द्व वा सङ्घर्ष भइ नै रहन्छ । हार्ने समाज वा पुस्ताले पनि केही न केही गुमाएको अनुभव गर्छ र उनीहरूका बीचमा पनि खासै शान्ति रहँदैन ।

मखना र शत्रुमर्दनले बलजफत छोरी सुलोचनाको बिहे गरिदिएपछि जुन खालको सुख, र आनन्दको अनुभूति गरेका थिए, त्यो धेरै समय टिक्न र रहन सकेन । आखिरमा सुलोचनाको प्रेमपीडित जीवन देखेर मरणासन्न स्थितिमा आर्यघाट पुगेकी आमा मखनाले पश्चातापबाहेक अरू के नै पाइन् र ? सङ्क्रमणकालीन नेपाली सामाजिक जीवनको अस्तव्यस्त रूप प्रस्तुत हुने प्रमुख कारण पनि यही नै हो ।

नेपाली महाकाव्य परम्परामा 'सुलोचना' एक प्रयोगधर्मी महाकाव्य हो । नेपाली महाकाव्य-परम्परामा यस महाकाव्यले क्रान्तिकारी परिवर्तन ल्याउन कोसेढुङ्गाको काम गरेको छ । सुलोचना महाकाव्यमा पूर्वीय मान्यताका रूपभन्दा पनि सामाजिक जीवनका अनेकौं पीडाहरूलाई मुखारित गर्ने काम भएको छ । 'सुलोचना'मा ईश्वरवाद र अनिश्वरवादको रूप देख्न सकिन्छ । महाकाव्य जस्तो अत्यन्तै शक्तिशाली विधालाई पनि सरल ढङ्गले प्रस्तुत गरी जीवन जगत्का यथार्थलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न सक्नु देवकोटाका लेखनीको मुख्य वैशिष्ट्य मान्न सकिन्छ । महाकाव्य मान्यताका कोणबाट वर्जित सामाजिक, औपन्यासिक विषयवस्तुको छनोट गर्नु, कविता, उपन्यास वा कविता, नाटकको नाम दिनु, महाकाव्योचित नायकको छनोट नगरी नारीप्रधान वा नायिकाप्रधान शीर्षक दिएर कतिपय सामाजिक परम्पराप्रति विद्रोह र व्यङ्ग्य गर्दै 'सुलोचना' महाकाव्य जुन समाज, परिवेश सेरोफेरो तथा आधारभूमि मानेर लेखियो, यी सबै हेर्दा देवकोटा एक क्रान्तिकारी, प्रगतिवादी तथा स्वच्छन्दतावादी कवि छन्, भन्दा अतिशयोक्ति नहोला । यसै गरी 'सुलोचना' महाकाव्यलाई प्रयोगधर्मी महाकाव्यका रूपमा स्थापित गराएर महाकवि लक्ष्मीप्रसाद देवकोटा एक सफल र सामाजिक कवि व्यक्तित्वका रूपमा स्थापित हुन सफल भए ।

❖❖❖

लघुकथा

चरित्र

■ लीलाराज दाहाल

निकै लामो दौडधुप र केन्द्रीय नेताहरूको परिक्रमापछि वीरबहादुरको जिल्ला स्तरको नेताबाट केन्द्रमा बढुवा भयो । उसको अनुहारमा मुस्कानको लहर दौड्न थालेको थियो । ऊ अब उमङ्गको पङ्खा हम्केर बस्न थालेको थियो ।

उसको बढुवासँगै उसको दिनचर्या पनि बदलियो । ऊ अब सधैँ अन्तरक्रिया, गोष्ठी, सेमिनारहरूमा व्यस्त हुन थालेको थियो । सधैँ निराशाको आसनमा रहने ऊ अचानक खुशी देखिन थालेकाले उसकी श्रीमती पनि छक्क पर्न थालेकी थिई । तर सोध्ने आँट भने गर्न सकेकी थिइन ।

उसलाई पत्रकारहरूले पनि प्रखर वक्ताका रूपमा स्वीकार्न थालेका थिए । घरेलु हिंसा, महिला हिंसा, चेलीबेटी बेचबिखन, लागूऔषध जस्ता सामाजिक विकृतिहरूका बारेमा सशक्त रूपमा भाषण दिन थालेको थियो ।

एक दिन खुल्लामञ्चमा महिला हिंसा विषयक एक भव्य कार्यक्रमको आयोजना भएको थियो । कुनै ठूलै एनजिओद्वारा प्रायोजित उक्त कार्यक्रममा उसलाई पनि वक्ताका रूपमा आमन्त्रण गरिएको थियो । उसको पालो आउनासाथ उसले मञ्चको अग्रस्थानमा उभिएर अलि जोशिलो भाषण गऱ्यो – "आदरणीय जन समुदायहरू ! आज हामी अत्यन्तै संवेदनशील अवस्थामा छौँ । आज हामीमाझ परम्परागत कुरीति, विकृति, विसङ्गतिले गर्दा देशको विकास हुन सकिरहेको छैन । बालविवाह, यौन दुर्व्यवहार र दाइजोप्रथाले गर्दा महिला दिदी बहिनीहरू आक्रान्त बनेका छन् । उनीहरू आत्महत्या गर्न विवश छन् । जिउँदै जलाइएका छन् । जबसम्म महिलाहरू सशक्त हुँदैनन् । जबसम्म उनीहरूको आत्मसम्मानलाई सबैले स्वीकार गर्दैनन्, तबसम्म देश विकास हुँदैन । म यति भन्दै .....।"

उसको भाषण सकिने बित्तिकै दर्शकदीर्घाबाट आएको तालीको गडगडाहटले वातावरण नै उत्साहित भयो । मानिसहरूले नेता हुनु त वीरबहादुर जस्तो हुनु भनेर खुलेरै प्रशंसा गर्न थालेका थिए । यस्तो नेता भएमात्र देश विकास हुन्छ भनेर सबैले तारिफ गरे । तर बिचरा ती सोझासिधा जनताहरूलाई के थाहा ? नेता वीरबहादुरले बिहेमा दाइजो ल्याउन नसकेकी र छोरीमात्रै जन्माएकी भनेर हिजोमात्रै आफ्नी श्रीमतीलाई चरम यातना दिएर घरबाट निकालेको थियो ।

कर्मैया, सर्लाही, हाल काठमाडौँ ।

लीलाध्वज थापा साहित्य प्रतिष्ठानको मासिक रचना वाचन कार्यक्रममा सहभागी बनौँ ।

प्रत्येक महिनाको दोस्रो शनिबार, ठीक ११:०० बजे, बालुवाटार, काठमाडौँ
सम्पर्क : ९८४१२४५६९३

समीक्षा

डायस्पोराका कवि देश सुब्बा रचित 'हेमिङ्वेको माछा' कविताको विश्लेषण

■ खुमबहादुर खड्का

१. विषय प्रवेश

डायास्पोरा ग्रिसेली नाम शब्द हो । यो शब्द डाया (dia) र स्पिरिन (speirein) मिली बनेको संयुक्त क्रियाबाट व्युत्पन्न भई बनेको हो । यसको शाब्दिक अर्थ तितरबितर हुनु, छरिनु, विकीर्णन हुनु वा अलग हुनु हो भन्ने हुन्छ । यस शब्दले प्राचीन समयमा प्यालेस्टाइनबाट बाहिर निर्वासित भएर बसेका यहुदीहरू र उनीहरूको निर्वासित जीवनलाई बुझाउँथ्यो । वर्तमान समयमा यसले विस्तृत अर्थमा संसारका जुनसुकै देशबाट विभिन्न कारणले आफ्नो मातृभूमि छोडी अन्य देशका भूमिमा छरिएर बसेका समुदायलाई बुझाउँछ । यसै गरी डायस्पोरिक साहित्य शब्दले बिरानो मुलुकमा बसेका र बस्न बाध्य समुदायका मानिसले त्यहाँको जीवन भोगाइका सुख, दुःख, रोमाञ्च, भय, चिन्ता, ऐकान्तिकता, गृहविरह आदिलाई समेटेर लेखिएको साहित्यलाई बुझाउँछ । नेपालीहरू पनि युद्ध, गरिबी, रोजगारी, अध्ययन, अनुसन्धान, सुनौलो र स्वतन्त्र जीवनको खोजी, डि.भी., पि.आर., वैधानिक बसाइँसराइ आदिका कारण विश्वका विभिन्न मुलुकमा पुगेर त्यतै स्थायी रूपमा बस्ने प्रवृत्तिका कारण नेपाली डायस्पोरा निर्माण गरिरहेका छन् । तिनै डायस्पोराजीवी नेपालीहरूले लेखेको साहित्य नेपाली डायस्पोरा साहित्य हो । डायस्पोरामा रहेर नेपाली भाषा साहित्यमा कलम चलाउने स्रष्टाहरूमा होमनाथ सुवेदी, देश सुब्बा, मधुमाधुर्य, राजव, ज्ञानेन्द्र गदाल, कृष्ण बजगाइँ, सञ्जु बजगाइँ, सुन्दर जोशी, जया राई, मीरा प्रधान, नम्रता गुरागाईं, केदार सुनुवार आदि प्रमुख रहेका छन् ।

देश सुब्बा हङकङ डायस्पोराकाशमा देखा परेका विशिष्ट प्रतिभा हुन् । उनीद्वारा रचित 'हेमिङ्वेको माछा' कविता डायस्पोरिक जीवन प्रतिविम्बत भएको उत्कृष्ट कविता हो । यो कविता मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्नातक तहको पाठ्यक्रम 'नेपाली डायस्पोरा साहित्य (नेपा. शि. ४६१)' मा समाविष्ट छ । यसको समीक्षा, समालोचना, खोज र अनुसन्धान नभएकाले प्रस्तुत लेखमा २. मा कविको परिचय र प्रवृत्ति, ३. मा हेमिङ्वेको माछा कविता, ४. मा हेमिङ्वेको माछा कविताको विश्लेषण, र ५.मा निष्कर्ष जस्ता शीर्षक राखी अध्ययन विश्लेषण गरिएको छ । यसबाट सामान्य रूपमा भए पनि स्नातक तहका विद्यार्थी, नेपाली डायस्पोरा साहित्य अध्ययन गर्ने शिक्षक, नेपाली डायस्पोरा साहित्यका पाठकहरूलाई समेत सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

२. कवि देश सुब्बाको परिचय र प्रवृत्ति

देश सुब्बा डायस्पोरा साहित्य आकाशका चम्किला तारा हुन् । यिनको जन्म सन् १९६५ मा पिता कुवीरजङ्ग लिम्बू र माता तिलमती लिम्बूको कोखबाट भएको हो । धरानमा जन्मिएका देश सुब्बा सन् १९९६ देखि निरन्तर हङकङमा बस्दै आइरहेका छन् । हङ्कङमा बसेर पनि नेपाली भाषा साहित्यलाई अगाध स्नेह गर्ने देश सुब्बाले उपन्यास, कविता र दर्शनका क्षेत्रमा सफल कलम चलाएका छन् । उनका उपन्यासहरूमा दोषीकर्म (वि.सं. २०५०), अपमान (२०५२), सहिद (२०५६) र आदिवासी (२०६४) गरी चारवटा रहेका छन् । यसै गरी उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । भयवाद (सन्

२०१४) उनको दार्शनिक कृति हो । यसले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको डा. श्याम कार्की तथा इन्दिरा कार्की अवार्ड (२०१४) प्राप्त गरेको छ । यसको अङ्ग्रेजी संस्करणले नेशनल इन्डी एक्सेलेन्सी अवार्ड (२०१५), इन्टर नेशनल बुक अवार्ड क्यालिफोर्निया (२०१५) र न्युयोर्क बुक फेस्टिबल (२०१५) जस्तो विश्वप्रसिद्ध अवार्ड प्राप्त गर्न सफल भएको छ । कविता साहित्यमा डायस्पोरिक जीवनका अनुभूतिहरूको स्वच्छन्द प्रवाह गर्नु, ठूला-ठूला महत्वकाङ्क्षाले जीवनमा ल्याएका दुःखद् स्थितिको चित्रण गर्नु, विरानो मुलुकमा डायस्पोराजीवीले भोग्नुपरेका भय, पीडा, सङ्घर्ष, विभाजित मानसिकता, गृहविरह र डायस्पोराले निलेको जीवनको अत्यन्त मार्मिक र कलात्मक प्रस्तुति गर्नु उनका कवितात्मक प्रवृत्तिहरू हुन् ।

३. हेमिङ्वेको माछा कविता

- देश सुब्बा

समुद्रको चट्टाने हङकङ
परिश्रमले घोटेर मुलायम भएको
यस सहरमा
सुखदुःख, जाडो गर्मीले पाकेर
हाडैहाड भएको म

१

फूलको पालुवा फेरिएजस्तै
पत्रपत्र त्वचा फेरिन्छ शरीरमा र
बाँकी रहन्छ गोहीको बाक्लो छाला
जिन्दगीको बोझले थिचिएर
यो छालाजस्तै भएको छ दिमाग

२

सम्झना टुट्छन् बीचबीचमा
पढेको पुस्तक स्मरणमै बिलाउँछ
एकोहोरो भेडाजस्तै कुदिरहेको छ
थाक्दै गएको शरीर

३

बर्षेनी लुगा फटाउँदै छु हङकङमा
लुगासँगै फाट्दै गएको छु 'म'
मलाई थाहा छैन
कति छोटो समय
यौवनले फक्रेको उमेर
फाट्दै फाट्दै चौरी परिसकेछ

४

चौरी परेको उमेर फाटेको दिन
मेरो महत्त्वाकाङ्क्षा फाट्ने छन्
सधैँ हतारिदै कुद्ने जिन्दगी फाट्नेछ

५

तर मैले कहिले सोचिन
हङकङकै माटोमा अस्ताउँछु भनेर
मैले त सधैँ ठानिरहे
यहाँको पहाडबाट चुहिदै गरेको
पैसा बटुलेर
आलिशान जीवन-महल बनाउने छु
समुद्रमा तैरिदै गरेको मोती उखेलेर
जीवन-रङ्ग लगाउनेछु
यस्तै मीठो सपना बुन्दाबुन्दै
पत्तै नपाई
कहिले हङकङको जालीमा फसेछु

६

पूर्ति गर्न नसक्ने आवश्यकता,
महत्त्वाकाङ्क्षाले मेरो
शरीरको कुनाकाप्चाबाट
मासु लुछ्दैलुछ्दै लान्छ
त्यस्तै
काम नपाउने पीर
कामबाट निकालिने भय
र परिवारको कर्तव्यले
टोक्दै टोक्दै खान्छ
अनि एक दिन
हेर्दाहेर्दै म
हङकङको जालोमा परेको
हेमिङ्वेको माछा हुन पुग्छु

बस् हामी सबै
हेमिङ्वेको माछामात्र रहेछौँ ।

७

(स्रोत : स्वयम् स्रष्टाबाट मिति 11 Dec. 2015 at 9:46 AM मा प्राप्त)

४. हेमिङ्वेको माछा कविताको विश्लेषण

हेमिङ्वेको माछा शीर्षकको कविता देश सुब्बाद्वारा लेखिएको उत्कृष्ट कविता हो । यस कवितामा स्वयम् कविले घरदेशबाट परदेश हङकङमा डायस्पोरा भई जीवन बिताउँदा प्राप्त गरेको अनुभूतिहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । त्यहाँको पहाडबाट चुहिँदै गरेको पैसा र समुद्रमा तैरिँदै गरेको मोती उखेलेर जीवन महल बनाउने सपना बोकेर आफू हङकङको हेमिङ्वेमा पुगेको तर आफू हङकङको हेमिङ्वेरूपी जालोमा परेको माछोसरह भएको भाव प्रतीकात्मक रूपमा व्यक्त गरेका छन् । यस शीर्षक अन्तर्गत विवेच्य कविताको विश्लेषण ३.१ मा शीर्षक, ३.२ मा संरचना र आयाम, ३.३ मा केन्द्रीय कथ्य नै डायस्पोरिक जीवन भोगाइ, ३.४ मा भाषाशैली र विम्बालङ्कार जस्ता उपशीर्षक राखी निम्नानुसार गरिएको छ :

४.१ शीर्षक

प्रस्तुत कविताको शीर्षक 'हेमिङ्वेको माछा' दुई शब्दले बनेको छ । 'हेमिङ्वे' स्थानबोधक नाम शब्दमा 'को' भेदक विशेषण र 'माछा' नाम शब्दको संयोगबाट बनेको यस शीर्षकले सामान्य अर्थमा हेमिङ्वे भन्ने ठाउँको माछा विशेषलाई बुझाए पनि लक्षणा अर्थमा चाहिँ हेमिङ्वेरूपी जालोमा परेको माछा रूपी 'म' पात्रलाई सङ्केत गरेको छ । यहाँ घरदेशबाट परदेश हङकङको हेमिङ्वे भन्ने सहरमा पुगेका म पात्र त्यहाँ जालमा परेको माछाझैँ बन्नु परेको अनि घरदेशतर्फ फर्कने सम्भावना नरहेको भाव अभिव्यक्त गरिएको छ । यसर्थ प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपले सार्थक देखिन्छ ।

४.२ संरचना र आयाम

प्रस्तुत कविता सात पङ्क्ति गुच्छभित्रका ४९ पङ्क्तिमा संरचित भएको छ । गद्य लय ढाँचामा आबद्ध यस कवितामा न्यूनतम ३ पङ्क्तिदेखि अधिकतम १५ पङ्क्ति रहेका छन् । जम्मा सात पङ्क्ति गुच्छमध्ये पहिलो र दोस्रो गुच्छमा ५-५ पङ्क्ति, तेस्रो गुच्छमा ४ पङ्क्ति, पाँचौ पङ्क्ति गुच्छमा ३ पङ्क्ति, चौथो गुच्छमा ६ पङ्क्ति र सातौं गुच्छमा १५ पङ्क्ति रहेका छन् । कविताका सात पङ्क्ति गुच्छाहरूमा पङ्क्तिको सङ्ख्यात्मक वितरण सन्तुलित रहेको छैन । यसो भए तापनि कविको भावाभिव्यक्तिको वेग, अडान र प्रसङ्ग जस्ता पक्षले यसको आयाम तय गरेको हुनाले उपयुक्त नै देखिन्छ । यसरी हेर्दा यो कविता सात पङ्क्ति गुच्छमा संरचित भएकाले लघु आयामको संरचनामा बाँधिएको देखिन्छ ।

४.३ केन्द्रीय कथ्य नै डायस्पोरिक जीवन भोगाइ

प्रस्तुत कवितामा डायस्पोरिक जीवन भोगाइ केन्द्रीय कथ्यका रूपमा आएका छन् । कवितामा 'म' पात्र (कवि स्वयम्) हङकङको पहाडबाट चुहिँदै गरेको पैसा र समुद्रमा तैरिँदै गरेको मोती उखेलेर आलिशान जीवन-महल बनाउने सपना बोकेर त्यहाँ पुगेको तर त्यहाँको जीवन सोचेजस्तो नभएर अति नै कष्टकर र सङ्घर्षमय रहेको भाव व्यक्त गरिएको छ । त्यहाँ सुख, दुःख, जाडो, गर्मी केही नभनी समुद्रको चट्टाने हङकङलाई आफ्नो परिश्रमले घोटेर सम्पन्न सहर बनाएको तर आफूचाहिँ हाडैहाड भएको शरीरमा केवल गोहीको जस्तो बाक्लो छाला बोकेर बाँचिरहेको मार्मिक भावाभिव्यक्त गरिएको छ । त्यहाँ बर्सेनी लुगा फटाउँदै जाँदा आफू पनि लुगासँगै फाट्दै गएको, आफ्ना महत्त्वाकाङ्क्षाहरू पनि फाटिसकेको, आफूले हङकङको माटोमा अस्ताउँछु भन्ने कहिल्यै

नसोचेको तर महत्त्वाकाङ्क्षा र मीठो सपनाको लोभले गर्दा सदासदाका लागि हङकङको हेमिङ्वेरूपी जालोमा माछासरी आफू परिसकेको र त्यहाँबाट उम्केर पुनः घरदेश (नेपाल) मा आउने सम्भावना समाप्त भइसकेको भाव अत्यन्त हृदयस्पर्शी रूपमा प्रस्तुत गरिएको छ। यस कवितामा डायस्पोराजीवीलाई 'म' र 'हामी' जस्ता सर्वनामले सम्बोधन गर्दै डायस्पोराजीवी नेपालीले बिरानो देशमा अल्पसङ्ख्यक र सीमान्तकृत भई बस्नुपरेको, जीवन सोचेजस्तो नभएको, अनेकौँ भय, दुःख, पीडा, त्रास, हन्डर, ठक्कर खाँदै गृहदेशको विरह बोकी बाँच्नुपरेको, ऐकान्तिकताको भावले छोप्दै लगेको, यौवनले फक्रेको उमेर चाउरी परेको र अस्तित्व नै सङ्कटमा परिसकेको भाव अत्यन्त भावात्मक ढङ्गले व्यक्त गरेका छन्। अतः डायस्पोरिक जीवन भोगाइको अनुभूति नै यस कविताको केन्द्रीय कथ्य बनेको पाइन्छ।

४.४ भाषाशैली र विम्बालङ्कार

'हेमिङ्वेको माछा' कविताको भाषा मूलतः सरल र सुवोध्य रहेको छ। अंशतः केही विम्ब, प्रतीक र आगन्तुक शब्दको प्रयोगले अर्थ सम्प्रेषणमा सामान्य बाधा समेत पारेकाले कतै कतै भाषा दुर्वोध्य पनि बन्न पुगेको छ। शब्द प्रयोगका हिसाबले अत्याधिक तर प्रचलित तत्सम शब्द, तद्भव शब्द र अत्यन्त कम विदेशी आगन्तुक शब्दहरूको (हङकङ, हेमिङ्वे, आलिशान आदि) प्रयोग गरिएको प्रस्तुत कविताको भाषा समग्रमा सरल र सम्प्रेष्य रहेको छ। शैली चाहिँ प्रथम पुरुषीय (म, हामी) र एकालापीय किसिमको छ। 'म' पात्रकै जीवन भोगाइका अनुभूतिहरू यहाँ आत्मकथानात्मक (कविप्रौढोक्ति) पाराले प्रस्तुत गरिएका छन्।

प्रस्तुत कवितामा जीवन र जगत्कै प्रशस्त विम्बहरू लिएर तिनमा उपमा, अतिशयोक्ति, रूपकादि शब्दालङ्कारहरूको कुशल संयोजन गरी डायस्पोरिक जीवन भोगाइका अनुभूतिहरूको कलात्मक प्रस्तुति गरिएको छ। यहाँ चट्टाने समुद्री तट, गोहीको बाक्लो छाला, फूलको पत्र, लुगा, हेमिङ्वे, माछा, भेडा, यौवन, आलिशान महल, समुद्र, मोती, परिवार, जाल आदिजस्ता प्राकृतिक र सामाजिक विम्बहरू लिइएका छन्। यी विम्बहरू मध्ये चट्टाने समुद्र तटले सङ्घर्षपूर्ण जीवन, हेमिङ्वेको जालोले डायस्पोरा र माछाले त्यहाँ पुग्ने मानिसहरूलाई प्रतीकात्मक रूपले जनाइरहेका छन्। अलङ्कार प्रयोगका हिसाबले प्रस्तुत कविता उपमा, रूपक, अतिशयोक्ति, दृष्टान्त, तुल्ययोगिता, अनुप्रास अलङ्कारले सुशोभित छ। कविताको प्रारम्भमै अतिशयोक्ति अलङ्कार यसरी प्रटक भएको छ :

> समुद्रको चट्टाने हङकङ
> परिश्रमले घोटेर मुलायम भएको
> यस सहरमा.....

यसै गरी पङ्क्तिपुञ्ज छ र सातमा रहेका 'पहाडबाट चुहिदै गरेको पैसा' र 'समुद्रमा तैरँदै गरेको मोती उखेलेर' जस्ता पङ्क्तिहरूमा पनि अतिशयोक्ति अलङ्कारको सौन्दर्य छटा पाउन सकिन्छ। यस बाहेक पालुवा फेरिएजस्तै, छालजस्तै, भेडाजस्तै आदिमा उपमा अलङ्कार, जीवन-महल, जीवन रङ्ग, हेमिङ्वेको माछामा रूपक अलङ्कारको प्रयोग भएको छ। लयका हिसाबले गद्यलयको प्रयोग गरिएको छ। लय संयोजनमा शब्दालङ्कारहरूको उपयोग गरिएको छ। अन्तर अनुप्रासको कुशल संयोजन र वृत्यानुप्रास तथा अन्त्यानुप्रासको सामान्य संयोजन मार्फत् आन्तरिक लयको सिर्जना गरिएको छ।

५. निष्कर्ष

डायस्पोरा शब्दको शाब्दिक अर्थ तितरबितर हुनु, फैलिनु, छरिनु वा अलग हुनु भन्ने हुन्छ। यसले संसारका कुनै मुलुकबाट अन्य मुलुकमा गई बसेका र बस्न बाध्य समुदायलाई बुझाउँछ।

डायस्पोरिक साहित्य डायस्पोराजीवीहरूले त्यहाँको जीवन भोगाइको अनुभूतिलाई समेटेर लेखेको साहित्य हो । यस्ता साहित्यमा परादेशीय हुनुको रोमाञ्च, चिन्ता, भय, अल्पसङ्ख्यक र सीमान्तकृत हुनुको पीडा, ऐकान्तिकता, गृहविरह र अस्तित्वको सङ्कट जस्ता कुराहरू चित्रण गरिएका हुन्छन् । नेपालीहरू पनि विश्वका विभिन्न मुलुकमा जाने र त्यतै स्थायी रूपले बस्ने प्रवृत्तिले नेपाली डायस्पोराहरू निर्माण भइरहेका छन् । डायस्पोरामा बसेर नेपाली भाषासाहित्यमा कलम चलाउनेहरूमा देश सुब्बा पनि एक विशिष्ट प्रतिभा हुन् । उनको हेमिङ्वेको माछा कविता एउटा उत्कृष्ट डायस्पोरिक अन्तर्वस्तुमा आधारित कविता हो । यस कवितालाई शीर्षक, संरचना र आयाम, केन्द्रीय कथ्य वा डायास्पोरिक जीवन भोगाइ र भाषाशैली तथा विम्बालङ्कारका आधारमा विश्लेषण गर्दा शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको, संरचना ७ पङ्क्ति पुञ्जका ४९ पङ्क्तिभित्र बाँधिएकाले संक्षिप्त रहेको, केन्द्रीय कथ्यका रूपमा डायस्पोरिक जीवन भोगाइको मार्मिक र जीवन्त प्रस्तुति गरिएको, भाषा सरल, सुबोध्य र भावात्मक रहेको, शैली एकालापीय -कविप्रौढोक्ति) र भावात्मक रहेको, अलङ्कार प्रयोगका हिसाबले उपमा, रूपक, अतिशयोक्ति आदि अलङ्कारको कलात्मक प्रयोगले कविता कलात्मक र सुन्दर बन्न पुगेको पाइयो । यसरी हेर्दा प्रस्तुत कविता डायस्पोरिक जीवन भोगाइ प्रतिविम्बित भएको उत्कृष्ट कविता बन्न पुगेको देखिन्छ ।

सन्दर्भ सामग्री

एटम, नेत्र (२०६७), नेपाली डायस्पोरा र अन्य समालोचना, काठमाडौँ : एकता बुक्स

गौतम, कृष्ण (२०६४), उत्तर आधुनिक जिज्ञासा, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन

ढकाल, रजनी (२०७०), प्रायोगिक समालोचनाका अनेक रूप, ललितपुर : साझा प्रकाशन

भट्टराई, गोविन्दराज (२०७१), उत्तरआधुनिक विमर्श (संस्क. दो.), काठमाडौँ : ओरिएन्टल पब्लिकेसन

लम्साल, रामचन्द्र र अन्य (२०७०), नेपाली कथा र उपन्यास (संस्क. ते.), काठमाडौँ : शुभकामना प्रकाशन

लुइँटेल, खगेन्द्रप्रसाद (२०६९), आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यवहारिक पक्ष, गरिमा, वर्ष ३०, अङ्क १२, पूर्णाङ्क ३६०, मंसिर, पृ. ८८-८९

सुव्वा, देश (२०७२), हेमिङ्वेको माछा : स्रष्टाबाट मिति 11 Dec. 2015 at 9:46 AM मा प्राप्त ई सामग्री ।

Baumann, M. (2011). Exile In Knot K. & McLoughlins (Ed.), Diasporas (p. 20). Jaipur : Rawat Publications.

❖❖❖

bfloTj afl]5 ¡

- 'दायित्व' मा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनुहुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनुहुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ ।

कृतिसमीक्षा

'डाँफे चरी' कथासङ्ग्रह पढेपछि

■ डा. शैलजा पोखरेल

नेपाली साहित्य जगत्मा नै छायादत्त न्यौपाने चिरपरिचित भइसकेको नाम हो । अनेक पत्र-पत्रिकाका सम्पादन गरेका न्यौपानेले भाषा-वाङ्मयमा समेत कलम चलाएका छन् । विशेष गरेर बाललेखनमा रमाएका न्यौपानेका बालबालिकाका कविता, नाटक, निबन्ध, लगायत कृतिहरू नेपाली भाषामा छापिएका छन् । उनका बालदिवस (२०६२, २०७१), बाटो बताउने नाति (२०६३, २०६६, २०७०), साथीभाइको कथा (२०६७), जस्ता बालकथासङ्ग्रहहरूले उनलाई प्रसिद्धि दिलाएका छन् । तीमध्ये अरूभन्दा फरक शैली बोकेको 'डाँफे चरी (२०६७)' कथासङ्ग्रह (२०६७) एक हो ।

मैले यस लेखनमा उनको 'जेनिसा', 'स्यावासी', 'डाँफे चरी', 'अनिताकाकी', 'वातावरण दिवस', 'धन्यवाद', 'नयाँ जामा', 'ओहो ! झन्नै बाँदरले...', 'कृष्ण र सुदामा' र 'देशभक्ति'जस्ता दशवटा कथाहरू समावेश भएको 'डाँफे चरी' सङ्ग्रहका बालकथालाई निहालेर हेर्ने जमर्को गरेकी छु । बाल कथामा हुनुपर्ने यी आठवटा पक्षहरू आधारमा हेर्दा 'डाँफे चरी' कथासङ्ग्रहका कथाहरू यस किसिमका देखिन्छन् (SchoolRack, 2014)॥

१. बालकथा रमाइलो हुनुपर्ने रहेछ । केटाकेटीलाई आकर्षित गर्न रमाइला पक्षलाई समेटिने रहेछन् । 'डाँफे चरी' कथासङ्ग्रहमा परेका न्यौपानेका बालकथाहरूमा बालकका लागि धेरथोर रमाइला पक्षलाई नै समावेश गरिएका छन् । सामाजिक शिक्षा दिने किसिमका यी कथामा 'डाँफे चरी' र 'देशभक्ति' मा देशप्रेममूलक शिक्षा दिइएको छ भने 'जेनिसा' मा खान-पानका बारेमा शिक्षा दिइएको छ । 'अनिता काकी', 'ओहो ! झन्नै बाँदर...' ले अनि 'कृष्ण र सुदामा' कथाहरूमा साथीको महत्त्व बुझाउँदै साथीसँग मिलेर खेल्नुपर्छ भन्ने शिक्षा दिइएको छ, 'नयाँ जामा' भने हाम्रो समाजमा चलिआएको कुप्रथा अर्थात् छुवाछूतमा आधारित भएर छुवाछूतको विरोध गर्नुपर्छ भन्ने कुरामा आधारित छ । यस किसिमका शिक्षा दिन न्यौपानेले सकेसम्मको रमाइला अनि साधारण प्रसङ्ग ल्याएका छन् ।

२. कथाका किताबमा पनि चित्रले सजिएको हुनुपर्ने रहेछ । 'डाँफे चरी' कथासङ्ग्रहका कथाहरूमा रङ्गिन नभए पनि हरेक कथामा कथाको विषयवस्तुसँग मिल्दो एउटा चित्र दिइएको छ । कथाका भन्ना भिन्नै देखिने गरी राखिएका ती चित्र बालबालिकाका ध्यान तान्ने किसिमका छन् ।

३. बालकथाहरू सधैँ सुखान्त हुनुपर्छ । केटाकेटीको कोमल मनमा दुःखद् विषयवस्तुले घात दिने हुँदा र त्यसको असर नकरात्मक पनि हुन सक्ने हुँदा बालकथाहरू सुखान्त नै हुन्छन् । 'डाँफे चरी' कथासङ्ग्रहमा साना दुःख बीचमा दिएर तिनै दुःखका माध्यमबाट बालबालिकालाई शिक्षा दिँदै अन्त्यमा सुखद बनाइएका कथाहरू समावेश गरिएका छन् । यहाँ भएका सबै कथाहरूमा दिइएका शिक्षाबाट कथाका पात्रहरू अन्त्यमा ज्ञान पाएर 'ए' भन्ने अवस्थामा पुगेका छन् ।

४. किताब बालकका लागि हुँने हुँदा तिनका अक्षर ठूला र पृष्ठहरू रङ्गिन हुनुपर्छ । 'डाँफे चरी' कथासङ्ग्रहको पृष्ठ रङ्गिन नभए पनि अक्षर ठूला नै छन् । अक्षरका आकार हेरेर 'डाँफे चरी'

कथासङ्ग्रह धेरै साना बालबालिकाका लागि भन्दा ३ देखि ५ कक्षाका केटाकेटीका लागि उपयोगी जस्ता देखिन्छन् ।

५. बालकथाका जनावरहरू मानवीकृत हुनुपर्छ । त्यस्तै चन्द्रमा, तारा, सूर्य वा बादल जस्ता कुराहरूलाई पनि मानवीकृत गरिएको हुनुपर्छ । 'डाँफे चरी' कथासङ्ग्रहमा केटाकेटीका साथी वा शत्रु भएर कुनै पनि जनावर आएका छैनन्, न त जनावरका कथा समेटेर नै मनोरञ्जन प्रदान गरिएका छन् । 'ओहो ! झन्नै बाँदरले...' नामक कथामा आएको बाँदरको जम्काभेट कुनै पनि मानिससँग भएको छैन र बाँदरको कथा पनि यहाँ समावेश भएको छैन ।

६. बालकथाका संसार रिस, दुःख अनि सामाजिक विकारबाट पर सुखमय हुनुपर्छ । 'डाँफे चरी' कथासङ्ग्रहका बाल संसारका बालबालिकाहरू जेनिसा, बन्चरे, इत्तबहादुर जस्ता केही पात्र सुरुमा अलि जिद्दी, ईर्ष्यालु प्रवृत्तिका भए पनि शिक्षा ग्रहण गरे पछि उनीहरू पनि खुसी भएका छन् । 'नयाँ जामा' मा रविन र दिलीप विक छुवाछूतको सिकार भए पनि दुःखी छैनन् । सविता आफ्ना घरमा मानिने त्यस प्रवृत्तिबाट विचलित भएर नकरात्मक काम गरे पनि बाबुले उसको सोचलाई घरमा लागु गरिनुपर्ने धारणाले कथा सामाजिक विकारबाट मुक्त हुनगएको छ । सामाजिक विकारलाई फालेर स्वस्थ र सुखमय जीवनको आभासले यो कथा सजाइएको छ ।

७. बालकथाका भाषा सरल र स्पष्ट हुनुपर्छ । 'डाँफे चरी' कथासङ्ग्रहमा भाषा सरल नै छन् तर 'देशभक्ति' कथामा अमरसिंह थापा र उनको देशप्रेम बालबालिकालाई सिकाउने क्रममा अमरसिंह थापाका बाबु भीमसेन थापा भन्ने प्रसङ्गलाई अलि स्पष्ट नपार्दा केटाकेटीको बालमस्तिष्कले इतिहासका भीमसेन थापालाई अमरसिंह थापाका बाबु सम्झने त हैनन् भन्ने शङ्का उत्पन्न गराएको छ ।

८. बालकथाका लम्बाइ एक किसिमका उमेर समूहका बालकलाई मिल्ने हुनुपर्छ । बालकथा ७ देखि १० वर्षका उमेर समूहका लागि लेखिएको भन्दा कथा ५ देखि ७ वर्षका उमेर समूहका लागि लेखिएको भन्दा लामा हुन्छन् । लम्बाइ र विषय वस्तुका आधारमा 'डाँफे चरी' कथासङ्ग्रहलाई हेर्दा 'जेनिसा', 'स्याबासी', 'डाँफे चरी' र 'अनिता काकी' भन्दा 'धन्यवाद', 'ओहो झन्नै बाँदरले...', 'कृष्ण र सुदामा' अनि 'देशभक्ति' कथाहरू केही लामा र गहन विषयवस्तु भएका छन् । त्यसैले यो कथासङ्ग्रह ७ देखि १० वर्ष उमेर समूहका लागि ठिक्क हुने देखिन्छ ।

यी तत्त्वहरू बाहेक बालकथामा सबैभन्दा चाहिने कुरो त्यसमा दिइएको शिक्षा हो । यस कथासङ्ग्रहका कथाहरूले केही न केही शिक्षा दिएकै छन् । यस सङ्ग्रहभित्रका कथाहरूले दिने शिक्षा यस किसिमका देखिन्छन्–

१. 'जेनिसा' कथामा 'जे पायो त्यही खाने कुरा अझ किनेका खाने कुरा मन पर्छ भन्दैमा खानु राम्रो हुँदैन' भन्ने शिक्षा दिइएको छ । जेनिसा र भाइको पेट दुखेको प्रसङ्गबाट दिन खोजिएको यो शिक्षा समयसापेक्ष देखिन्छ ।

२. 'स्याबासी' कथामा सन्दीप र विनेश सरजस्ता पात्रका माध्यमबाट 'धुँवा खराब हुन्छ, अतः धुमपान नगरौँ' भन्ने शिक्षा दिइएको छ ।

३. 'डाँफे चरी' उमा, विकास र हजुरबा जस्ता पात्रका माध्यमबाट 'डाँफे नेपालको परिचायक चरा हो र राष्ट्रसँग सम्बन्ध राख्ने हरेक कुरालाई माया गर्नुपर्छ' भन्ने राष्ट्रवादी शिक्षा बालमनमा हाल्ने कोशिष भएको छ ।

४. 'अनिता काकी' उर्मिला, प्रेम, दीपक र अनिता काकीजस्ता पात्रका माध्यमबाट 'साथीसँग मिलेर खेल्नुपर्छ' भन्ने शिक्षा दिइएको छ ।

५. 'वातावरण दिवस' नामक कथामा 'सरसफाइमा मानिसलाई जगाउन पछि पर्न हुँदैन । आफ्नो गाउँ टोल सबै मिलेर सफा गर्नुपर्छ' भन्ने सुझाउ दिइएको छ ।

६. 'धन्यवाद' कथामा श्यामप्रसाद र बन्चरेको माध्यमबाट 'रूख चराचुरुङ्गीको बासस्थान हो । रूख काट्न हुँदैन रूख ढल्दा अरू बिरुवा पनि मर्छन् । जनावरलाई पनि त्यसले क्षति पुऱ्याउँछ' भन्ने शिक्षा दिँदै वनजङ्गल मास्न नहुने भन्ने विचार संप्रेषण गर्न खोजिएको छ ।

७. 'नयाँ जामा' कथामा रविन्द्रमान, सविता, रविन र दिलिप विक जस्ता पात्रका माध्यमबाट 'छुवाछूत केटाकेटीलाई सिकाउने हैन, उनीहरूसँग शिक्षा लिएर छुवाछूत जस्ता कुरीति त्यागि दिनुपर्छ' भन्ने सन्देश दिइएको छ ।

८. हो ! झन्नै बाँदरले....' नामक कथामा इत्ते अर्थात् इत्तबहादुर नामक ५ कक्षामा पढ्ने पात्रका माध्यमबाट 'साथीसँग मिलेर बस्न, खेल्न, समूह (group) मा हिँड्नुपर्छ । एकतामा जित हुन्छ' भन्ने उपदेश दिइएको छ । ममात्र मन लाग्ने कुरा गर्न पाउँ भन्ने सोच केटाकेटीमा छ भने त्यसको निवारणका लागि यो कथा उपयोगी छ ।

९. 'कृष्ण र सुदामा' कथामा विपिन नामक तीन कक्षामा पढ्ने केटोलाई पुराणको प्रसङ्ग ल्याएर कृष्ण र सुदामा कथा सुनाएर मित्रता सिकाउन खोजिएको छ ।

१०. 'देशभक्ति' कथामा अमरसिंह थापा र उनको देशप्रेमको प्रसङ्ग ल्याएर देशभक्ति सिकाउने जमर्को भएको छ ।

समग्रमा हेर्दा 'डाँफे चरी' कथासङ्ग्रह बालबालिकाका लागि सरल भाषा र सरल विषयवस्तु लिएर आफ्ना दैनिक जीवनमा गर्नुपर्ने साना कुराको शिक्षा दिने उद्देश्यले लेखिएका कथाहरूको समूहजस्तो देखिन्छ ।

References

SchoolRack= -2014, november 28_= The Basic Characteristics of ChildrenÚs Stories=Retrieved from static= schoolrack =com/: static = schoolrack =com/

न्यौपाने, छ. (२०६७). डाँफेचरी (बाल-कथासङ्ग्रह) काठमाडौं: स्वदेश प्रकाशन प्रा.लि.

❖❖❖

मनका भावना

■ **इन्जिता रेग्मी**

ए ! आकाशमा उडिरहने चरा !
मलाई पनि लैजा न तेरो ठाउँमा
त्यही स्वच्छ र शान्त गाउँमा
माया साँचेर हाँस्न चाहन्छु
खुल्ला हृदयले बाँच्न चाहन्छु
तेरो गाउँमा एक चोटी जान चाहन्छु ।

ए ! आकाशमा रहेका सेता बादल !
चञ्चल बनी आकाशमा उड्ने पागल
पानी बनी सबैलाई रुझाउने सागर
तँलाई म चुम्न चाहन्छु
आफ्नो आँखामा सजाउन चाहन्छु
तेरो चञ्चलपनमा एक चोटी जिउन चाहन्छु ।

ए ! आकाशमा चम्किने चम्किला ताराहरू !
आफ्नो लक्ष्यमा पुग्न चाहन्छु
तेरो चम्काइ जस्तो चम्केर
एक चोटी जिउन चाहन्छु ।

❖❖❖

संस्मरण

देउकोटको वन उक्लिँदा

■ रुकु कार्की

मैले फेरि स्मृतिको डायरी पल्टाएँ । आफ्नो कर्मभूमि, गाउँठाउँ र जीवनसङ्घर्षका सम्झना जहिले पनि ताजा हुने रहेछन् । यसरी विस्मृत स्थान र दृश्यहरूलाई स्मरण गरिरहेकी हुन्छु, मैले– स्मरण गर्न खोजेका पुराना कुरा ।

सम्झन्छु– गाउँघरको जिन्दगी । घरबारी, घाँसपात, डोको-नाम्लो, कुटो-कोदालो, गाईभैँसी, दुःखसुख । मलगायत अरू बुहारीहरूले सधैँजसो दाउराघाँस काट्दा, देउकोट र रूपाचुरी वनको एक फन्को मार्ने चलन थियो नै । त्यति बेला कत्रो चुनौती खेपेर जीवनयापन गर्नुपर्थ्यो । कुखुराको पहिलो डाँकमा उठेर घर कसिङ्गर सफा गर्नु, भकारो सोहोर्नु, गाईभैँसीलाई खोले पकाएर खुवाउनु, अनि टाढा राप्ती खोलाबाट पानी ओसार्नु इत्यादि । पुरुषको तुलनामा महिलाका उत्तरदायित्व कति धेरै थिए– मानसिक रूपले, शारीरिक रूपले; एक दिन होइन, दुई दिन होइन, हरेक दिन घाँसपानीका नाममा चार किलोमिटर हिँड्नुपर्ने बाध्यता नै थियो घरका बुहारीहरूलाई ।

न गर्मी, न जाडो । देउकोटको डाँडोलाई केन्द्रबिन्दु बनाएर देउरानी निशा, पम्फा र म तीनवटी दिदी-बहिनी वन चहार्न घरबाट निस्कियौँ । बहिनी निशा र मेरा कम्मरमा नाम्लो र हातमा हँसिया थिए भने पम्फा बहिनीको काँधमा दाउरा चिर्ने बन्चरो र नाम्लो थियो । चौतारी, देउराली र भन्ज्याङहरूसँग हामी कुरा गर्दै वन-बुटचानको बाटो हुँदै हिँडिरह्यौँ, हिँडिरह्यौँ । माथि देउकोटको थुम्कोमा पुगेपछि हरियो वन नेपालको धन हो झैँ लाग्थ्यो । नमस्कार गर्न मन लाग्यो । परिचित जङ्गलले हामीलाई मृदु काख, शीतको छहारी दिएर स्वागतम् स्वागतम्को अभिव्यक्ति दिइरहेको भान हुन्थ्यो । घामबाट, हावाबाट, पानीबाट र हरियो प्रकृतिबाट शक्ति प्राप्त भएको महसुस हुन्थ्यो । सानै उमेरदेखि यस्तो पाखा-पखेराहरू, हरियाली डाँडाहरू कैयौँ पटक चालिसकेकाले मलाई हिँड्न कुनै कठिनाइ नै भएको थिएन ।

डाँडापाखाभरि प्रकृतिको रोमाञ्चकारी सौन्दर्यमा मुग्ध भइन्थ्यो कोइलीको सुरिलो आवाजले मनै फुरुङ्ग हुन्थ्यो । चरीको मधुर स्वर पहाडको कन्दरामा ठोक्किएर प्रतिध्वनित हुँदै सारा रनवन गुन्जिन्थ्यो । सुनिरहुँजस्तो लाग्थ्यो । हाम्रो घरको गृहस्थी कचिङ्गलो भन्दा त्यो शान्त वनको शीतलता अनि पन्छीका चिरबिर र फुरफुर लाखौँ गुना हितकारी लाग्थ्यो हामीलाई ।

कति मीठो ध्वनि !
कति जीवनदायिनी ध्वनि !
धरतीको कस्तो गहिरो पिरती !
हामी देउरानी-जेठानी बात माथ्यौँ ।

म निकैबेर प्रकृति अवलोकनमा मस्त भएँ । आफैँ उम्रिने, आफैँ फुल्ने सिमल र टाँकी अनि आफैँ झरेर समाप्त हुने रूखपात, फूल-बिरुवाहरूको जीवन र मानवजीवन उस्तै सम्झिएँ । वनचरीहरू हाम्रै नजिक आउँछन् । ती चरीहरूसँग बोल्न पाएजस्तो, प्रकृतिसँग कुरा गर्न पाएजस्तो लाग्छ । वनपाखा, उकाली-ओराली, खहरे खोला सम्पूर्ण दृश्यावली, आँखाभरि घुमिरहे । भीरैभीर, डाँडैडाँडा, जङ्गलैजङ्गल, पहाडी Zङ्खला, ठाउँठाउँमा बेसी र नागबेली राप्ती नदी हेर्दा रुकु कार्की त्यही खोलाजस्तै बग्थी ।

हामी भुइँबुटचानतिर स्याउला घाँस, साल, साज, खरुकी, टाँकी काट्दै अघि बढ्थ्यौं । झाडीभित्र भुइँफूलहरू मुस्कुराइरहेका देखिन्थे । चुपचाप फूलको बोटलाई नियालेर तिनलाई हातले स्पर्श गर्न मन लाग्थ्यो । बोटमा काँडा पनि देखिन्थे । मनमनै कल्पना हुन्थ्यो– काँडा भएको फूललाई छुन पनि भएन नि ? घोचिहाल्छ नि औंलामा । फूलकै छेउमा भएका काँडा पनि कति शोभायमान देखिन्छन् ! फूल र काँडाको आँखा छलेर सुटुक्क लेखें मनको डायरीमा कति सुन्दर, कति मनमोहक, कति अनुपम । पहाड, चट्टान, नदी, जङ्गल, प्रकृति, जीवजन्तु, कीरा, फटचाङ्ग्रा, पशुपन्छी र वनस्पति यिनले मानिसलाई बाँच्ने वातावरण तयार गरिदिएका छन् ।

हुन त घर छोडेर जङ्गल पसेपछि गोठाले अनुहार र घाँसे बाहेक अरू भेटिँदैनथे । गोठाला-गोठाल्नीका पिरतीका भाकाहरू सुसेलीहरू वनपाखाभरि कति मार्मिक, हृदयस्पर्शी र जीवन्त हुन्थे ! यसरी वनमा जाँदा सुनिने घाँसे गीत, गोठाले गीत ज्यादै मोहक हुन्थे । तिनका गीतमा एक-अर्काप्रतिका आकर्षण हुन्थे, प्रेम हुन्थे, वियोग हुन्थे, छट्पटी हुन्थे, मिलनका अनुनय हुन्थे, घरका दुखेसा हुन्थे । वनको एक छेउबाट एक जनाले र अर्को छेउबाट एक जनाले गाउँदा वनै रन्काउँथे । सुनिरहूँ झैँ लाग्थ्यो तिनका दोहोरी । एक छिनका लागि हामीलाई आनन्दको अनुभूति हुन्थ्यो । आफ्ना दुःख र पीडालाई भुलेर हामीहरू जङ्गली वातावरणमा रमाउँथ्यौं । हुन त जङ्गल घुम्नु, गुन्गुनाउनु, यौवनकालको नियमित यात्रा हो ।

हामी घाँस-दाउरा काट्दै हिँड्दा घरमाथिको बिहानभरि लाग्ने उकालो थाहै नपाई काटिएछ । बाँदर लड्ने भीरमा यौवन बिताएकीले मेरा लागि रूख चढेर डालेघाँस काट्नु, बन्चरोले दाउरा चिर्नु कुनै गाह्रो थिएन । भर्तीकेन्द्रका सिपाही काँधमा बन्दुक भिरेर लडाइँमा वनवनै हिँडेजस्तो, प्रकृतिदेवीसँग रमाई-रमाई जङ्गल-जङ्गल भौँतारिएर हिँड्ने प्रजा र राउटे सम्झन्थें आफूलाई । काँडैकाँडाको वनमा घाँस काट्दा-काट्दै हातमा मैदाल र कुकुरडाइनाको काँडाले चसक्क घोच्ने । घाँस काट्न घारीभित्र छिरेपछि घाँसबाहेक केही देखिँदैन । घाँसकै स्याउला पन्छाउँदै वनभित्रभित्रै आफैँ छिर्दै जाने हो । चितुवा र भालू झाडीभित्र लुकेर बसेका भए पनि केही पनि देखिँदैन । वनभरि जुका लाग्थ्यो त्यस्तै । प्रकृतिको यो सुखद र दुखद वातावरण हामी तिनै प्रकृतिसँग मस्तले दृश्य संवाद गरिरहेका थियौं भने अर्कोतर्फ त्यस जङ्गली अनकन्टारभित्र बाघ र भालूको बिगबिगी मन र मुटु कमाउने तर्साइ सम्झँदा हामी सबै अनाश्रित र सशङ्कित हुन्थ्यौं ।

यी शान्त र सुन्दर प्रकृतिलाई मानिसले निर्मूल पार्दै गरेको देख्दा मन चसक्क दुख्थ्यो । जति नै मन दुखे पनि यिनै वनमा घाँसदाउरा नगरे हाम्रो गुजारा चल्दैनथ्यो । यिनको सर्वनाश गरेर खै कुन्नि हामी कुन सुख र वैभव खोजिरहेका थियौं ।

"कस्तो दुष्ट र हिंस्रक प्राणी रहेछ मान्छे ! यसैको कारण कतिपय जीवनदायिनी जडीबुटी र पशुपन्छीकै लोप हुन थालेका छन् । वनविनाश, जीवजन्तु, चराचुरुङ्गी सखाप भइरहेका छन् । 'हरियो वन नेपालको धन' दिन दुगुना रात चौगुना फँडानी भइरहेको छ । यसकै कारण हावापानी, माटोसमेत प्रदूषित बनिसकेका छन् । वर्षायाममा पनि यसले निम्त्याउने बाढी र चारैतिरबाट झर्ने पहिरोका कारण यो ठाउँमा आतङ्कित भएर दिन काट्नुपर्छ । तैपनि किन नचेतेको होला पापी मानिसले ?

देउकोटको थुम्कोबाट राप्ती र मनहरी नदी सुन्दर देखिन्छन् । लोथर, मनहरी, राप्ती खोला नालाका मूल मुहान, महाभारतका लेक हुन् । यी हिमाली खोला होइनन् । वर्षामा उर्लने र हिउँदमा

चाउरिने यिनका स्वभाव हुन् । यिनीहरू अविराम गतिमा घाम, जून र प्रकृतिसँग बात मार्दै छङ्छङ हाँस्दै तलतिर बगिरहेका देखिन्छन् । सधैँ आफू बगेर गइरहने मात्र होइन, अरूलाई जीवन दिन्छन् र प्यास मेटाइरहेका छन् यिनले । मनहरी बजारको सुकुमबासी टोलको तल्लो भागतिर नागबेली भएर यी दुई नदी सुस्ताइरहेको दृश्य मनमोहक मात्र होइन, दैवी चित्रकारी सिर्जना यसै ठाउँमा छरिएझैँ लाग्थ्यो । यी खोलाले कतिलाई जीवन दिए, कतिको जीवन खाए, कुनै हिसाबकिताब छैन । जस्तो पानी बगे पनि, त्यही पवित्र मानेर पिउनुपर्ने बाध्यता नै छ हामीलाई । जब वर्षा सुरु हुन्थ्यो, लेदो धमिलो मलमूत्र मिसिएको फोहोर पानी ल्याई फिल्टर गरेर खाइन्थ्यो । कहींकहीं किनारमा जरुवाको मूल पानी खोज्दै जीवनका पच्चीस वसन्त पनि पार भए ।

निशा र म दुईचार मुठा घाँसको भारी बोकेर पहाडको थुम्कोमा पुग्यौँ । पम्फा बहिनी पनि एक अँगालो दाउरा बोकेर पछिपछि आइन् । मनकामना मन्दिरको उकालो चढेजस्तो, तर उकालो त आखिर उकालो नै हो । उकालो चढ्दा श्वास-प्रश्वास बढ्नु, पसिना आउनु हाम्रा लागि सामान्य थियो । मलाई लाग्छ जिन्दगी स्वयम् पहाड हो, देउराली-भन्ज्याङ हो, सुखदुःखको घामछाया हो भनेर भर्खर चिन्दै छु, बुझ्दै छु ।

"ए पम्फा बहिनी, यतातिर बाघभालू आउँछ होला ? मलाई डर पो लागिरहेछ ।" मैले डराएर भनें ।

पम्फा र निशाले एकमुख भएर भने– "आ दिदी, बाघभालू आएछ भने आवस् न त । बाघभालूको मुखबाट मर्न लेखेको रहेछ भने मरिन्छ । एक पटक मर्नुपर्ने जीवन त हो । दुःखै छुट्छ, टन्टै साफ हुन्छ । जङ्गली जनावरसँग डराउन हुन्न, मन बलियो पार्नुपर्छ ।" तिनले मलाई हौस्याए । मेरो जीउ सिरिङ्ग भइसकेको थियो । श्वासप्रश्वास जोडले चल्दै थियो ।

"तिमीहरू दुई जना बलिया र भर्खरका तरुनी छौ, आफू परियो निर्बल र रोगी । मलाई पहिले खान्छ होला बाघले पनि ।" मैले हाँस्दै भनें ।

"हजुर कताको निर्बल र रोगी हुनु नि । कस्ताकस्ता बूढाबूढी त घाँसदाउरा लिन वन आउँछन् ।" निशा बहिनीले भनिन् ।

"हुन त हो, हाम्रो भाग्य बलियो छ भने दिन नआइपुगुन्जेल केही हुँदैन ।" मैले भनें ।

"माइँली दिदीलाई भ्याउरे गीत त गाउन आउँछ होइन ?" व्यङ्ग्य कसिन् पम्फाले ।

"तिम्रोजस्तो कोकिल कण्ठ कहाँ पाउनु ? आफ्नो त टपरी च्यातेजस्तो आवाज छ, के गाउनु !" मैले मुस्कुराउँदै भनें । मेरो कुरा सुनेर हा...हा...हा... गर्दै हाँसिन् उनी ।

म पनि मरीमरी हाँसें । बर्खाको मूल फुटेझैँ दुवै तर्फबाट फुट्यो हाँसोको फोहरा । उनीहरू दुवै दिदी-बहिनी खितिती हाँस्दा देउकोटको वनै हाँस्यो हलल ।

"श्राद्धमा पात टिप्न आउँदा ठूली दिदी, साहिँली दिदी, बिजुला, पम्फा दिदी र मैले गीत गाएको होइन र ? आज माइँली दिदीको पालो ल ?" निशा बहिनी फुस्फुसाइन् ।

साह्रै ढिपी गरे तिनले । मैले भ्याउरे बनाएँ, तर स्वर त उही हो...

चरी खेल्छे फुरफुर गरी देउकोटको वनमा
भावनाको फूल मैले रोपें तिम्रो मनमा ।

मनको सुन्दर घरभित्र लगाइदियौ आगो
सुकिसक्यो आँसु बाबै ! छिन्यो मनको धागो
कर्म होइन, भाग्य होइन, भयो जीवन यस्तै
दुःखी मन दुखाउँछ अझै डोरी कस्तै ।

न्याउ न्याउ गर्छ न्याउली एक्लै पारितिर
सधैंभरि घोच्न खोज्छ निष्ठुरीले झीर
चरी खेल्छे फुर्फुर गरी देउकोटको वनमा
घुम्टो ओढी भेटूँ कहाँ वेदना छ मनमा ।

धेरैबेरको हिँडाइ र थकाइले भोक लाग्यो, प्यास लाग्यो । प्यास लागेपछि पानी त खानै पर्‍यो । भोक र प्यासलाई साथमै बोकेर शान्त, स्निग्ध र मनोरम वातावरणमा मीठा प्रहसन झिक्दै र मस्तले कुरा गर्दै हामी जरुवा भएको ठाउँमा पुग्यौं, खोल्साको ठूलो खालको रूखमुनि । प्रकृतिले सङ्लो र स्वच्छ पानी उमारिदिएको थियो त्यहाँ । त्यसैलाई जरुवा भनिन्छ । जरुवाको कुवामा शिर निहुर्‍याई दुई हातमा पानी भरेर मुखमा पुर्‍यायौं ।

"अहा, कति मीठो, कति स्वच्छ र स्वादिलो जरुवाको पानी !" पानी नभई नहुने तरल पदार्थ हो । हामीले धित मारेर अघाउन्जेल पियौं र नाम्लामा घाँसको मुठा बोकेर फेरि अगाडि बढ्यौं । पम्फा बहिनी दाउरा चिर्न खुबै सिपालु थिइन् । वन-बुटयानतिर हिँड्दाहिँड्दै एउटा सुकेको साजको मुढो फेला पार्‍यौं । पम्फाले बन्चरो उचालेर मुढामाथि हानिन् । बन्चरोको प्रहार गर्दै फङलङ फङलङ फक्ल्यौटो पारिन् । उनले चिरेको बन्चरोको आवाज डाँडा र भीरपहरामा ठोक्किएर प्रतिध्वनित भइरहेको थियो ।

मलाई लाग्यो दाउरा चिर्ने काम त सजिलो रहेनछ । "खै पम्फा बन्चरो ल्याऊ त, म पनि दाउर चिर्छु ।" मैले भनें ।

"होइन माहिली दिदी, तपाईंले सक्नुहुन्न होला । मैले चिरेर हेर्दा त सजिलो जस्ते लागेको हो । तर आफूले गर्दा गाह्रो हुन्छ ।" पम्फाले भनिन् ।

"ल अब छाडिदिउँ यी कुरा । विलम्ब नगरौं, घाँस-दाउराको भारी पुगिहाल्यो, अब घरतिर लागौं ।" मैले उत्सुकताका साथ भनें । दाउरा चिरेर देखाइदिउँ जस्तो लागेको थियो, मन मारें । म फेरि निशा र पम्फा बहिनीतिर फर्कें । दुवैको गोरो, चम्किलो अनुहारमा छरियो झल्कने टप र नाकमा झुम्के फुली, ठूलाठूला आँखामा गाजलले मुहारलाई उज्यालो बनाएको थियो । ठिक्कको उचाइ, शारीरिक आकर्षण राम्री भएकी पम्फा बहिनीको अर्को विशेषता भनेको दाँत देखाएर मुसुक्क हाँस्नुथियो । तिनका रूपलावण्यले मलाई मोहनी लगाउँथ्यो । साह्रै प्यारा साथी थिए मेरा देउरानीहरू ।

टाढाटाढा क्षितिजबाट तेर्सिएको घामको तेजसँगै घाँसदाउराको भारी हालेर सकियो । देउकोटको वनसित बिदाबादी भयौं । त्यहाँको प्रकृति-सौन्दर्यले विमुग्ध भएर धन्यवाद दियो हामीलाई ।

"ए बहिनी, होइन कत्रो बढेमाको दाउराको भारी बोकेकी छयौ, मर्छौ है गानो गएर । यसरी शरीर मारेर ठूला भारी बोक्छयौ, पछि थला पर्‍यौ भने क गरी खान्छौ ?" उनले बोकेको त्यति ठूलो दाउराको भारीतिर औंल्याउँदै बोलें म ।

"योभन्दा कति ठूलठूला भारी बोक्दा त केही भएन, नाथे यस्तो भारीले त कहाँ गानो जान्छ र ?" दिदी पम्फाले भनिन् ।

घाम डाँडामा डुबिसकेको थियो । निकै चिसो हावा चलिरहेको थियो । एकैछिनमा बाघ गर्जियो– ह्वाङ्ग्राङ... ह्वाङ्ग्राङ... ह्वाङ्ग्राङ... । चितुवा र स्याल भने धेरै पटक कराए ।

"दिदी, चुप लाग्नुहोस्, बाघ भर्खरै मास्तिर लागेको छ ।" बहिनी जिलाले साउती मारिन् । कान्छी निशाले पनि मलाई पछाडि धकेलेर चुप लाग्न इसारा गरिन् । मेरो त डरले शरीरभरि काँडा उम्रियो र हंसले ठाउँ छोड्यो । झन्डै

सातो गएको थियो मेरो । बाटो न घाटो दगुर्छ लाटो भनेझैँ हामी सबै बाँदरे भीरमा लड्दै डरले माग्न खोज्दा हातपाखुरा र आङमा वनबुट्यानले दर्फऱ्यायो । ज्यान जोखिममा थियो । जङ्गल जाने जोकोहीलाई पनि ज्यान जानु सक्ने खतरा थियो । गैँडा, हात्ती, बाघ, भालू, बँदेलजस्ता हिंस्रक जनावरहरूबाट बाँचेर आउने हो कि होइन, केही ठेगान हुँदैनथ्यो ।

हामीलाई भने कहिले घर पुगौँला जस्तो भइरहेको थियो । भारी बोकेर हामी ओर्लियौँ उही बाटो भएर, जङ्गली हिँडाइमा सन्तुलन हुँदैनथ्यो । गोडा चिप्लिन्थे– सम्हालिनुपर्थ्यो । हातले साना पोथ्रा समाउँदै बिस्तारै पैताला तल सार्नुपर्थ्यो । भीरमा लडियो भने ता जखम भइगो । सारसौँदामा त बाँच्न कठिन थियो त्यहाँ । खँजाहा भइयो भने... !

ओरालीका बाटामा पाइला रगडेर गोरेटोको ढुङ्गयानमा पैताला भासिएर, चुच्चे ढुङ्गामा घोचिएर र बज्रिएर सम्पूर्ण शरीर थर्किँदै हिँडिरह्यौँ । म फेरि फर्केर सबैको अनुहार हेर्थें । दिमागमा भने त्यही बाघ र चितुवाको आवाज घुमिरहेका थिए । घर पुग्न लागियो भनेर बहिनीहरूको अनुहारमा अर्कै मुस्कान देखिन्थ्यो । यति लामो जङ्गली यात्रामा हिँड्दा म पनि दङ्ग परेकी थिएँ । सम्झेँ जीवनका घामछाँयामा थकाइ लाग्यो, भोक लाग्यो । खाईपिई गरी आफ्नो कामधन्दा सकेर ओछ्यानमा गई पाल्टाइपुल्टुङ पल्टनै पर्ने गरी हामी थाकेका थियौँ । टन्टलापुर घाममा टाढाबाट हिँडेर आएका बटुवाझैँ शिथिल भएका थियौँ । रिमरिम साँझमा रमाइलो अनुभूति गर्दै, नाम्लोको डामले थिचिएको टाउको बङ्ग्याउँदै सुस्तरी ओर्ली-ओर्ली पुग्यौँ घर ।

❖❖❖

ईश्वर छ

■ **मुकुन्द शर्मा चालिसे**

त्यो भर्छ बालीहरूमा तरङ्ग
निकुञ्ज डालीहरूभित्र रङ्ग
उषा र सन्ध्या छविभित्र लाली
जतासुकै ईश्वरको बहाली

संसारको जीवनको निदान
निसर्ग संचालनको विधान
गाली र तालीसित तालमेल
जतासुकै ईश्वरको छ खेल

विलोल आँखा जब बोल्न थाल्छ
कल्लोल जैले कविता निकाल्छ
कता कता रुन्झुनको निनाद
बेयादमा ईश्वरको छ याद

कोही कसैको नगरे बिगार
सिँगार्नुपर्दैन कुनै मुहार
पाइन्छ एकापसको पियार
पियार नै ईश्वरको हियार

माधुर्य, शोभा, सहयोग, शान्ति
जहाँ क्षमा, कोमलता र कान्ति
अजस्र उक्साइरहेर हाँसी
त्यहाँ उही ईश्वरको शुभाशीः

फोहोर, मैला, कटुता, धराप
जहाँ घृणा, निर्दयता, सराप
अजस्र तर्साइरहेर छासी
त्यहाँ उही ईश्वरको शुभाशीः

बागलुङ, हाल– काठमाडौं

समीक्षा

सूब सेनको अविराम यात्रा

■ महेश्वर शर्मा

उपहारमा प्राप्त जुनसुकै कृति पनि पाठकको धर्म निर्वाहका लागि केही लेख्ने चाहना त हुन्छ, तर बडो कठिन हुँदो रहेछ । यो पटक त झन् भुईंचालोले दराजहरू नै ढलाइदिएर पुस्तकहरू असरल्ल भएको अवस्थामा सूब सेन (सूर्यबहादुर सेन ओली) को 'आफ्नै खोजका सन्दर्भहरू' देखापऱ्यो । यसो हेरेँ । केही प्रकाशित र अप्रकाशित समेत सत्र थान यात्रा निबन्धको सँगालो रहेछ । 'आफ्नै खोजीका सन्दर्भ' देखि 'प्रजातन्त्रको खोजीमा' कटारी पुगेर टुङ्गिएको रहेछ । सेनको युवा जोशमा यो सङ्ग्रह गाउँघरको जालझढ्याईं जस्ता विकृति विरुद्ध लक्षित भए पनि व्यापक फाँट ओगट्न पुगेको रहेछ । यो त प्रसङ्गवश आएको हो, सेनका प्रत्येक कृति विशेषतः राष्ट्रवाद र जनपक्षकै सुख-दुःखमा केन्द्रित छन् । ती सबै देशभ्रमण र लामो प्रशासनिक अनुभवका निचोडका रूपमा छन् ।

दायित्व वाङ्मय जस्तो संस्थाबाट प्रकाशित डा. तारानाथ शर्माको भूमिका भएको कृति बारे मैले केही भन्न खोजेको नभई उपहारमा प्राप्त कृति उपर कृतिज्ञाता जनाउनु पर्ने पाठकको धर्म निर्वाहका लागिमात्र एउटा सामान्य पाठकका मनमा लागेका कुरा उल्लेख गरेर उपहारको सम्मान मात्र गर्न खोजको हुँ । त्यसैले कृति भित्र प्रवेश नगरी लेखकका प्रवृत्तिबारे आफूलाई लागेका मोटोमाटी कुरा सङ्क्षेपमा राख्दैछु–

१. पाठकको ध्यान आकर्षित गर्न प्रस्तुतीकरणको सूब सेनको शैली आफ्नै प्रकारको मैले पाएको छु । उनका अरू कृतिमा पनि यो विशेषता झल्कन्छ । गाउँघरका जनताको दयनीय स्थिति जनताको सोझोपनको नाजायज फाइदा उठाउने फटाहाहरूको आसुरी प्रवृत्तिलाई नङ्ग्याउन उनले कुनै कसुर बाँकी राखेका छैनन् । लेखनलाई बिरसिलो हुन नदिन अवस्थानुसार रसरङ्गका प्रसङ्ग पनि जोड्न बिर्सँदैनन् । इतिहास, राजनीति, शिक्षा र ज्ञानगुन अनि धार्मिक-आस्था श्रद्धाका सन्दर्भ पनि उनको लेखनका मुख्य विषयभित्रै पर्दछन् । समाज अध्ययनको सारसङ्क्षेप उनका जुनसुकै रचनामा पनि पाइन्छ ।

२. 'रवि नपुग्ने ठाउँमा पनि कवि पुग्छ' भनिन्छ । सेनले पनि गाउँका अँधेरा कुना काप्चा छामेर, विसङ्तिहरूलाई उधिनेर आफ्ना कृतिमा राखेका छन् भने समस्या समाधानका सूत्र समेत सुझाएका छन् । नराम्रा चालचलनको त्याग र सुकर्ममा लाग्ने प्रेरणा दिइरहेका हुन्छन् । विभेद र विसङ्गतिलाई अज्ञान र अशिक्षाकै परिणति सम्झेर अँठ्ठिए पिस्सिएका जनतालाई मुक्त गर्ने चिन्तन मनन उनमा छ । आफूलाई सामाजिक दायित्वप्रति सचेष्ट राख्ने यस्ता लेखको यात्रा सुखद् र अविराम रहोस् शुभासंशा ।

❖❖❖

"ॐ भूर्भूवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।"

भावार्थ : प्राणस्वरूप, दुःखनासक, सुखस्वरूप, प्रवलतेजस्वी, पापनासक, देवस्वरूप परमात्मालाई हामी अन्तरात्मामा धारण गर्दछौँ । ती परमात्माले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरून् ।

यात्रासंस्मरण

जेनेभादेखि पेरिसको आइफिल टावरसम्म

■ नैना नेपाल, ढकाल

विश्वको सात आश्चर्यमध्येको एक आश्चर्य पेरिसको आइफिल टावर हेर्न मन कसलाई नलाग्ला र ! हो म पनि आतुर थिएँ यो यात्राको लागि । तैँले आँट मैले पुऱ्याउँछु भनेझैँ सन् २०१३ मा जेनेभाको टिजीभि बुलेट ट्रेनबाट म र मेरो श्रीमान् रमाना भयौ पेरिसतर्फ । नेपालमा ट्रेन चढ्न नपाइने अनि भारतमा एकतले ट्रेन चढेको बानी पहिलो रमाइलो त मलाई दुई तलाका ट्रेनमै लाग्यो । भित्र अत्यन्त सफा प्रत्यकको सिटमा हवाइजहाजमा जस्तै टेबल भएको । सामान राख्न दुई किसिमको ऱ्याक, ट्वाइलेटको सुविधा अनि समयको अत्यन्त चेतनशील । मेरा लागि सबै कुरा नयाँ हुन्थ्यो । मैले सबै दृश्यलाई क्यामेरामा कैद गर्न थालेँ । साना-साना भ्याल, चुटुक्कका छत भएका स-साना घर त्रिकोण परेका, घरको वरिपरि हरियाली, भेडाका बथान चौरमा चरिरहेको कति रमाइलो ! त्यहाँ मलाई अनौठो लाग्यो कि प्रत्येक घरको डिजाइन एउटै छ। प्रत्येक घरको रङ एउटै छ । गाउँका प्रत्येक घरमा एउटा दुइटा कार पार्किङ गरिरहेको हुन्थ्यो । गाउँको भौतिक जीवन सुखी देखिन्थ्यो । हुन पनि विश्वका प्रतिब्यक्ति आय अत्यन्त धेरै भएका यी युरोपेली मुलुकमा एउटा व्यक्तिको एउटा कार कुनै ठूलो कुरा भएन ।

म कृषि पेशाकर्मी भएकोले मेरो ध्यान खेतबारीमा गयो । भिरालो डाँडामाथिदेखि तलसम्म जमिनको प्लट यसरी मिलाइएको थियो कि एउटी सुन्दरीको केशको सिउँदो मिलाएजस्तो अनि खेतको डिल स्केल राखेर मिलाएजस्तो एकनाशको । मैले सोचेँ, खेती त हाम्रो पनि हुन्छ तर यस्तरी मिलाएदेखि यसले इको टुरिजमलाई पनि प्रोत्साहन गर्ने थियो । यतिमात्र हैन प्रत्येक पकेटमा एउटै वस्तुको खेती लागेको थियो । कतै अङ्गुर त कतै गहुँ, कतै भेडैभेडाको पालन, यसलाई पो भनिन्छ ब्यावसायिक खेती ।

बुलेट ट्रेनले एक सेकेन्ड पनि ढिलो नगरी निर्धारित समयमा पेरिसको सहर पुऱ्यायो । त्यहाँ पनि मलाई अचम्म लाग्यो सबै घरहरू एकनाशका छन् । रङ उस्तै, डिजाइन उस्तै, उचाइ उत्तिकै हल्का पहेँलो खालका क्रिम कलरका घरहरू अत्यन्तै सुन्दर थिए । हेर्दै हेर्दै जाँदा एउटा घरको भित्तामा तलदेखि माथिसम्म बगैँचा जस्तै हरियाली देखिन्थ्यो । कतै लटरम्म फूल फुलेका, कतै लेउ जस्ता घाँस, कतै हरियो दूबो । त्यहाँ भने पेन्टको आवश्यक्ता थिएन । धेरै टुरिष्टहरू त्यही घरमा फोटो खिच्न रमाइरहेका थिए ।

हामी फ्रान्सको सहर हेर्दै हेर्दै आइफिल टावर पुग्यौँ । त्यहाँ लामो लाइन थियो तर हामीसँग तीन घण्टाको मात्र समय थियो । टावर चढ्ने र नचढ्ने द्वन्द्व चल्यो । मेरो श्रीमान्ले बाहिरबाटै हेरेर जाउँ भने पनि मैले मानिनँ । मलाई विश्वास थियो कि हामीले टावर चढेर हेर्न भ्याउँछौँ । नेपालको मन्दिरको जस्तो सर्दै नसर्ने लाइन हैन यो लाइन छिटो छिटो सर्छ। जबर्जस्ती म लाइनमा बसेँ । हुन पनि लाइन छिटो छिटो सऱ्यो । त्यहाँ पैदल यात्रीको लागि सिँढी चढेर जाने बाटो, ट्रामबाट जानेको लागि दुईवटा ट्रामको व्यवस्था

थियो हाम्रो पैदलबाट त्यहाँ हेर्ने इच्छा हुँदाहुँदै पनि जानेर नजानेर हतार हतार गरी लाइन बस्दा ट्रामको लाइनमा परिएछ अनि आधा घण्टाको समयमै हामीले ट्राम चढ्ने अवसर पायौँ । माथि पुग्दा कति व्यवस्थित छ । एकातिर टुप्पामा जाने टिकटको लाइन अर्कोतिर खाजा खाने ठाउँ, आर्कोतिर झर्ने लाइन । हामी ट्रामबाट आइफिलमा चढ्यौँ । बुर्जामा पुगेपछि पूरै फ्रान्स त्यहाँबाट हेर्न पाइने रहेछ । ओहो ! यहाँ नचढेको भए त मैले त ठूलो भूल गर्ने रहेछु । मैले मेरो जिद्दीलाई धन्यवाद दिएँ । फलामै फलामले बनेको ठूलो टावर यहाँबाट हेर्दा टावरको वरिपरि रङ्गिचङ्गी फूल, हरिया रूख, राम्रा बगैँचा अनि वरिपरिबाट परिक्रमा गरेका नदीमा हिँडिरहेका डुङ्गा कति रमाइलो अनि सबै फिक्का पहेँलो । एकनासका उचाइ, एकनासका बनाइ । आँखाले देखुन्जेलसम्म देखिने घरहरूले सुनमाथि सुगन्ध थपिरहेको थियो । त्यहाँ क्रुजमा बेलुकाको डिनरको तयारी भइरहेको थियो । कति सुन्दर देखिन्छ फ्रान्सको पेरिस सहर ! यहाँबाट मैले पटक-पटक यो टावर बनाउने आइफिल नाम गरेको इन्जिनियरलाई मनमनै धन्यवाद नदिई रहन सकिनँ । कस्तो बुद्धि आयो होला ? यतिका मान्छेले मनोरञ्जन लिन पाएका छन् । यहाँबाट सारा पेरिस देखिएको छ । यहाँ बिहानदेखि मध्यरातसम्म हेर्ने मानिसहरूको भीड लाग्छ । धन्य आइफिल ।

आइफिल हेरिसकेपछि हामीलाई ६ बजेर ११ मिनट जाँदा छुट्ने पेरिसदेखि जेनेभाको बुलेट ट्रेन पक्डनुथियो । हामी यहाँको लागि नयाँ भएकोले बाटो थाहा थिएन । तर हामीले भेटेका मान्छे सबै सहयोगी लाग्दथे । सोधेको कुरा यदि उनीहरूले जानेका छन् भने दिलैदेखि गर्थे । एउटी सुन्दरी फ्रेन्च महिला एक हातमा सिग्रेटको मस्ती अनि अर्को हातमा ब्याग बोकेर हिँड्दै थिइन् । तिनलाई जेनेभा जान रेल स्टेशन पुग्न बस कहाँ लाग्छ भनी सोध्दा उनले अँग्रेजी त बोल्न जानिनन् । तर दुईवटा मेट्रोको टिकट र नक्सा समेत हातमा राख्देर पूरै म्यापबाट सिकाइन् । हामीले उनलाई पैसा दियौँ तर उनले लिनै मानिनन् । हामीलाई पनि अप्ठेरो लागि-लागि टिकट लिएर हिँड्यौ । त्यस्तै सहयोग फिलिपिनाले पनि गरे ।

तीन तल्लाको मेट्रो स्टेशनभित्र द्रुत गतिमा हिँड्ने ट्रेन पक्डन नयाँ मान्छेलाई त अलमलै हुँदो रहेछ । फेरि यो देशमा आफ्नो भाषाप्रति यति ममता रै'छ कि कतै पनि अँग्रेजीमा नलेखी फ्रेन्चमा लेखेकोले भाषा नबुझ्नेलाई त एक्लै घुम्दा अरूलाई नसोधी साध्य नै नचल्ने रै'छ । वल्लतल्ल हामीले आफ्नो ट्रेन पक्डियौँ, माथिल्लो तलामा बस्ने अवसर पनि पाएका थियौँ । यसले हामीलाई पेरिस जाँदाभन्दा पनि फर्कंदा अझ मजाले दृश्य हेर्ने मौका मिल्यो । साँझको सात बज्यो, घाम झलमल्ल थियो । अघि जाँदा चरिरहेका भेडाहरू फर्कंदा पनि चरिरहेकै थिए । म रमणीय प्राकृतिक दृश्य हेर्दाहेर्दै एक छिन निदाएँछु । आँखा खुल्यो । रातको आठ बजेको घाम उस्तै झलमल्ल थियो । अहो ! यति बेलासम्म पनि घाम लाग्दो रहेछ । यहाँ त हामीले गफ गर्दै गयौँ । साढे आठ बज्यो, घाम अलिकति मधुरो मधुरो भयो, गाडी दौडिरहेको थियो । घडीको सुई पनि दौडिरहेको थियो । आँखाको परेलाले घरिघरि विश्राम लिन्थ्यो । विश्राम लिँदालिँदै रातको नौ बज्न लागेको रहेछ । ओहो अझै पनि घाम रै'छ । म छक्क परेँ । हेर्दाहेर्दै सूर्यनारायणले पनि हामीसँग बिदाइ लिनुभयो । नेपालमा बसेका हामीलाई अनौठा अनौठा जस्ता लाग्नु स्वाभाविकै पनि थियो ।

३७१ सिद्धार्थमार्ग, बुद्धनगर, नयाँवानेश्वर

दायित्व बोल्छ

■ केशवराज पन्त

कठिन समय र परिस्थितिमा दुःख र कष्टका साथ
जन्मेथ्यो दायित्व दुईहजार चवालीस महिना वैशाख
नव शिशु बचाउनै गाह्रो हुर्काउन बढाउन पनि
कार्यालय आवास एउटै डिल्लीबजार पीपलबोट ।

भ्यालमा हस्तलिखित साइनबोर्ड अनि रामकेशव
भएन जरुरी छपाउन सम्पादक नै कलाकार
आकर्षणको केन्द्र थियो कार्यालय सडकैको छेउ
नजर लाउँथे बटुवा सबै सजाइएको भ्याल ।

दायित्व बाँच्ने उपाय सिवाय सम्पादकको तलब
कटौती गरिए भान्साका दूध,खाजा, तरकारी खर्च
खोज्दै माग्दै हिँड्नुपर्ने सधैँ लेख रचना छपाउन
बिक्री गर्थे कतिले त माग्थे अग्रिम पारिश्रमिक ।

छैन सहयोग हुन्न बिक्री कृति मात्र वितरण
आम्दानी श्रोत विज्ञापन पनि भेटिँदैन कतै
लिखित मौखिक आश्वासनमा छापिँदाको बखत
शरमै नमानी राख्थे उनै चौथाइ लिन सकस ।

बल्लतल्ल बाँचेको दायित्व बामेसर्दै बढ्दै हुर्कदै गयो
अथक मेहनत र परिश्रमले सहयोगी हात भेटिँदै गए
दायित्व बिस्तारै आफै अडिन उभिन सक्ने भयो
दायित्व अहिले त युवा तरुण भइसकेको छ ।

लेख-रचना माग्न खोज्न कतै जानुपर्दैन
भेटिन्छन् चाहेजति रचना दायित्वको इमेलमा
स्तरीय रचनाले दायित्वको महत्त्व बढेको छ
डेढदशक अघि नै प्रतिष्ठान बनिसकेको छ ।

दायित्वले धेरै उतारचढाव खेपेको छ, ख्याति कमाएको छ
नियमसम्मत बैठक बस्छ, नियमित कार्यक्रम चलाउँछ
आमन्त्रण गर्छ र आमन्त्रित कार्यक्रममा भाग लिन पुग्छ
कवि साहित्यकारका कृति प्रकाशन र विमोचन गराउँछ ।

व्यावसायिक लाभ आर्जनमा लागेन कहिल्यै दायित्व
जन्मेथ्यो दायित्व आफ्नो दायित्व पूरा गर्न मात्र
सत्य, इमानदारी र नैतिकताको मूल मन्त्रमा
समर्पित भई निरन्तर आफ्नो लक्षमा दौडिरहेछ ।

निस्वार्थ निरन्तर लगाव, परिश्रम र दायित्वप्रतिको निष्ठाले
रामप्रसादलाई आज दायित्वको पर्यायवाची बनाएको छ
दायित्वप्रति सबैको विश्वास छ, सम्मान छ र माया छ
सय नाघेको दायित्वले हजार नाघोस् भन्ने शुभकामना छ ।

❖❖❖

- *मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।*
- *उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक ।*

महाकवि लक्ष्मीप्रसाद देवकोटा

निबन्ध

हो, म गर्व गर्दछु

■ निरञ्जन बराल

श्री खेमरञ्जन बरालको म छोरा हुँ भन्न पाउँदा मलाई गर्व लाग्दछ । हो, म यस कुरामा गर्व गर्दछु ।

मैले गर्व गर्नुपर्ने कुराहरू वा मैले गर्व गर्ने कुराहरू धेरै कम छन् । बस्तिपुरमा बसोबास गर्ने हामी बरालहरू आर्थिक रूपले मध्यमवर्गीय परिवारका हौँ । सिराहा जिल्लाको उत्तरी भेगमा अवस्थित हाम्रो यस थलोमा बसेको इतिहास अब त झन्डै एक सय चार वर्ष पुगिसकेको भए पनि हामी तथाकथित जमिनदार होइनौँ । आ-आफ्नो पढाइ, लेखाइ र बुद्धि विवेकको प्रयोग गरेर जीविका चलाउँदै आएको हाम्रो परिवारका अधिकांश सदस्यहरू श्वेत कलर अँग्रेजी भाषामा प्रयोग गरिने White color श्रमिक वा भनौँ नेपालको स्तरमा मध्यमस्तरका मेहनतजीवीहरूकै रूपमा चिनिन्छौँ । तसर्थ, मैले पनि त्यही बिँडो समाएकोले यो गर्व गर्ने कुरो रहेन ।

मेरो शरीरको बनौट करिव ५ फिट ५ इन्च करिब ३०/३५ वर्षको उमेरसम्म दुब्लो पातलो, पछि उमेर बढ्दै गएपछि मोटो, ससानो भुँडी रहेकाले शारीरिक पक्ष पनि गर्व गर्नुपर्ने विषय भएन ।

मेरा बाबाले स्कुल जीवन बनारसमा बिताउनुभएको थियो । वि.कम. को पढाइ नेपालको पहिलो समूहका छात्रको रूपमा गर्नुभएको हो । उहाँले दिल्ली विश्वविद्यालयको प्रसिद्ध कलेज श्रीराम कलेज अफ कमर्शबाट एम. कम. गर्नुभएको हो, यो शिक्षाको परिप्रेक्षमा साह्रै ठूलो उपलब्धि हो । मैले आफ्नो एम. कम.को शिक्षा त्रिभुवन विश्वविद्यालयको किर्तिपुर क्याम्पसबाट गरेको हुँ । २०३४/३५ सालतिर त्यतिको शिक्षालाई पर्याप्त नै मानिए तापनि आहिले त्यो गर्व गर्ने कुरा त के भयो र ! उल्लेख पनि गरिरहनुपर्ने विषय होइन । तसर्थ, मैले यसमा पनि गर्व गर्ने कुरै भएन ।

नेपालको प्रशासन सेवाको सचिवसम्म भई टोपलेको लामो अवधि गृह, उद्योग, वाणिज्य, आपूर्ति मन्त्रालयको सहसचिव भएर बिताएको भए पनि अचेलको मापदण्डमा मोटो र अग्लो दुवै उपलब्धि नभईकन सफल भनेर भन्न नसक्ने अवस्थामा मेरो उपलब्धि अग्लोमात्र भएकोले मेरो उपलब्धि महत्त्वपूर्ण भएन् । मैले जागिर सुरु गर्दाको अवस्थाको मापदण्डले हेर्दा मैले सन्तोष गर्नुपर्ने हो, तापनि समाजको बहुमत नै स्वीकार्य हुने हुँदा मेरोजस्तो अग्लोमात्र उपलब्धि समाजको बहुसङ्ख्यक व्यक्तिहरूका लागि यो उपलब्धि आज गौण छ । तसर्थ, अहिलेलाई यो पनि मैले गर्व गर्ने विषय होइन ।

तर, म फेरि दोहऱ्याएर भन्दछु, म खेमरञ्जन बरालको छोरो हुँ भन्नुमा गर्व गर्दछु । केलाएर हेर्दै जाँदा अरू केही पनि मेरो सन्तोष वा गर्व गर्न सक्ने विषय छन्, होलान् तर, अहिले मेरा बाबाकै विषयमा जाउँ । मेरा बाबाको घरायसी नाम लक्ष्मण हो । मेरा बाबा गोरो, सुन्दर हुनुहुन्छ । उहाँ जन्मँदा जुम्ल्याहाको रूपमा जन्मनुभएको र गोरो हुनुभएकोले लक्ष्मण भनिएको हुन सक्दछ । वि.स. १९९० सालको महाभूकम्प आउँदा दश महिना भएको र आफू हजुरआमासित सुतिरहेको

अवस्थामा घरभित्र भएको ढोक्सो (माटोको सानो भकारी) फुटेर पोखिएको अन्नले झन्डै थिचेको भनेर धेरै पहिलेदेखि नै उहाँले भन्ने गरेको मैले सुनेको थिए । यसपालाको भूकम्पपछि त यो उहाँ बारम्बार दोहऱ्याउनुहुन्छ र हामी पनि अचेल गफको सिलसिलामा उल्लेख गर्ने गर्दछौं ।

स्कुलमा हुँदाको उहाँको फोटो देखेको मलाई सम्झना छैन, तर कलेजका दिनदेखि जागिरका सुरुका अवस्थासम्मका उहाँको तस्बिर हेर्दा उहाँ दुब्लो पातलो पाँच फिट पाँच इन्च उँचाइको, गोरो र सुन्दर देखिनुहुन्छ । ५/६ वर्षकै उमेरमा बनारस गएर स्कुलमा भर्ना हुनुभएको, छात्रावासमा बस्नुपरेको जस्ता कारणले उहाँ दुब्लो पातलो रहनुभएको अनुमान गर्न सकिन्छ । उमेर बढ्दै गएपछि उहाँको तौल बढ्दै गएको, उचाइको अनुपातमा तौल बढी नै हुने भएकोले उहाँलाई घुँडा दुख्ने समस्याले समय समयमा सताउने गर्दछ ।

उहाँ बनारसमा पढ्दा भारतको स्वाधीनताको सङ्ग्राम पूरै जोडमा थियो, बनारसमा गान्धीको बारेमा सुन्ने, जान्ने र भाषण समेत सुन्ने अवसर उहाँलाई प्राप्त भएको थियो । फलस्वरूप उहाँमा गान्धिवादको सरलता, इमानदारी सच्चरित्रता, सत्यको पक्ष लिने जस्ता गुणहरू अत्यन्त नै गहिरो रूपमा रहेको थियो । नेपाल सरकारको सचिवबाट सेवानिवृत्त, मेरा अग्रज शम्भु खनालज्यूले एकपटक एउटा प्रसङ्गमा सुनाउनुभएको थियो । "तपाईंका पिताजीले हामीलाई त्रिचन्द्र कलेजमा पढाउनुहुन्थ्यो । उहाँ खादीको धोती, कुर्ता लगाएर पढाउन आउँदा हामी उहाँलाई मदिसे भन्ने गर्दथ्यौं ।" मेरा पिताजीको पढाइ वि.कम. काठमाडौंमा भएको बाहेक सबै भारतमा नै भएको र भारतमा बस्दा गान्धीको सादगी र सुत काटेर खादी वस्त्र लगाउने अभियानबाट पूर्णरूपमा नै प्रभावित हुनुभएको थियो । हाम्रो गाउँमा पनि गान्धी र उनको "घर, घर चर्खा अभियानको ठूलो प्रभाव थियो । हाम्रा अधिकांश घरहरूमा २/४ वटा विभिन्न आकारका चर्खाहरू हुने गर्दथे । मेरो मावलीमा त यसरी कातिएको सुतबाट कपडा बनाउन जुलाहा नै राखिएको थियो । पिताजीमा भएको गान्धीको प्रभावको चर्चा गर्दागर्दै मलाई एउटा घटनाको सम्झना हुन आयो । पिताजीलाई त त्यस बेला मदिसेमात्रै भन्नेछन्, यो २०१५/१६ सालतिरको कुरो हो, प्रजातन्त्रको अभ्यास भर्खरै प्रादुर्भाव भएको अवस्थाको कुरा हो । मलाई त अञ्चलाधीश कार्यालयमा गएर अञ्चलाधीशको सम्मुख मौखिक स्पष्टीकरण नै दिनुपरेको थियो । वि.सं. २०४४।४५ सालताका म बारा जिल्लामा कायममुकायम प्रमुख जिल्ला अधिकारीको रूपमा कार्यरत थिएँ । मलाई पनि बाल्यकालदेखि नै मन पर्ने सेतो खादीको कुर्था पाइजामा त्यहाँ बस्दा बिहान, बेलुकी, छुट्टीको दिन लगाएर बसेको देखेर त्यस बेलाका पञ्चायती व्यवस्थाका तथाकथित पहरेदारहरूले दरबारदेखि लिएर अञ्चलाधीश कार्यालयसम्म इतर पक्षकै प्रतीक भएर काँग्रेस फैलाउन खादीको कुर्था पाइजामा लगाउने गरेको भनेर उजुर गरेछन् । मैले आफ्नो खादीप्रतिको आकर्षणको विस्तृत पृष्ठभुमि (अक्टुवर महिनामा भारतमा किन्दा सहुलियत पाउने समेत) सुनाएर, आइन्दा जिल्लामा कार्यरत रहँदा लाउँदिन भन्ने वाचा समेत गर्नुपरेको थियो ।

आज यो विषय लेख्दालेख्दै, काठमाडौंले सदैव हामीलाई मदिसे देखेको गुनासो रहँदारहँदै अहिलेको तराई आन्दोलनले १०४ वर्षदेखि बस्तिपुरमा बसेको हामीलाई पहाडे भनेको विडम्बनाले एकै छिन पीडायुक्त हाँसो मनमा उब्जिन पुग्यो । अचेल घरिघरि कलेज जीवनमा भारतीय उपन्यासकार अमृता प्रितमको एउटा उपन्यासको एउटा वाक्यांश सम्झनामा आउन थालेको छ "मै तो अपने ही वतन मे जलावतन (स्वदेशबाट निर्वासित) हो

गया ।" हो, म आफ्नो देशको ठेगाना के हुने होला भनेर सोच्न थालेको छु । मेरो देश कुन हो भनेर सोच्न थालेको छु ।

ओहो, स्मरण झन्डै झन्डै विषयान्तर हुन पुग्यो । यही नै कारण हो, मलाई आफ्नो र आफ्नाहरूको बारेमा लेख्न मन लाग्दैन । यो लेखाइमा कुन व्यक्तिगत, कुन सार्वजनिक कुरा हो भनेर, छुट्याउनै गाह्रो लाग्दछ । म व्यक्तिगत कुरा लेखिन हुन्न भन्ने कुरामा विश्वास गर्दछु तर, लेख्न बसेपछि त्यो व्यक्तिगत र सार्वजनिक पक्षको सीमा छ्यासमिस हुन थाल्दछ ।

मेरा पिताजीले आफूलाई मन पर्ने पेशामा शिक्षक नै रोज्न खोज्नुभएको थियो तर उहाँले भन्नुभए अनुसार उहाँले एम.कम. को पढाइ सक्दा त्रिचन्द्र कलेजमा दरबन्दी नै बाँकी रहेनछ । त्यसैले नेपाल राष्ट्र बैंकको द्वितीय श्रेणीको अधिकृतबाट जागिर सुरु गर्नुभएछ । तर प्राध्यापकहरू लामो छुट्टी वा लामो तालिममा जाँदा उक्त स्थानमा गएर पढाउने काम गरिहाल्ने गर्नुहुँदो रहेछ । शिक्षा बिस्तार गर्ने उहाँको धोकोकै कारणले उहाँको प्राध्यापक समेत रहनुभएका स्व. गोपालमान श्रेष्ठले स्थापना गर्नुभएको बेलुकी पढाइ हुने पब्लिक कमर्स कलेजको स्थापना र स्थापना पश्चात्का वर्षहरूमा स्वयंसेवकको रूपमा नियमित पढाइ दिनुभएर आफ्ना गुरुप्रतिको कृतज्ञतालाई अभिव्यक्त गर्नुभएको थियो । पछि, हामीहरू पुलचोकमा डेरा लिएर बस्दा पाटन क्याम्पसमा स्थापित नेपाल कमर्श कलेजमा पनि पढाउने र विभिन्न ढङ्गले सहयोग पुऱ्याउने गर्नुभएको थियो । त्यस बेलामा उहाँका अन्य समकालीनहरूमा गेहेन्द्रबहादुर, राजभण्डारी, नारायणप्रसाद श्रेष्ठहरू हुनुहुन्थ्यो ।

वि.सं. २००७ मा भएको राजनितिक परिवर्तनको पूर्वसन्ध्यामा देशका विभिन्न भागमा देखापर्ने थालेको सामाजिक चेतना र परिवर्तनको लहरले त्यस समयका आदर्शवादी शिक्षित युवकहरूमा आ-आफ्ना गाउँघरमा विद्यालय चलाउनुपर्दछ, आ-आफ्नो गाउँघरमा शिक्षा फैलाउन कटिबद्ध हुने र शिक्षा फैलाउनुपर्दछ भन्ने भावना व्याप्त रहेको थियो र यो एउटा समाजप्रतिको आफ्नो कर्तव्य हो भन्ने विचार मेरा पिताजीमा पूर्णरूपमा रहेको थियो । उहाँले बनारसको विद्यालयबाट स्कुले शिक्षा समाप्त गरेपछि आफ्नो गाउँमा आठ कक्षासम्म भएको विद्यालयको पठनपाठनको स्तर बढाउन प्रधान अध्यापकको रूपमा पढाउन पनि थाल्नुभएको थियो । विद्यालयको त्यस समयका कागजपत्र, अभिलेखहरू हेर्दा उहाँले त्यस विद्यालयलाई अँग्रेजी माध्यमको विद्यालय बनाउन र पठनपाठनको वातावरणमा सुधार गर्न उहाँमा धेरै कुराहरू गर्न उहाँस्वयम् खोज्नुभएको देखिन्छ । यो सबै कुरा गर्न उहाँमा उहाँस्वयम्ले अध्ययन गर्नुभएको विद्यालय र बनारसको समग्र प्रभाव परेको थियो । शिक्षाप्रतिको उहाँको प्रतिबद्धता उहाँले आफ्ना भाइहरू होऊन् वा हामी दुई छोरा र एउटी छोरी सबैले अब पुग्यो भनेर पढाइ पूरा नगरुन्जेलसम्म पढ्ने मौका दिनुभएकोबाट छर्लङ्ग देखिन्छ । उहाँमा आश्रित हामी कसैले पनि इच्छा गरुन्जेलसम्म पूर्णकालीन विद्यार्थीकै रूपमा शिक्षा हासिल गर्ने प्रोत्साहन दिनुभयो । मैले एम.कमको पढाइ सकेपछि उहाँले मलाई भन्नुभयो । "मैले आफ्ना पिताजीको जीवनकालमा नै एम.कमसम्म पढ्ने सौभाग्य पाएको थिएँ । मलाई सदैव पिर लाग्थ्यो तिमीहरूलाई पढाउनसक्छु, सक्दिनँ होला । तिमीले पढाइ सकँ भनेकोले मलाई मेरो पिताजीतर्फको एउटा कर्तव्य पूरा गर्न सकेको जस्तो लागेको छ । तिमीले पनि आफ्ना सन्तानलाई पढाउन सक भनेर कामना गर्दछु ।" यी वाक्यहरू मेरो जीवनभरिको लागि एउटा आदर्शको रूपमा रह्यो । एउटा चुनौतीको रूपमा रह्यो । मार्गदर्शनको रूपमा रह्यो । मैले गर्न

सके नसकेको कुरा आफ्नो स्थानमा छ, मैले सोचेजति भने गर्न सकिनँ । यसका बाध्यता र कारणहरू आफ्नै स्थानमा छन् । तर मेरा पिताजीले छोराछोरीहरूको होस् वा भाइहरूको होस् वा समाजलाई होस् शिक्षाको क्षेत्रमा गर्नुभएको योगदान मैले गर्व गर्ने विषयमध्ये एक रहेको छ । यो जिम्मेवारी पूरा गर्न उहाँले जुन अथक मेहनत पीडा र कष्ट उठाउनुभयो त्यो हाम्रो परिवारको लागि महान् प्रेरणाको श्रोत हो ।

मेरा पिताजीको अर्को एउटा पक्ष जुन ममात्रै होइन, प्रजातन्त्रमा विश्वास गर्ने सबैले गर्व गर्ने र अनुकरण गर्ने विषय हो– उहाँको प्रजातन्त्रप्रति अटुट विश्वास, श्रद्धा, प्रतिवद्धता र दृढता । मेरा बाबा भन्ने गर्नुहुन्छ, बनारसमा एक कक्षामा भर्ना गर्न उहाँलाई सन्त नेता स्व. कृष्णप्रसाद भट्टराई, प्रजातन्त्रको स्थापना, पुनःस्थापना र नेपाली साहित्यको सेवा गर्न आफ्नो सम्पूर्ण तन, मन, धन समर्पण गर्ने स्व. नरेन्द्र रेग्मी तथा ठुल्दाजु स्व. ईश्वर बरालले विद्यालय लग्नुभएको थियो । उहाँको किशोरावस्थामा बनारसमा त्यस समय व्याप्त प्रजातन्त्रप्रति तन, मन, धन समर्पण गर्ने वातावरणको प्रभाव र ईश्वर बरालका भाइ भएका कारणले पनि नेपालका प्रजातान्त्रिक योद्धाहरूसित उहाँको सान्निध्यताको प्रभावको फलस्वरूप उहाँको मनमा प्रजातन्त्रप्रति अगाध श्रद्धा र प्रतिवद्धताले बलियोसँग जरा गाड्नु स्वभाविकै हो । साथै वि.सं. २००४ सालदेखि २००७ सालसम्म स्व. रुद्रप्रसाद गिरी र स्व. ईश्वर बरालको गाउँको रूपमा प्रख्यात बस्तिपुर प्रजातान्त्रिक गतिविधिको चहलपहलको एउटा मुख्य केन्द्र नै रहेको थियो । यी सबै कारणले उहाँमा प्रजातन्त्रप्रति सदैव अटुट आस्था र विश्वासले रहिरहेको छ ।

मलाई अहिले पनि याद छ, २०१७ सालको प्रजातन्त्रमाथिको आक्रमणसम्म स्व. माधव बाबु (२०१५ सालको आमचुनावमा तराई काँग्रेसका अध्यक्ष वेदानन्द झालाई हराएर चर्चित हुनुभएका (स्व. माधवप्रसाद रेग्मी) काठमाडौंको हाम्रै डेरामा रहने बस्ने गर्नुहुन्थो । उहाँसित दोहोरो नाता भएकाले (बाबाको भिनाजु, मेरी आमाका साँहिला काका) उहाँको उपस्थिति हाम्रो लागि अति प्रिय हुने गर्दथ्यो । उहाँ निर्वासनमा बस्दा विभिन्न किसिमले सहयोग गर्न बाबा सदैव तत्पर रहनुहुन्थ्यो । नेपाल राष्ट्र बैंकको द्वितीय श्रेणीको पदमा कार्यरत रहँदारहँदै पनि उहाँ २०१७ सालको महेन्द्रको कदमपछि नख्खुजेलमा थुनिएका स्व. रुद्रप्रसाद गिरीलाई भेट्न छुट्टिको दिन हिँडेरै त्यहाँसम्म पुग्नुहुन्थो । गिरीजीलाई मन पर्ने चुरोट र केही पैसा समेत दिने गर्नुहुन्थ्यो । आफ्ना गाउँका अग्रज प्रजातन्त्रका योद्धा र संगठन कौशल भएका गिरीजीलाई भेटेर आदर व्यक्त गर्ने यो काम गिरिजी जेलबाट निस्केर पञ्चायतलाई स्वीकार नगरुन्जेलसम्म चलिरहयो । गिरीजीले पञ्चायत स्वीकारेर बाहिर निस्किएपछि मेरा बाबाले गिरीजीको जीवनपर्यन्त उहाँलाई कहिल्यै भेट्नुभएन । विविध कारणले म उहाँको नजिकैको सम्बन्ध रहेको र स्नेह गरिने व्यक्तिमध्ये पर्दथेँ । उहाँसित मेरो भेटघाट हुँदा उहाँले र काकाले उहाँलाई नभेटेको कुरा गर्ने गर्नुहुन्थ्यो र बाबाको विषयमा रुचि लिएर सोधपुछ गर्नुहुन्थ्यो ।

यस्तै किसिमको मोह भङ्ग उहाँको अर्का अग्रज डा. तुलसी गिरीजीसित भएको परिवारका हामीले थाहा पाएका थियौँ । डा. गिरी डा. ईश्वर बरालका दौँतरी हुनुभएकोले उहाँप्रति दाजुभाव, अग्रजभाव रहने नै भयो । एउटै गाउँको परिवेशमा हुर्किएका उहाँ मेरा बाबाको लागि दाजु र अभिभावकजस्तै हुनुहुन्थ्यो भने डा. गिरीको लागि मेरा बाबा लक्ष्मण बाबु र स्नेहका पात्र हुनु स्वभाविकै हो । तर डा. गिरीले काँग्रेस पार्टी छोडेर महेन्द्रसित मिलेर पञ्चायत व्यवस्थामा

पद ओगट्न थालेपछि उहाँसित कुनै पनि किसिमको सम्बन्ध राख्नुभएन । उहाँ मन्त्रिपरिषद्को उपाध्यक्ष हुनुभयो, हट्नुभयो । तर मेरा बाबाले कहिल्यै पनि उहाँसित भेट्ने इच्छा राख्नुभएन । मेरा हजुरबाबाले डा. गिरीलाई भेट्न जाँदा भएको सम्वाद हाम्रो घर परिवारमा बडो चर्चित छ । डा. गिरीले मेरा हजुरबाबासित गुनासो गर्नुभएछ, "किशोर (मेरा साहिँला काका) हाम्राविरुद्ध विद्यार्थी राजनीति गर्दछन्, दुईवटा भाइहरू (मेरा बाबा र स्व. काका यादवरञ्जन बराल) छन् तर पनि कहिल्यै भेट्न आउँदैनन् । कति जना आएर कुरा राख्छन्, सहयोग माग्छन् । उनीहरू त कहिल्यै आउँदैनन् ।" हाम्रा कोही कोही आफन्तहरू डा. गिरीको छेउ जाँदा वा सार्वजनिक स्थलमा नै भेट हुँदा पनि उहाँले स्नेहसाथ लक्ष्मण बाबुको हाल खबर सोधेको र उहाँमा लिएको रुचि सुन्दा यो राजनीतिक चातुर्य हो वा साँच्चिकै आफ्ना अनुजहरूप्रति स्नेह हो, मैले अझै ठम्याउन सकेको छैन । मैले आफ्नो जागिरे जीवन र सार्वजनिक स्थलमा उहाँलाई भेट्ने मौका पर्दा, उहाँले बडो रुचिपूर्वक, हामी सबै र गाउँघरका प्रत्येक व्यक्तिहरूप्रति व्यक्त उद्गारले मलाई डा. गिरीमा आफ्नो बाल्यकालको परिवेशले उहाँमा उब्जाएको संवेदनशीलता कायमै रहेछ भन्ने लाग्ने गर्दछ ।

मेरा बाबाको उहाँसितको एक पटकको कुराकानी, जुन अत्यन्त निजी र व्यक्तिगत किसिमको छ । यो लेखी हाल्न सङ्कोच त लागि रहेछ । तर, मेरा बाबाको व्यक्तित्वको कुरा गर्न र यसबाट ममा परेको प्रभावको विश्लेषण गर्न उपयुक्त नै होलाजस्तो लागेर लेख्दै छु । तर, म यो लेख्दा दुवै जनाप्रति क्षमाप्रार्थी छु । म शङ्करदेव क्याम्पसमा स्नातक तहको अन्तिम सिमेष्टरको विद्यार्थी थिएँ । म घरको बरन्डामा पढेर बसिरहेको थिएँ । यो घटनाको ठीक सात दिनपछि डा. गिरी प्रधानमन्त्री बन्नुभयो । यो २०३२ सालको कुरो हो । उक्त चिसो बिहान अचानकै, अर्थात् विनाकुनै सूचनाको डा. गिरी एक जना व्यक्तिलाई लिएर हाम्रो घर आइपुग्नुभयो । उक्त व्यक्तिको नाम अहिले मलाई उल्लेख गर्न मन छैन । बाबाले उहाँको अचानकै आगमनमा आश्चर्य मान्नुभयो, अर्का व्यक्तिलाई देखेर आउनुको उद्देश्य त उहाँलाई थाहा भइ नै सकेको थियो । डा. गिरीले भन्नुभएको अहिले पनि याद छ । अहिले घर बनाएर बसेको हेर्न आएको, घर भोज पनि खुवाएनौ आदि आदि । बाबाले बडो रमाइलो पाराले भन्नुभयो, हजुरको रुचि र स्तरअनुसार त म सत्कारै गर्न सक्दिनँ नि त । त्यसपछि उहाँ आउनुभएको प्रयोजनको विषयमा बाबाले स्पष्टसितै भनिदिनुभयो, "दाजु, हुने काम म कसैले नभने पनि गर्दछु, मेरो कर्तव्य हो । नहुने काम त म कसैले भनेर पनि गर्दिनँ । हजुरलाई यस्तो भन्न त नहुने हो । तर यो कामको प्रकृति नै यस्तै छ । "उक्त समयमा बाबा राष्ट्रिय वाणिज्य बैंकको लगानी विभागको प्रमुख हुनुहुन्थ्यो । त्यो क्षण, त्यो समयमा भएको यो सम्वादलाई मैले आफ्नो जीवनको मार्गदर्शनको रूपमा लिएँ । हुने काम गर्नु मेरो कर्तव्य हो, कसैले भनि राख्नुपर्दैन, नहुने काम जसले भने पनि गर्न हुँदैन । मलाई लाग्दछ, यी वाक्यांशले मेरो बाबाको सम्पूर्ण व्यावसायिक जीवन र मेरो पनि सम्पूर्ण व्यावसायिक जीवनमा कुनै पनि बाछिटा पर्न नदिई पूरा गर्न हामी दुवैलाई समर्थ तुल्यायो । व्यावसायिक जीवनको यात्रा त त्यति सजिलोसित त बितेन । बतासको वा नदीको धारको विरुद्ध हिँड्दा जति थपेडा, सङ्घर्ष र उर्जा क्षय हुन्छ, त्यति सबै नै हामीले सामना गऱ्यौं । त्यो समयमा जति सुकै कष्ट साध्य भए पनि अहिले सन्तोषको स्तर साच्चै उच्च छ । बाबाले सबै चरण पार गरिसक्नुभएको छ । उहाँको सङ्घर्ष लगभग समाप्त भएको छ । तर मेरो भने त्यो सङ्घर्षको केही अंश अझै बाँकी नै छ । जुन किसिमले आफ्नो व्यावसायिक जीवन बाबाले समाप्त गर्नुभयो, त्यो मेरो लागि गौरवको कुरा हो । म यस कुरामा गर्व महसुस गर्दछु ।

मलाई कहिलेकाहीँ लाग्दछ, उहाँको पिढीका कतिपय त्यस्ता व्यक्तिहरूसित उहाँको चिनजान थियो, जसलाई प्रयोग गरेर उहाँ सजिलैसित पञ्चायत कालदेखि नै बगेको बतास वा नदीको बेगसितै बगेर सजिलैसित सुविधाजनक जीवन बिताउन सक्नुहुन्थ्यो । तर, उहाँले त्यो रोज्नुभएन । उहाँसित दिल्ली विश्वविद्यालयमा हुने नारायणप्रसाद श्रेष्ठ, तेजबहादुर प्रसाईं लगायतका धेरै व्यक्तिहरूसित उहाँले सामान्य औपचारिकताका अभिवादन बाहेक बढी हेमचेम राख्नुभएन । मोटो र अग्लो हुने विकासको बाटो वा साँचो थाहा नभएको होइन, यो सबै जगजाहेर नै थियो । तर उहाँले त्यो रोज्नुभएन । सङ्घर्ष रोज्नुभयो, सन्तोष रोज्नुभयो, आत्मसम्मानको बाटो रोज्नुभयो, सन्तोष पाउनुभयो, आत्मसम्मान कायम राख्नुभयो । मलाई विश्वास छ, उहाँ आफैले रोजेको बाटोमा सफल हुनुभयो । सङ्घर्ष, पीडा, थकाइ अहिले आएर धेरै पछाडि छुटिसकेका छन्, उहाँले आफ्नो आत्मसम्मान र सन्तोष प्राप्त गर्नुभएको छ ।

उहाँको व्यक्तित्वमा मैले एउटा अर्को पाटो पनि देख्ने मौका पाएँ । उहाँको जीवनयापनको ढङ्ग अत्यन्त अनुशासित थियो । अनुशासनलाई कडाइका साथ र अक्षरसः पालना गर्नुपर्दछ भन्ने उहाँको मान्यता थियो । बिहान सबेरै उठेर कि त पूजा सकेर पशुपति क्षेत्रको भ्रमण जाने वा पशुपति क्षेत्रको भ्रमण सकेर पूजामा बस्ने उहाँको दिनचर्या थियो । यो मौसममा भर पर्दथ्यो । कार्यालयका कर्मचारी वा कार्यालयसित सम्बन्धित कसैलाई पनि घरमा भेटनुहुन्नथ्यो । उहाँको यो अनुशासन थाहा नभई कोही आइहाल्यो भने कार्यालयमा नै भेट्नुहोला भनेर सुनाइदिन हामीलाई भन्नुहुन्थो । सदैव समयमा नै कार्यालय पुग्नुहुन्थो । उहाँ आफ्नो कारणले सायदै कहिले कार्यालयको समयमा ढिला पुग्नुभयो होला । उहाँको अनुशासनप्रियता कसै कसैले कठोर भएको ठाने पनि, उहाँ न्याय प्रिय हुनुहुन्थ्यो । कसैलाई पनि अन्याय हुनुहुँदैन भन्ने दृढ विश्वासका साथ अरूहरूले गरेको अन्यायप्रति पनि औला ठड्याउनुहुन्थ्यो । यस स्वभावको कारणले उहाँले केही व्यक्तिगत अप्ठेरा वा असमझदारी पनि बेहोर्नुपर्‍यो । तर उहाँ आफूले देखेको कुरा भन्न कहिल्यै हिचकिचाउनु हुँदैनथ्यो ।

मलाई आफ्नो पिताजीका बारेमा भन्नुपर्दा वा अहिले मैले उहाँले बिताइरहनुभएको जीवनलाई फर्किएर हेर्दा, उहाँले आफ्नो व्यावसायिक जीवनमा भोग्नुपरेको अन्यायले ममा घरिघरि उकुसमुकुस र पीडा उब्जाउँछ । तर उहाँले यसलाई अत्यन्त दार्शनिक भावमा ग्रहण गर्नुभयो । उहाँमा यस पीडाप्रति गुनासोको सामान्य प्रभाव पनि छैन । मैले माथि सबिस्तार नै उहाँको प्रजातन्त्रप्रतिको अटुट आस्थाको बारेमा उल्लेख गरिसकेको छु । यसलाई पुनः उल्लेख गरिराख्नुपर्ने आवश्यकता छैन । उहाँको लागि प्रजातन्त्र भनेको विधिको शासन थियो । कानुनप्रदत्त अवसरमा सबैको समान अवसर हुनुथियो । जनताको अभिमतको आधारमा समाजको निर्माण र लोककल्याणकारी शासनको प्रत्याभूति थियो । कुनै पनि विभेद, अन्याय र शोषण हुनुहुँदैन भन्ने कुरामा सदैव विश्वास गर्नुहुन्थ्यो । उहाँले भर्खरै आएको प्रजातन्त्रलाई काम गर्ने अवसर प्राप्त नहुँदै प्रजातन्त्रलाई निमोठेर पञ्चायतको नाममा प्रत्यक्ष शासन चलाएको कहिल्यै स्वीकार गर्न सक्नुभएन । प्रत्यक्ष शासन वा केन्द्रीकृत शासनमा समानता हुँदैन, न्याय हुँदैन तथा अग्रगामी सोच हुँदैन भन्ने कुरामा उहाँ विश्वास राख्नुहुन्थ्यो । पञ्चायतलाई स्वीकार गर्न नसकेको कारणले उहाँले आफ्नो व्यावसायिक जीवनमा अन्याय, भेदभाव, पक्षपात तथा वृत्ति विकासलाई नै अवरुद्ध पारिदिएको पीडा पनि ईश्वरको न्याय र प्रजातन्त्रप्रति आस्थाको भरमा सहन गर्नुभयो । सभ्य समाजमा प्रजातन्त्रको विकल्प हुँदैन । ढिलो, चाडो, यो पुनःस्थापना

हुन्छ नै । हिटलर र मुसोलिनी जस्ता आतङ्कवादी तानाशाहीहरू ढलेको घटनाको प्रतिध्वनि चलि नै रहेको बेलामा जन्मिएर किशोरावस्था टेक्नुभएका मेरा पिताजीको प्रजातन्त्रप्रतिको अटुट आस्था र विश्वास मेरो लागि गर्वको विषय हो ।

तर, उहाँको जीवनभरिको प्रजातन्त्रप्रतिको आस्था, मेरो पनि किशोरावस्थादेखिकै अटुट आस्थालाई पहिलो धक्का त्यसबेला लाग्न गयो, जब प्रजातन्त्र पुनःस्थापना पश्चात्को निर्वाचित सरकार अर्थात् गिरिजाबाबुको सरकारले पनि उही पञ्चायती शैलीलाई अङ्गीकार गऱ्यो । पञ्चायतकाललाई स्वीकार यस कारणले गरिएको थिएन कि त्यसमा विधिको शासनको आधारभूत जग नै थिएन । राजा महेन्द्रको आफू र आफ्ना आसेपासेलाई पोस्ने नीति अन्तर्गत नै शासन व्यवस्था परिचालित थियो । तसर्थ, त्यसमा विधिको शासन, कानुनको समानता अवसरको समानता आदिका गुञ्जायस नै काहाँ थियो र ? पञ्चायत नमान्नेहरूलाई अराष्ट्रिय तत्त्वदेखि लिएर इतर पक्ष भन्ने ठप्पा लगाउने सामन्ति हुकुमी राज्य व्यवस्थासित न्यायको अपेक्षा नै कहाँ थियो र ? दुःखको कुरा त प्रजातन्त्र पुनःस्थापनापछि स्थापित सरकारले पनि अन्यायपूर्वक लामो अवधिदेखि वृत्तिविकासको अवसर कुरेर बसिरहेका मेरा पिताजी लगायत थुप्रै थुप्रै पञ्चायत व्यवस्थाबाट पीडित व्यक्तिहरूको आशामाथि तुषरापात गरिदिनु पो हो त । मेरा पिताजी राष्ट्रिय वाणिज्य बैंकको स्थापनाको तयारीदेखि नै सञ्चालक समितिका सदस्यको रूपमा संलग्न हुनुहुन्थ्यो । स्थापना पश्चात्, देशको दोस्रो वाणिज्य बैंक, वाणिज्य बैंक भनेको आर्थिक विकासको संवाहक हो यसलाई विकसित गर्नुपर्दछ भन्ने धारणाले प्रेरित भएर नेपाल राष्ट्र बैंकको प्रथम श्रेणीमा पदोन्नति हुन नै लागेको अवस्थामा पनि त्यसलाई त्यागेर यसै बैंकमा संलग्न हुने उहाँले निर्णय गर्नुभएको थियो । सरकारी क्षेत्रको यस वाणिज्य बैंकलाई देशका कुना कुनामा फैलाउनमा अथक परिश्रम गरेर २४२ वटा शाखासम्म पुऱ्याउने उहाँको प्रयास त्यति सरल, सहज र बाधारहित थिएन । तर आफू एउटा गाउँबाट उठेर यहाँसम्म आइपुगेको गुन देश र आफूजस्तै सबै नागरिकहरूलाई तिर्नु आफ्नो कर्तव्य हो भनेर यस प्रयासमा लागि रहनुभयो । यस क्रममा उहाँलाई पदोन्नतिको अवसरबाट वञ्चित गरिएको कुरा पञ्चायतकालीन ठूला बडाको पक्षपोषण नगरेकाले भोग्नुपरेको पक्षपात तथा अन्यायहरू मलाई लाग्दछ । उहाँले एउटा विश्वासका साथ सामना गर्नुभयो होला । मैले कहिल्यै यस विषयमा उहाँसित कुरा गरेको छैन । तर त्यो विश्वास मेरो अनुमानमा उहाँको प्रजातन्त्रप्रतिको अटुट विश्वास नै थियो होला । प्रजातन्त्रको विकल्प हुँदैन, प्रजातन्त्रको पुनःस्थापना अवश्यम्भावी छ, तसर्थ प्रजातन्त्रको पुनःस्थापनामा आफ्नोतर्फबाट ससाना योगदान गर्दै यी अन्याय र पक्षपातलाई अझ दृढताका साथ सामना गरिराख्नुपर्दछ भन्ने विश्वास उहाँमा थियो । कथंकदाचित् आफ्नो व्यावसायिक जीवनमा नै प्रजातन्त्र पुनःस्थापना नभए पनि प्रजातन्त्रको पुनःस्थापना पश्चात्को पुनःनिर्माणकालमा आवश्यक पर्ने संरचनाहरू निर्माण गरिराख्नुपर्दछ भन्ने विश्वास उहाँमा थियो । कथंकदाचित् आफ्नो व्यावसायिक जीवनमा नै प्रजातन्त्र पुनःस्थापना नभए पनि प्रजातन्त्रको पुनःस्थापना पश्चात्को पुनःर्निर्माण कालमा आवश्यक पर्ने संरचनाहरू निर्माण गरिराख्नुपर्दछ भन्ने मान्यता लिएर देशमा वैंकिग सेवा बिस्तारमा उहाँले अटुट योगदान दिइ नै रहनुभयो ।

तर, अपशोच ! गिरीजाबाबुले बैंकिग सेवाको लामो अनुभव भएका मेरा पिताजीको वैध दाबीलाई लत्याएर आसेपासे, वैंकिग क्षेत्रमा अनुभव नै नभएका व्यक्तिलाई बैंकका प्रमुखमा भर्ती गरिदिनुभयो । हो, म त्यस क्रियालाई भर्ती नै भन्दछु, बिनाकुनै विधिसम्मत ढङ्गले उही पञ्चायती शैलीमा जुन काम गर्नुभयो, त्यो सरकारमा रहेको शक्तिको अत्यन्त नै भद्धा मञ्चन

थियो । विधिको शासनको मान्यतालाई लत्याउँदै उहाँले गर्नुभएको यो र यस्तै किसिमका कार्यहरूको परिणति आज कुन रूपमा अभिव्यक्त भइरहेको छ, त्यो प्रजातन्त्रको अनुयायी, विधिको शासनको पक्षपातीहरूले अनुभव गरिरहेका नै होलान् । मृत्यु भइसकेका व्यक्तिहरूको आलोचना गर्नहुन्छ कि हुँदैन, मलाई थाहा छैन । मैले लेख्न खोजेको विषय व्यक्तिसित सम्बन्धित होइन, प्रवृत्तिसित सम्बन्धित छ । तर आजका विधिविधानरहित क्रियाकलापहरू भएको देख्दा म ती सबै खबरहरूको पछाडि गिरिजाबाबु कै अनुहार छाएको देख्दछु । हामीहरूले केटाकेटीदेखि नै सुनिआएको उखान "रोपी बबुर त फली आँप ?" चरितार्थ भएको देख्दछु । प्रजातन्त्र पुनःस्थापनाका सुरुका वर्षहरूमा गिरिजाबाबुले रोप्नुभएको बबुरको रूख, आज सार्वजनिक जीवनमा सर्वव्याप्त भएर, त्यसका काँडाहरूले घोचिरहेका छन् । कालो रूखमा टाढैबाट स्पष्टसँग देखिने सेतासेता विषालु बबुरका काँडाले सबैतिर घाउ लाइरहेछ । अनि सिधासादा जनताहरू यी बबुरका रूखहरूको ठाउँमा कहिले आँप रोपिने हो भनेर अहोरात्र प्रतीक्षा गरिरहन बाध्य भएका छन् ।

त्यस बखत मैले सुनेको कतैबाट पुष्टि हुने कुरा त भएन, यो विषयलाई स्व. महेन्द्रनारायण निधीले पार्टीकै बैठकमा नै पनि यो न्याय भएन रे भनेर उठाउनुभएको थियो रे ! त्यस बैठकमा स्व. किसुनजी, स्व. गणेशमानजीहरू समेत हुनुहुन्थ्यो रे ! तर गिरीजाबाबुको 'प्रताप' अगाडि उहाँहरूले केही पनि भन्नुभएन रे ! मलाई अचम्म लागेको थियो, उहाँहरूले किन यसलाई गम्भीरतापूर्वक नलिनु भएको होला । पछिका वर्षहरूमा मैले लख काटें, निष्कर्षमा पुगें, त्यो शैली अपनाउँदा आफैलाई पनि सहज हुने उहाँहरूका पनि फेहरिस्त रहेछन् नि ! गिरिजाको विधिको शासन पालना नगर्ने अनुशासनहीनतामा उहाँहरूको आ-आफ्ना एजेन्डाहरू पनि त सजिलै पार हुने रहेछन् । अनुशासनमा नबसी, उन्मुक्त हुने, शक्तिको निर्वाध उपयोग गर्ने चाहना त सबैमा नै हुने रहेछ नि ! नियम, कानुन, विधि त निमुखाहरूको पो आग्रह हुने रहेछ, सत्तामा पुगेका, सत्तामा पहुँच भएका, सत्तामा पुग्ने सम्भावना भएकाहरूलाई त हाम्रो अहिलेको वातावरण गलत अर्थमा 'वीर भोग्या वसुन्धरा पो' रहेछ त !

गिरिजाबाबुका यस्ता कदमहरू 'बूढी मरी' मा सीमित भएन, यो त 'काल पल्किएकोमा' परिणत हुन गयो । उहाँले सूत्रपात गरेको शैली अनेकौँ रूपधारी, मुखौटाधारी विभिन्न पात्रहरूले कुन सीमासम्म विकसित गरेका छन्, आजको सार्वजनिक जीवनमा प्रत्यक्ष छ । कसैले पनि यसप्रति समय खेर फाल्नु र विचार गर्नुपर्ने विषय नै रहेको छैनजस्तो मलाई, अहिले लागिरहेछ ।

यस विषयले पनि मलाई मेरा बाबाप्रति गर्व गर्ने ठूलो मौका प्रदान गरेको छ । बाबाले आफूमाथि भएको यो अन्यायको विरुद्धमा कतै उच्चारण गर्नुभएन, कसैसित गुनासो गर्नुभएन । चुपचाप सहनुभयो, आफूलाई मानसिक रूपमा तयार बनाउनुभयो र पञ्चायतको कठोर शासन व्यवस्थामा समेत आँच आउन नदिएको आफ्नो व्यावसायिक जीवन सजिलैसित तिलाञ्जली दिनुभयो । राजीनामा गरेर छोडिदिनुभयो । यस सम्पूर्ण प्रकृयालाई उहाँले सजिलैसित सहिदिनुभयो, उहाँमा न त त्यस बेला, न त अहिले यस विषयलाई लिएर कुनै क्लेष छ । यो त मैले पनि झन्डै त्यही नै पीडा भोग्नुपरेकोले, बाबाको मौनताबाट पनि अनुभूति गरेको विषय हो । घरिघरि लाग्दछ, बाबा यसलाई यति सजिलैसित लिन कसरी सक्षम हुनुभयो होला । मेरो आफ्नै तर्क छ, बाबा प्रजातन्त्रमा आस्था र विश्वास राख्नुहुन्छ । त्यसैले उहाँले व्यक्तिहरूलाई प्रजातन्त्र मान्नुभएनछ । व्यक्तिहरू आउँछन्, जान्छन् तर प्रजातन्त्र एउटा लामो अनवरत यात्रामा अगाडि बढिरहन्छ ।

प्रजातन्त्र एउटा लामो अनवरत यात्रामा अगाडि बढिरहन्छन् । प्रजातन्त्रका नाममा सत्ताको दुरुपयोग गर्ने व्यक्तिहरू खराब हुन सक्दछ र प्रजातन्त्र खराब हुन सक्दैन । सन्तानहरू कपुत हुन सक्दछन् आमा कहिल्यै खराब हुन्नन् । प्रजातन्त्र जननी हुन् उनले थुप्रै दुःख, कष्ट र आफ्ना सन्तानहरूको कुकृत्य सहन गर्नुपर्ने हुन सक्दछ । त्यसैले, प्रजातन्त्रको परिणति विधिको शासनमा नपुगुन्जेलसम्म यस्ता धेरै कुराहरू सहनुपर्ने हुन्छ । मेरा बाबाले प्रजातन्त्रलाई विश्वास गर्नुभएको छ, प्रजातन्त्रको आडमा जथाभावी गर्ने गिरिजा प्रवृत्ति व्यक्तिहरूलाई होइन । तसर्थ, उहाँले यो सजिलैसित पचाइदिनुभयो । हामीहरूले भीडको वहानामा अल्छी गर्दा पनि सबैभन्दा पहिले भोट खसाल्न बुथमा पुग्ने उहाँको स्वभावलाई प्रजातन्त्रप्रतिको सच्चा अभिव्यक्ति ठान्दछु । हुन पनि, पञ्चायती चुनावमा कहिल्यै भोट नखसाल्नु हुने मेरा बाबा प्रजातन्त्र पुनःस्थापना पश्चात्को प्रत्येक चुनावमा उत्साहका साथ सुरुमा नै मतदान बुथमा पुगी धैर्यका साथ मतदान गर्ने गर्नुहुन्छ ।

यसै अनुभूतिको कारणले गर्दा म आफ्ना साथीहरूसित भन्ने गर्दछु, प्रजातन्त्रको एउटा विशेषता हुँदो रहेछ । यसले सबैको औकात छर्लङ्ग पारिदिँदो रहेछ । प्रजातन्त्र कहिले आउने हो थाहा छैन, तर अहिलेसम्मका प्रजातन्त्रको नाममा चलेको छाडातन्त्र, मनपरितन्त्रले एउटा फाइदा दिएको छ । ०४७ सालको परिवर्तन, ६३ सालको परिवर्तनले पनि मलाई एउटा ठूलो गुन लगाएको छ । आफ्नो किशोरावस्थादेखि नै संसारभरिका क्रान्तिकारी, परिवर्तनकामी व्यक्तिहरूको जीवनचरित्र पढ्ने मौका परेको र आफ्नो युवावस्थामा सदैव परिवर्तनकामीहरूकै कित्तामा मैले आफूलाई उभ्याउने गरेको थिएँ । त्यसैले यस्ता व्यक्तिहरूप्रति मलाई सदैव नायकत्वको आकर्षण रहने गरेको थियो । तसर्थ, मेरा लागि प्रजातन्त्रको लागि होमिने योद्धाहरू देवता नै होइन, आधा देवता वा पौने देवताहरूकै रूपमा रहेका थिए । तर माथि उल्लेखित परिवर्तनहरूले मलाई यथार्थको धरातलमा उभ्याइदिएको छ । मेरो मनमा रहने गरेको रोमाञ्चक पाटोबाट कठोर भुईंमा ल्याइदिएको छ । यी परिर्वनहरू नभई उहाँहरू मर्नुभएको भए वा म आफै मरेको भए, मेरो मनमा उहाँहरूको देवत्वको छाप रही नै रहेको हुने थियो । तर, यति बेला म ढुक्कसित भन्न सक्दछु, उहाँहरूको क्रियाकलापको आधारमा व्यक्तिको के कुरा गर्नु, उहाँहरूको उहाँहरूको प्रवृत्ति नै अत्यन्त न्युनस्तरको रहेछ । त्यो स्तर देवत्व को के कुरा अर्द्धमानव स्तरको रहेको कुरामा पनि शङ्कै छ । उनीहरूको तुलनामा प्रजातन्त्रको प्रतीक्षामा, अनुशासित, विधिको पालना गरेर, आधारित रहेर जीवनयापन गर्ने साधारण मनुवामा बढी देवत्वको अंश रहेछ । र, प्रजातन्त्रको अनवरत यात्रा ती नायकहरूमा होइन, यी गुमनाम साधारण मनुवाको काँधमा अगाडि बढेको हुने रहेछ ।

मैले आफ्ना बाबामा देखेका मैले गर्व गर्न सक्ने गुणहरूको फेहरिस्त अझै धेरै बाँकी नै छ । तर मलाई यो पृष्ठसङ्ख्याले अत्यायो । मलाई जति धेरै माया गर्ने उदार सम्पादकज्यूले पनि, मेरै सम्मुख, अप्ठेरो मान्नुहुनेछ भन्ने लागेको छ । सामान्यतया, यति लामो निबन्ध छाप्न कसले स्वीकार गर्नुहोला म अनुमान गर्न सकिरहेको छैन । तथापि जसले यो छाप्न स्वीकार गर्नुहोला, उहाँप्रति अहिले नै अग्रिम साधुवाद टक्रयाउन चाहन्छु ।

मेरा बाबाका विषयमा अन्य स्थानमा पनि उल्लेख पक्कै होलान् । तर म अहिले फेरि भन्न चाहन्छु । बाबा, हजुरको छोरा भएमोमा म गर्व गर्दछु । हो, म गर्व गर्दछु ।

❖❖❖

लेख

नेपाली लोकगाथाको वर्गीकरण र विश्लेषण

■ प्रेमप्रसाद शर्मा अर्याल

१. विषय परिचय

संस्कृतको "लोक दर्शने" धातुमा घञ् प्रत्ययबाट व्युत्पन्न भएको लोकसाहित्य हो । जसको अर्थ हुन्छ लोकको हितका लागि अभिप्रेरित । जो शिष्ट समुदायबाट नभएर सामान्य समुदायबाट यसको सिर्जना भएको भन्ने पाइन्छ । यसले सामान्य समुदायको जीवनमा भएका सुख दुःखका पाटालाई छोएको हुन्छ । लोकसाहित्य अति प्राचीन साहित्य हो । यसको इतिहास खोज्दै जादा वैदिक युग वा ऋग्वेदसम्म पुगिन्छ । ऋग्वेदको सूक्तमा जीव तथा स्थानका लागि लोक शब्दको प्रयोग भएको पाइन्छ । यसपछि विभिन्न विद्वान्हरूले लोक शब्द प्रयोग प्रसस्त मात्रामा गरेको पाइन्छ ।

लोकसाहित्य शब्दभित्र समस्त भएर रहेको लोक शब्दको विभिष्ट महत्त्व रहे पनि यसलाई अभीष्ट साहित्य, जन साहित्य प्रगतिशील साहित्य, ग्राम साहित्य आदि सामान्य रूपमा पनि हेरिने गरेको पाइन्छ । जो शिष्ट साहित्यभन्दा धेरै पहिले लोकसाहित्यले जन हृदयमा गहिरो स्तम्भका रूपमा स्थान पाइसकेको थियो । वास्तवमा लोकसाहित्य भन्नु दोस्रो वैदिक परम्परा हो र लोकगीत र लोककथा नै वेदको समृद्धिका कारण हुन् । (भम्भु प्र. कोइराला कृष्णदेव उपाध्याय, वासुदेव त्रिपाठी) लोकसाहित्य श्रुतिपरम्पराद्वारा युग युग व्यक्ति व्यक्तिलाई प्रभावित पार्दै अलिखित रूपमा सङ्ग्रहित हुँदै आएको अलिखित साहित्य हो । त्यसैले सङ्कुचन रूपमा अभिव्यक्त भएभन्दा लोक र समाजको सर्वाङ्गीण हितमा व्यक्त विशिष्ट साहित्य नै लोकसाहित्य हो ।

'अङ्ग्रेजीको Folk शब्दको नेपाली रूपान्तरित शब्द लोक शब्द हो । Folk शब्दको व्युत्पत्ति एङ्लोसेक्सन Flok शब्दबाट भएको (प्रा. मोहनजराज शर्मा, खगेन्द्र लुइँटेलको) लोकवार्ता साहित्यमा यसको अर्थ सभ्य समाजबाट टाढिएर रहने सम्पूर्ण जातिको अर्थ बुझाए पनि यसले सम्य देशका सबै जना भन्ने अर्थ पाइन्छ ।'

लोकसाहित्यका विभिन्न विधाहरूमा । क्रमशः १. लोकगाथा काव्य २. लोक कविता, ३. लोक गीत, ४. लोक नाटक ५. गाउँ खाने कथा ६. उखान टुक्का प्रमुख रहेका छन् । जसमध्ये यहाँ लोकगाथा लोक काव्यका सन्दर्भमा वर्गीकरण र यसको विश्लेषण गर्नु मुख्य उद्देश्य हो ।

'गाथिम' शब्दबाट गाथा शब्द व्युत्पन्न भएको छ । जसको अर्थ गाउनु भन्ने पाइन्छ । वैदिक साहित्यमा यसको प्रयोग भएको भए तापनि यसले पौराणिक साहित्यमा व्यापकता पाएको छ । यति हुँदा पनि हरेक संस्कृतिमा फरक फरक प्रकारका लोकगाथाहरू प्रचलित छन्, तापनि यहाँ नेपाली लोकसाहित्य व्याप्त लोकगाथाको परिचय र विश्लेषण गर्ने जमर्को गरिएको छ ।

लोकसाहित्यमा लोकगाथा एक प्रमुख प्रकारका रूपमा रहेको छ । जसमा वीर, करुण र शान्त रसका लोकगाथाहरू नेपालका विभिन्न ठाउँमा पाइन्छन् । गाथामा स्वाभिमानी व्यक्तित्वको आत्मा बलिदान परोपकारी व्यक्तित्वको आत्मा समर्पण एवं प्राचीन समाजको चालचलनलाई यसका देखाइएको छ । यिनै गाथाको यहाँ विश्लेषण गरिएको छ ।

२. गाथाको वर्गीकरण र विश्लेषण

नेपाली लोकसाहित्य अन्तर्गत लोकगाथालाई कख, सवाह, भारत, चाँचरी, चैत धामरी आदि प्रमुख प्रकारका रूपमा देखाइएको छ। यी सबै गाथाहरूको आ आफ्नै महत्त्व र विशेषता रहेको पाइन्छ। जसको निम्न आधारमा विश्लेषण गरिएको छ।

२-१ आकारका आधारमा लोकगाथा

लोकगाथालाई आकारका सन्दर्भबाट वर्गीकरण गर्दा यसलाई स्थूल वा बाह्य आधारमा लघुत्तम र वृहत्तम गरी दुई प्रकारले गरिएको छ।

क. लघुतम लोकगाथा

रूप, आकारका आधारमा छोटो गाथालाई लघु लोकगाथा भनिन्छ। लघु भन्नाले ठूलोको तुलनामा सानो भन्ने हो। सानो भन्दैमा उखान टुक्का जस्तो सानो नभएर त्योभन्दा ठूलो तर वृहत्तर भन्दा सानो वा मझौलो भने बुझिन्छ। यो वृहत्को तुलनामा मात्र सानो हुन्छ। लघुगाथामा जीवनको वृहत्तर आयामको व्याख्या वा चित्रण गरिएको हुँदैन। यसमा जीवनका हरेक पाटा हुन्छन्। ती पाटा वा गाथामा एउटा आयामको मात्र चित्रण गरिएको हुन्छ। यसको कथानक एकोन्मुख हुने हुनाले गति तीव्र हुन्छ। जो वृहत्को तुलनामा परिणति छिटो प्राप्त हुन्छ। चरित्र स्थूल हुने हुनाले पात्रको मुख्य विशेषता मात्र झल्किन्छ। चरित्रको गति अनुकूल परिवेशगत चित्रण पनि सोही बमोजिम भएको पाइन्छ। यसमा घटना र विवरण आदिको परिचय पनि छोटो हुन्छ। त्यसैले नेपाली लोकगाथाका लघुत्तम आकार भएको गाथामा एकोन्मुख कथानक हुने हुनाले तिनको विवरण पनि कम मात्रमा भएको पाइन्छ। यस्ता प्रकारका गाथा नेपालीका चैत, घमारी आदि पर्दछन्।

ख. वृहत् लोकगाथा

आकार प्रकारका सन्दर्भलाई हेर्दा लामा खालका गाथालाई वृहत् लोकगाथा भनिन्छ। यसको आयाम ठूलो हुने हुनाले जीवनका हरेक खण्ड वा पाटालाई विस्तृत रूपमा वर्णन गरिएको हुन्छ। वृहत् गाथाका कथानकमा विभिन्न खालका प्रसङ्ग सुहाउँदा उपकथाहरू पनि जोडिन्छन्। जसले गर्दा घटना र विवरणमा पनि वृहत्तरता पाइन्छ। त्यसैले कथानकको गति पनि सूक्ष्म हुन्छ। जसले गर्दा पात्रको आन्तरिक र बाह्य परिचय व्यापक भएको हुन्छ। जीवनका कालखण्डलाई पूर्णप्राप्तिका रूपमा लिएको पाइन्छ। जीवनका हरेक पक्ष गाथामा पाउन सकिन्छ। यस्तै सेरोफेरोमा आधारित भएर देखिएका लोकगाथा रामायण, भारत आदि पर्दछन्।

२-२ प्रस्तुतिका आधारमा लोकगाथा

लोकगाथालाई रोचक र आकर्षक ढङ्गबाट लोकसमक्ष प्रस्तुत गरी प्रभावकारी बनाउने कार्यलाई प्रस्तुति भनिन्छ। प्रस्तुति पनि लोकगाथाको बाह्य कलेवरका रूपमा लिएको हुन्छ। स्थूल रूपमा श्रोतासमक्ष प्रस्तुत गरिएको हुन्छ। जसले जनसमुदायलाई रोचक, आकर्षक र रोमाञ्चकारी बनाएको हुन्छ। यस आधारमा कण्ठ्य, वाद्य र नृत्य गरी वर्गीकरण गरिएको छ।

क. कण्ठ्य लोकगाथा

गलाको माध्यमबाट गेयात्मक रूपमा प्रस्तुत हुने, जसमा कुनै बाजा वा वाद्यसाधनको प्रयोग नगरी प्रस्तुत गरिने गाथालाई कण्ठ्य लोकगाथा भनिन्छ। जसको प्रस्तुति सामान्य भएर पनि आकर्षक हुन्छ। यसमा श्रव्य र पाठ्यप्रकृतिको हुने हुनाले गायक र श्रोतामात्र भए हुन्छ। कुनै योजना विना स्त्री र पुरुष सहभागी भई यसलाई गाइन्छ। यस्ता लोकगाथालाई कण्ठ्य लोकगाथा भनिन्छ।

ख. वाद्य लोकगाथा

विभिन्न वाद्य उपकरणहरूको प्रयोग गरी गाहने लोकगाथालाई वाद्य लोकगाथा भनिन्छ।

विभिन्न खालका बाजा खैजडी, मजुरा भ्याली, र सारङ्गी आदि वाद्यसाधनको साथमा गेयात्मक रूपमा प्रस्तुत गरिन्छ । जसले जन समुदायलाई जीवनता प्रदान गर्नुका साथै आकर्षक र रोमाञ्चक पनि गराएको हुन्छ । यस्तालाई वाद्य लोकगाथा भनिन्छ ।

ग. नृत्य लोकगाथा

जसमा नृत्यको प्रधानता रहन्छ त्यस्ता गाथालाई नृत्य लोकगाथा भनिन्छ । यसमा गायन, वादन र नृत्य वा अभिनयको संयोजन गरिएको हुन्छ । त्यसै गायन, वादन र नृत्य यसमा एक आपसमा अभिन्न झैँ भएर प्रस्तुत भएका हुन्छन् ।

२-३ रस वा भाकाका आधारमा लोकगाथा

जनजीवनलाई रसले रसानन्द दिन्छ र जन आनन्दित हुन्छ । त्यसैले लोकगाथामा पनि विभिन्न खालका रसको प्रयोग गरी गाथालाई उत्कर्ष प्रदान गरेको हुन्छ । जसमध्ये लोकगाथामा विशेषत: वीर, करुण, शान्त र शृङ्गार रसको प्रयोग गरिएको पाइन्छ । जो निम्न छन्–

क. वीर रसप्रधान :

जसमा वीरताको वर्णन गरिएको हुन्छ । वीर योद्धाले देखाएको पराक्रम, साहास, आँट र बलिदानको खुलेर प्रशंसा गरिएको हुन्छ । जसको नायक वीर योद्धा हुन्छ । जसले अन्याय, अत्याचार र देश रक्षाका निम्ति हातियार उठाएर आफ्नो जीवनलाई बाजीमा राखेको हुन्छ । त्यस्ताको गुणगान गरिएको गाथालाई वीर रसप्रधान गाथा भनिन्छ ।

ख. करुण रसप्रधान गाथा

शोक, दया, माया, सहानुभूति र सहयोग आदि भावनाले ओतप्रोत गाथालाई करुण रसप्रधान गाथा भनिन्छ । यसमा संवेदनाको सहानुभूति हार्दिक रूपले व्यक्त भएको हुन्छ । जसले जनजीवनलाई मर्मस्पर्शी तुल्याएको हुन्छ ।

ग. शृङ्गार रसप्रधान गाथा

यसका विशेषता माया प्रीति मिलन बिछोड आदि विषयलाई प्रधानता दिइएको हुन्छ । यस शृङ्गार रसको सम्भोग र विप्रलम्भ दुवैको प्रयोग हुन्छ । जीवनमा प्रेमभाव अनिवार्य तत्त्व हो । जसलाई प्रेमभावको महिमा र यसको महत्त्व कति रहेको हुन्छ भन्ने कुराको वर्णन शृङ्गार रसप्रधान गाथामा गरिएको हुन्छ ।

घ. भक्ति रसप्रधान गाथा

मानव कुनै न कुनैप्रति परोक्ष वा अपरोक्ष रूपमा आस्था र विश्वासमा परेको हुन्छ । त्यही आस्था वा विश्वास आदि प्रकट गरिएको गाथाविशेषलाई भक्ति रसप्रधान गाथा भनिन्छ । ईश्वर प्रभाव वा आस्था, प्रीति स्नेह प्रभाव वा आास्था, र निष्ठाभाव प्रभाव वा आस्था यिनैमा आधारित भएको गाथालाई भक्तिगाथा मानिन्छ ।

ङ. रोमाञ्च गाथा

आजका मानवमा जस्तै पहिलेका मानवमा पनि विभिन्न खालका हर्ष, भय, शोक आदिबाट प्रभावित थिए । कोही हर्षले उन्मुक्त हुन्थे भने कोही शोक र भयबाट ग्रसित हुन्थे । यिनै अद्भुत कार्यको वर्ण गरिएको गाथालाई रोमाञ्च गाथा भनेर भनिएको छ ।

२-४ विषयवस्तुका आधारमा लोकगाथाको वर्गीकरण

विषयवस्तुलाई कथावस्तु पनि भनिन्छ । जस अन्तर्गत घटना प्रसङ्ग सन्दर्भ र चरित्र आउँदछन् । शिष्ट साहित्य होस् वा लोकसाहित्य होस् साहित्यलाई विषय वा कथावस्तु अनिवार्य तत्त्व हो । यसको स्रोत भने आफ्नै प्रकारको हुन्छ । जसमध्ये लोकसाहित्यलाई चाहिने स्रोत पुराण, इतिहास लोकसमाज आदिबाट लिएको हुन्छ । यसै आधारमा अनेक गाथाहरूको रचना समेत गरिएको छ । ती निम्न प्रकारका छन् ।

क. पौराणिक गाथा

हाम्रो नेपाली समाज परापूर्व कालदेखि नै हिन्दू धर्ममा आस्था र आधारित छ। प्राचीन कालमा रचिएका अठार पुराणलाई आस्था र विश्वासको आधार परापूर्व कालका मान्छेले पनि मान्दै आएका थिए। तिनै पुरणका विषय र कथालाई आधार मानेर निर्माण गरिएका गाथालाई पौराणिक गाथा भनिन्छ। लोकगाथामा प्राचीन पुराणका घटना, प्रसङ्ग र पात्रलाई आधार र विषवस्तु बनाई लोकभावना अनूकल वर्णन गरिएको पाइन्छ। पुराणमा आधारित पात्र देवदेवता, ऋषिमहर्षि, राजा महाराजालाई मानिएको छ। त्यसका आधारित घटना वा कथानक पनि यिनैसँग सम्बद्ध भएर प्रस्तुत गरिएको छ। त्यतिमात्र नभएर किंवदन्ती मनाइलाई समेत पुराण सहर मानेर लोकगाथालाई रोचक र आकर्षक तुल्याइएको छ। प्राचीन संस्कार नीति र संस्कृतिको पनि झलक यी गाथामा पाइन्छ।

ख. ऐतिहासिक गाथा

इतिहासमा आधारित घटना चरित्र र कथालाई आधार बनाएर रचिएका लोकगाथालाई ऐतिहासिक लोकगाथा भनिन्छ। यसमा राष्ट्रिय चरित्र भएका महान् पुरुष र उनीहरूका बीच घटेका अनेक घटनालाई विषयवस्तु बनाइएको छ। यसमा सत्य तथ्य घटनालाई मात्र आधार नवनाई लोकसिर्जनामा आधारित चरित्र वा कथावस्तु पनि यसमा समावेश गरिएको पाइन्छ। दैवी शक्ति, वीर पुरुष, प्राकृति प्रकोप, राष्ट्रिय उत्सवलाई बढाई चढाई हर्ष र खुसीका साथमा प्रस्तुत गरिएको गाथालाई ऐतिहासिक गाथा भनिन्छ। यसमा सत्यतथ्य नभएका चरित्र र घटना समेतलाई ऐतिहासिकता दिई प्रस्तुत गरिएको छ।

ग. सामाजिक गाथा

मानव समाजमा अनेक तरहका घटनाहरू घटिरहेका हुन्छन्। यिनै घटनालाई कथा र चरित्र बनाएर रचिएका गाथालाई सामाजिक गाथा भनिन्छ। परापूर्वकालका समाजमा देखा पर्ने पारिवारिक आर्थिक जातीय लैङ्गिक विभेद र यस्ता समस्याबाट ग्रसित विषय स्थितिलाई विषयवस्तु बनाएर रचिएका गाथा, जसमा सामाजिक मूल्य मान्यता रीतिरिवाज, चालचलन, आचरण, व्यवहार, विश्वास आदिलाई विषय बनाई चित्रण गरिएको छ। ठाउँ, समय चरित्र र घटना आदि सत्यतथ्य नभए पनि तिनलाई तथ्यको भ्रम हुने गरी प्रस्तुत गरिएको छ। सत्यतथ्यबाट टाढा रहे तापनि यस्ता गाथामा आदर्शवादको वाहुल्यता वा अधिक्यता भएको छ। जीवनमा देखा पर्ने दुःख सुख, पिरमर्का न्याय अन्याय दमन पीडा नारी पीडा आदि विषयलाई आधारित बनाएर सामाजिक गाथाको रचना भएको छ। यति भएर पनि केही गाथा भने वास्तविक पनि छन्।

घ. अति प्राकृतिक गाथा

मानव जीवनभन्दा पृथक् जसमा अलौकिक शक्ति भूतप्रेत, जादुटुना, परी अप्सरा पशुपक्षीलाई विषयवस्तुमा आधारित गाथालाई अतिप्राकृतिक गाथा भनिन्छ। यस्ता गाथा अद्भुत तर रहस्य र रोमाञ्चकारी हुन्छन्। यिनमा अपत्यारिला विषयवस्तु हुने हुनाले अति कल्पनात्मक हुन्छन्। भूतप्रेत जादुटुना पशुपक्षी आदिले अद्भुत शाक्ति देखाउने घटनाले यी गाथा आतिप्राकृति भनिएको हो।

२-५ शिल्पविधानका आधारमा लोकगाथा

लोकगाथामा घटना चरित्र कथानक परिवेश वा देशकाल वातावरणलाई सही ढङ्गबाट प्रस्तुत गरिनेलाई शिल्पविधान भनिन्छ। सिर्जनात्मक कृतिलाई कसरी कस्तो कुशलताका साथ प्रस्तुत भएको छ भनेर बाह्यरूपबाट हेरिने कला नै शिल्प हो। त्यस्तै लोकगाथालाई प्रस्तुत गर्दा त्यसका घटना, चरित्रमध्ये कुन प्रधान छ। त्यसलाई कसरी प्रस्तुत गरिएको छ भन्ने मापन

शिल्प विधानबाट हुने हुनाले लोकगाथाको वर्गीकरण पनि घटना, चरित्र र परिवेशका आधारमा गरिएको छ ।

क. घटना प्रधान लोकगाथा

चरित्रलाई भन्दा बढी महत्त्व घटनालाई दिएर लेखिएको लोकगाथा घटनाप्रधान लोकगाथा हो । यसमा घटनालाई महत्त्व दिएर कार्यलाई अगाडि बढाइएको हुन्छ । घटनाले पात्र वा चरित्रलाई घटनानुकूल बनाई अगाडि बढाएको हुन्छ । जसअनुसार पात्र वा चरित्रको कार्यव्यापार पनि घटना अनुसार नै भएको हुन्छ । यसमा सफल चरित्रले घटित भएको हुन्छ । जुन घटनाले लोकजीवनमा उत्सुकता प्रदान गरेको हुन्छ ।

ख. चरित्रप्रधान गाथा

चरित्रप्रधान गाथामा घटनाले चरित्रलाई भन्दा चरित्रले घटनालाई आफू अनुकूल बनाएको हुन्छ । यसमा घटनाको भन्दा बढी महत्त्व चरित्रलाई दिएर प्रस्तुत गरिएको हुन्छ । चरित्रप्रधान गाथामा ऐतिहासिक वीर पुरुषहरूको साहस, बलिदान गुणको वर्णन गरेर विशिष्ट चरित्रका रूपमा पात्रलाई अगाडि बढाएको हुन्छ । यसमा घटनाको भन्दा चरित्र वा पात्रको आचारण र व्यक्तित्वलाई गायन गरिएको हुन्छ ।

ग. परिवेशप्रधान गाथा

चरित्र र घटनालाई ठाउँ समय, परिस्थिति र वातावरण अनुकूल बनाई लेखिएको गाथा परिवेश प्रधान गाथा हो ।

२-६ संरचनाका आधारमा गाथा

कुनैको बनौट नै त्यसको त्यो संरचना हो । त्यसैले लोकगाथालाई कुन आधारका संरचना गरिएको छ र त्यसको बनोट वा संरचनामा कस्तो छ भनी हेर्ने कसीलाई वर्गीकरण गर्दा आख्यानात्मक र नाटकीय तरिकाले गरिएको छ ।

क. आख्यानात्मक लोकगाथा

विषय, घटना र प्रसङ्ग आदिका आधारका कथानकहरूको गति वा बिस्तार कसरी गरिएको छ ? आख्यानलाई आदि मध्य र अन्त्य र पूर्णता छ वा छैन त्यो सबै आख्यानबाट निर्धारण हुने हुनाले लोकगाथामा आख्यानको महत्त्व रहेको हुन्छ । नेपालीका सबै गाथाहरू यी सबै आख्यानात्मक वर्गमा पर्दछन् ।

ख. नाटकीय लोकगाथा

नाटकीय ढङ्गबाट विषयको बिस्तार भएको गाथालाई नाटकीय लोकगाथा भनिन्छ । यसमा लोकभावना वा विचारलाई नाटकीकरण गरी घटनामा आकस्मिक मोडहरू ल्याइएको हुन्छ । यस्ता गाथाका संवाद पनि रहने हुनाले द्वन्द्वको पनि महत्त्व रहेको हुन्छ ।

निष्कर्ष:

लोकसाहित्य परापूर्व कालदेखि अलिखित रूपमा लोकजीवनका हर्ष, विस्मात, करुणा, माया, रीतिरिवाज संस्कृति रहनसहन आदिलाई लोकजीवनसँग आवद्धहरू गर्दै एक गलाबाट अर्को गला हुँदै र परिवर्तित र परिमार्जन ढङ्गबाट अगाडि बढ्दै आएको लोकसाहित्य हो ।

जुन व्यक्तिको सम्पत्तिबाट टाढा रहेर सामाजिक सम्पत्तिका रूपमा अलिखित हुँदै आउनु नै लोकसाहित्य हो । प्राचीन वैदिक कालदेखि श्रुतिपरम्परामा आधारित लोकसाहित्यले लोकजीवनको हित र कल्याण गर्दै आएको छ । लोकजीवनका घट्ने अनेक घटनालाई विषय बनाएर लोकसहित्यको सिर्जना भएको हो । शिष्ट साहित्यलाई सिर्जना गर्न माध्यम पनि लोकसाहित्य नै हो । लोकसाहित्यले लोकजीवनका सामान्य समुदायको सुख दुःखका प्रत्येक पाटालाई छोएको हुन्छ । लोकसाहित्य व्युत्पत्ति वा प्रयोग ऋग्वेददेखि नै भएको पाइन्छ । वैदिक युगदेखि निरन्तर रूपमा

गतिशील लोकसाहित्यका अनेक विधा वा प्रकारमध्ये लोकगाथा पनि एउटा महत्त्वपूर्ण प्रकार हो । जो पद्यात्मक हुन्छ र गेयात्मक पनि लोककाव्य गाथारूपले परापूर्व समयका गतिशील योद्धा महान् पुरुषहरूको महिमा र वर्णन लोकगाथामा गरिएको हुन्छ । लघु र वृहत् आकार भएको लोकगाथालाई विषय प्रस्तुति भाव, शिल्प, रस र संरचनागत आधारमा वर्गीकरण गरी त्यसको विश्लेषण गरिएको छ ।

लोकगाथाको वर्गीकरण र विश्लेषणमा नेपाली लोकगाथालाई नै आधार मानि त्यस अन्तर्गत भएको लघु वृहत्, काव्य वाद्य, नृत्यघटना चरित्र प्रेम, वीर करुण भक्ति, प्रेमजन्म पौराणिक, ऐतिहासिक, सामाजिक, अतिप्राकृतिक आख्यानात्मक र नाटकीयतालाई मूल विषय बनाइएको छ । यसभित्र रहेको आदर्श किंवदन्ती जस्ता भनाइलाई समेत यसमा समेटिएको छ । सहज सरल र समय सापेक्ष समुदाय अनुकूल परिवर्तित भए पनि लोककाव्य वा गाथाले लोक प्रसिद्ध वीरपुरुष तथा जनसमुदायलाई प्रभावित तुल्याउने स्तुति प्रशंसा स्मरण पद्य ढाँचामा लोकगाथाको विवेचना गरिएको छ ।

सन्दर्भ ग्रन्थसूची

शर्मा प्रमोहनराज र लुइँटेल डा. खगेन्द्रप्रसादः लोकवार्ता विज्ञान र लोक साहित्य (२०६३), विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाडौँ ।

कोइराला डा. शम्भुप्रसाद :- लोकसाहित्य सिद्धान्त र विश्लेषण (२०५५) धरणीधर पुरस्कार प्रतिष्ठान विराटनगर ।

पराजुली भोतिलाल :- नेपाली लोकगाथा (२०४९) तारा पराजुली पोखरा ।

गिरी जिवेन्द्रदेवः- हाम्रो लोकगाथा (२०५७) एकता प्रकाशन काठमाडौँ ।

बन्धु चूडामणि :- नेपाली लोकसाहित्य (२०५८) एकता प्रकाशन काठमाडौँ ।

❖❖❖

पाँच मुक्तक

■ रुद्र अधिकारी

जून बिनाका निश्पट्ट अँध्यारा ती रातहरू ।
पहाड बन्दै गएका बाध्यताका यी खातहरू ।
सहँदै गएँ हरेक दर्दहरू आखिरी भन्दै,
तर कहिल्यै रोकिएनन् चोटका वर्षात्हरू ।

१

दिएपछि बाध्य भई लिनै पऱ्यो ।
खुशीको नाटक गर्दै उभिनै पऱ्यो ।
धोका नै दिए पनि दिएकै हुन्,
त्यसैले धन्यवाद त दिनै पऱ्यो ।

२

जिन्दगी नहुने यसरी जिउँछु भनेर ।
अँध्यारो पाटो फाल्न नमिल्ने निफनेर ।
आखिर बहनु नै त रहेछ जिन्दगी,
दिनमा पसिना त रातमा आँसु बनेर ।

३

केही समय साथ बितेको छ भने ।
कोही मनको बाटो भई हिँडेको छ भने ।
अनन्त सफरको चाहना पलाउँछ,
यदि विचार र मन मिलेको छ भने ।

४

यो मनको खेती सधैँ आशको हुने रै'छ ।
चाहना अनि महत्त्व साथको हुने रै'छ ।
समुद्रमा तैरिएको लाश देखेर यो बुझे,
वजन शरीरको हैन सासको हुने रै'छ ।

५

❖❖❖

कथा

बूढी आमा

■ रेखा पन्त सिलवाल

घामको राप र ताप मुस्किलले छिर्ने कोठामा पस्नेबित्तिकै ह्वास्सै आउने दुर्गन्धले एकछिन जो कोहीलाई पनि रन्थन्याउँछ । सानो, ठाँउ-ठाँउमा भिजेझैँ देखिने भिँगा भन्भनाइरहेको बिछ्यौना, असरल्ल छरिएका कपडाहरू, एउटा सानो टेबलमाथि जुठो कट्कटिएका कचौराहरू र कोठाको अर्कोपट्टि प्लास्टिकका केही कुर्सीहरू छन् । ढुङ्गाले थिचिएको दुबोझैँ पहेँलिएको शरीर, लामा-लामा नङ, नकोरिएको कपाल, मुजा-मुजा परेको छाला हाडमा नै टाँसिएजस्तो लाग्ने, भित्र धसिएको गालाले दाँत लगभग खसिसकेको जानकारी दिन्छ । उनको निधार र हातहरूमा नीला डामहरू पनि देखिन्छन् । कसैले नउठाए ओछ्यानबाट उठ्न उनलाई गाह्रो हुन्छ । जत्तिखेरै ओछ्यानमै पल्टिरहने हुनाले शरीरमा घाउहरू आएको छ जसको पीडा असहनीय हुन्छ ।

आजकल त्यो सुनसान झैँ लाग्ने घरमा मान्छेहरूको उपस्थिति केही बाक्लिन थालेको छ । भएसम्मका आफन्त, नातागोता, र छरछिमेक भ्याएसम्म आउन थालेका छन् ।

'अब धेरै तक्लिन् जस्तो छैन, निकै गलिसकिछन् । कठै ! यस्तो थलिएर बाँच्नुभन्दा त मरे बरू सुख पाउँथिन् तिनले ।'

'यस्तो थलिन त शत्रुले पनि नपरोस् !' आजभोलि अलि बढ्तै चाप्न थालेको छ उनलाई, दिउँसो एकछिन मुख देखाउन आए पनि कुरुवा नै बस्न सबैलाई गाह्रो, सबैको आ-आफ्नै बाध्यता...।'

'ए कान्छा ! कान्छा ! उठ् त बाबु, मलाई पेट दुख्यो, दिसा लाग्लाजस्तो भो .....।'

सायद उनको लर्बरिएको मधुरो आवाज कान्छो छोराको कानमा पुग्नुअगाडि नै बिलाउँछ । उनी उठ्न सक्दिनन्, त्यहीँ नै दिसा गर्छिन् । उनलाई सिक-सिक लाग्छ, निद्रा पर्दैन, उनी विगतमा हराउन पुग्छिन् । उनले त्यत्तिका छोराछोरीलाई एकैछिन पनि दिसा पिसाबमा बुडाएर राखिनन्, निद्रामै पनि छोराछोरीले दिसा, पिसाब गरेको थाहा पाउँथिन् । छोराछोरी चल्मलाउनासाथ उठिहाल्ने....। आफै अनिदो बसी-बसी उनीहरूको निद्रा पुऱ्याइन् । आफै घोटिएर उनीहरूलाई पिलाइन्, तर आज...! उनको गला अवरुद्ध हुन्छ, उनलाई पानी पिउन मन लाग्छ, तर मधुरो उज्यालोमा उनले छाम्दाछाम्दै गिलास भुईंमा खस्छ । आवाजले छोराको निद्रा टुट्छ,

'के भयो फेरि ? आफू त निदाउनु छैन छैन, कमसेकम अरूलाई त निदाउन दिनुपर्छ । बिहान उठ्नेबित्तिकै काममा जानुपर्छ ।'

उनी आँसु पिएरै प्यास मेट्छिन् । उनलाई गाउँको सम्झनाले सताउँछ, श्रीमान्को अभाव खड्किन्छ । उनी मात्रै भइदिएको भए त यो भ्यालखानामा मरे पनि आउने थिइनँ म । उनी बरू भाग्यमानी रहेछन् । उनलाई आत्महत्या गर्न मन लाग्छ, तर उनको शरीरले लाचारी देखाउँछ । एक दिन उनलाई साह्रै गाह्रो हुन्छ र छोरालाई भन्छिन्–

'बाबु मलाई बीष ल्याइदेऊ न, म अरू बाँच्न चाहन्नँ ।'

'जत्ति नै सेवा गरे पनि जस नपाइने, अरूहरूले फर्केर नहेरे पनि हुन्छ, हाम्रो चाहिँ

बेइज्जत नगरी सास पनि जाँदैन कि के हो ?' बुहारीले जवाफ फर्काउँछिन् ।

'के नचाहिने कुरा गर्नुभएको हजुरले, समाजमा मेरो इज्जतको त ख्याल राख्नुस् कमसेकम' छोरो थप्छ । उनी सेती नदी झै भित्र-भित्रै बग्छिन् । जिउँदै नरक भोगेको अनुभूति हुन्छ उनलाई ।

कुनै बेला थियो, यिनै छोराछोरीलाई काखमा राख्दा स्वर्गै पाएझैँ गर्थिन् उनी । दुःखमा पनि दुःखको अनुभूति नगरी पाँच-पाँच जना सन्तानलाई हुर्काइन् । कान्छो छोरोबाहेक अरू सबै छोराहरू विदेशमै बस्छन् । एउटी छोरी छिन् तिनी पनि बाहिर नै । उनीहरू यता नआएको पनि वर्षौं भैसक्यो, पहिला-पहिला त आएर सँगै लैजाने कुरा गर्थे तर आजकाल त बोल्नै डराउँछन् । अरू दिन फोन नगरे पनि आमाको मुख हेर्ने दिन भने छोराछोरीले उनलाई, नबिर्सिकन फोन गर्छन् । यसपालाको औँसीमा पनि उनलाई सबैले फोन गरे । कान्छो छोरोले पनि नभुलिकन एक बट्टा रियल जुस किनिदियो, नहतारिकन एक छिन आमाको छेउ बस्यो ।

'बाबा, मलाई दश हजार दिस्योस् न आमाको लागि गिफ्ट किन्नुछ । साँच्चि, हजुरले नै मलाई पुऱ्याइदिस्योस् न ।' ऊ श्रीमतीलाई लिएर बजार जान्छ, सासूको लागि टन्न सपिङ गर्छ, अनि श्रीमतीसँगै ससुराली जान्छ ।

'बाबा, बेलुकी अफिसबाट फर्किंदा मैले भनेको कुरा नबिर्सी ल्याइस्योस् ल, अब त अति भयो, कति दिन भयो मैले राम्रोसँग सिरियल नहेरेको पनि ।' अफिसबाट फर्किंदा उसले सानो प्लास्टिकको थैलो ल्याउँछ र श्रीमतीलाई दिन्छ । उसले सो थैलोबाट सावधानीपूर्वक केही निकाल्छे, र दूधमा फिटेर बूढीआमालाई दिन्छे ।

'आमा, ल यो दूध पिइस्योस् हजुरलाई आराम हुन्छ ।' अश्विसनीय लाग्दालाग्दै पनि धेरैपछि पाएको सहृदयताले बूढीआमाको मन पग्लिन्छ, दङ्ग पर्दै उनी दूध पिउँछिन् र एकै छिनमा निदाउँछिन् ।

'अबदेखि यस्तै गर्नुपर्छ बुझिस्यो बाबा, हाम्रो पनि त पर्सनल लाइफ छ नि, हजुरलाई नै कत्ति गाह्रो हुन्छ, त्यो गनाउने कोठामा रात काट्न ।' ऊ निःशब्द श्रीमतीको अँगालोमा बेरिन्छ । यो क्रम दिनदिनै दोहोरिन्छ । तिनी प्रायः ओछ्यानमै पल्टिरहेकी देखिन्छिन्, उनको होस् पनि हराउँदै गइरहेको छ, उनी झन्-झन् क्षीण हुँदै गइरहेकी छन् । त्यो कोठामा घरका सदस्यहरूको उपस्थिति कमै देखिन्छ । बुहारी दुईतीन पटक चिसो जाउलो लिएर छिर्छिन् । नातिनातिना गनाउने बूढीको गनाउने कोठातिर फर्किएर पनि हेर्दैनन् । छोरो पनि आफ्नै काममा व्यस्त । अहिले थलिँदामात्रै होइन, पहिला पनि उनले न्यानो आत्मीयता पाइनन् । घरभित्रै पनि उनी एक्लिइन्, आफ्नै छोरो समेत बिरानो लाग्थ्यो उनलाई । घरभित्रै बेवारिसे बन्न बाध्य उनको इच्छा, आकाङ्क्षा र आवश्यकतालाई सकेसम्म पन्छाउन छोराबुहारीले कुनै कसर बाँकी राखेनन् । उनका हरेक दिनहरू उकुसमुकुस, पीडा, र छट्पटीमा बित्थ्यो । उनलाई आफ्नो सङ्घर्षपूर्ण विगत सुनाउन मन लाग्थ्यो तर फाल्तु कुरा सुन्ने फाल्तु समय कोसँग होस् ? साह्रै नै उकुसमुकुस हुँदा उनलाई गाउँनै जाउँजस्तो हुन्थ्यो, तर शारीरिक अशक्तता पहाड बनेर उभिन्थ्यो । त्यो घरमा एउटा कुकुर पनि थियो । ऊ त्यो घरमा जता पनि जान्थ्यो, जसको काखमा पनि बस्थ्यो, सबैले सुम्सुम्याउँथे, माया गर्थे, उसलाई स्याहारको कमी थिएन । बिदाको दिन परिवारै मिलेर नुहाइदिन्थे । मासु नभई त उसको घाँटीबाट भात नै नछिर्ने ।

'भाग्यमानी रछस् ।' बूढी आमा मनमनै भन्थिन् । एक्लोपनको अजिङ्गरले मान्छेलाई कति छिटो निल्दो रहेछ । उनलाई यो अवस्थामा आइपुग्न एक वर्ष पनि लागेन ।

'बिचरीले सुख पाइछन् ।' 'एक दिन नगई सुख छैन ।' मान्छेहरूको भीड गेट बाहिरसम्म छरिएको छ । कहिले नआएका मान्छे समेत आएका छन् ।

'के थाहा र यत्ति छिटै जानुहोला भन्ने ? अन्तिमपटक बोलाउन पनि पाइनँ ।' सुकसुकाउँदै छ कान्छो छोरा । बुहारी मुर्छा परेकी छन् । घरको कुकुर मर्दा पनि तिनी उसरी नै मुर्छा परेकी थिइन् ।

'सबै जनालाई खबर गऱ्यौ त बाबु ?'

'गरिसकेँ, सबै आउँदै हुनुहुन्छ ।'

घाटमा लैजाने तयारी हुँदैछ, अन्तिम दर्शनको लागि ओइरिनेहरूको भीड लागेको छ, मलामी जानेहरू पनि लगभग आइपुगिसके, कर्तव्यपरायण छोराहरू पनि आइपुगिसके, एकोहोरो शङ्खको उराठलाग्दो ध्वनि वरपरको वातावरणलाई झक्झकाउँदै अगाडि बढ्छ । एक किसिमको औपचारिक भावनात्मकताले सबैलाई एक सूत्रमा बाँध्छ । सबै छोराछोरी, बुहारीहरू मिलेर उनको मरणोपरान्त क्रियाक्रममा कुनै कसर छाड्दैनन् । देख्नेहरूले भन्छन्–

'यस्तो पो हो त माया र संस्कार भनेको, कहाँ पाइन्छन् यस्ता असल छोराछोरी ? आजकाल त सबैले गति छाड्न थालिसके, विदेश पुगेर कहाँ फर्कन्छन् र ? छोरा हुँदाहुँदै पनि भाडाका क्रियापुत्रीले किरिया गर्छन् कत्तिको, कतिले त बूढाबूढीलाई वृद्धाश्रमछेउ छोडी हिँड्छन्, कति भाग्यमानी यिनी त....। उनीहरूलाई के थाहा बिचरी बूढी आमा कतिचोटि वृद्धाश्रमको कामना गर्थिन्, उनलाई लाग्थ्यो, कमसेकम त्यहाँ कोही बोल्ने साथी त पाइन्छ । तेह्रौं दिनको कर्म पनि सकिन्छ, पत्रिकामा श्रद्धाञ्जली छापिन्छ, बाहिरबाट आउनेहरूको फर्किने दिन पनि नजिकिन्छ ।

एकाएक वातावरणमा आक्रोश पोखिन्छ, भाइहरूलाई एकसूत्रमा बाँधेको डोरी चुँडिन्छ, कान्छो भाइ धक फुकाएर भन्छ– 'तपाईंहरूलाई सरम लाग्नुपर्ने हो, आमा जिउँदो छँदा त एकचोटी आउनुभएन, अहिले आएर भाग खोज्ने ?'

'सरम त तँलाई लाग्नुपर्ने हो, आमाको नाममा भएको तेत्तिका सम्पत्ति आफ्नो नाममा पार्न, हामी के मरेका थियौँ र ?'

'आमाको स्याहार गर्ने बेलामा त तेसो भन्नुभएन, स्याहार्न म एक्लैले पऱ्यो, अहिले भाग चाहिँ सबैलाई चाहियो ? के आमाको औषधी उपचार सित्तैमा भयो ?'

'कत्ति नै पो खर्च गरिस् होला र तैंले ? आमालाई कसरी राख्याथिस् भन्ने त हामीले पनि सुनेका थियौँ ।'

'जे भए पनि, जे गरे पनि तपाईंहरूले फुटेको कौडी पनि पाउनुहुन्न ।'

कान्छो भाइको धोकाबाट आहत उनीहरू बेकारमा त्यत्रो खर्च गरी आइएछ भन्दै थक्थकाउँदै फर्कन्छन् ।

❖❖❖

गजल

■ **लक्ष्मी रिमाल**

जब साथ थियौ आँखा तरी तरी रोएँ
टाढा भयौँ सम्झनाले घरी घरी रोएँ ।

खुसी तिम्रै अधरमा शरद बनी फुलोस् भन्थ्यौँ
हिलो माझ फूल झर्दा मरी मरी रोएँ ।

दुनियाँलाई के बहाना गऱ्यौँ, अर्को जिन्दगीको
त्यसैले त सधैँ ठाउँ सरी सरी रोएँ ।

आकाश धर्ती भए पनि याद आउँदा मेरो माया
धर्तीबाटै जूनलाई श्रद्धा गरी गरी रोएँ ।

छैन त्यस्तो कुनै दिन तिम्रो यादैविना बित्यो
खोज्दै तिमीलाई ओरालो झरी झरी रोएँ ।

❖❖❖

गलत निसाना

■ शम्भु अर्याल

१ अस्ताउनै लागेको
डाँडामाथिको घामजस्तै हजुरबुवाहरू
पिँढी कुरिरहँदा
निसाना बनाई
सिकार गर्न हिँडेका
ए ! छिर्केमिर्के सिकारीहरू हो,
पर्ख !
फर्क पछाडि
र, हेर
कत्रो खाल जमिरहेछ
सक्छौ भने समाऊ तिनीहरूलाई
लगाऊ हतकडी
र, ठोक जेल ।

२. ठुलेलाई
विशिष्ट श्रेणीको
प्रमाणपत्र दिएको
उनीहरूले त हो
सानीलाई
प्रथम श्रेणीको
प्रमाणपत्र दिएको पनि
तिनीहरूले नै हो
आफै तोक लगाएको प्रमाणपत्र
दाउमा राख्दै
खाल हान्ने
जुवाडेहरू को हुन् ?
पहीचान गर
लगाऊ हतकडी
र ठोक नेल ।

३. उनीहरूको,
आशा भरोसा
तिनीहरू नै त थिए
तिनीहरूको खाल देखेपछि
ठुलेको मनोबल गिऱ्यो
र भासियो मुग्लान
सानी
उनीहरूले नै खुलाएको विज्ञापनमा
लाइन बस्दा बस्दा
मजेत्रो फैलाउदा फैलाउदा
तिनीहरूले चयन गरे
राम्रा होइन
हाम्रा प्रमाणपत्र
जब तिनीहरू तम्तैयार भए
सानीको तन जुवामा लगाउन
मस्तिष्क घात भऱ्यो
भासीई ऊ कुवेतको भान्छाघरमा ।

४. उनीहरूकै कुटील अभ्यासले
आफ्नै चेलीले अझै कति
सास्ती भोग्नुपर्ने छ
ए ! गलत निसाना लगाउँदै हिँडेका
छिर्केमिर्के सिकारीहरू हो !
पर्ख,
फर्क पछाडि
र, सक्छौ भने समाऊ तिनीहरूलाई
लगाऊ हतकडी
र, ठोक जेल ।

मिर्दी-५, वालिङ, स्याङ्जा

कस्ता छन् तिनीहरू !

■ उमा मिश्र

थाहा छ भित्र तिनीहरू कस्ता छन्
पानीमाथिको ओभानो जस्ता छन्
गोहीको आँसु खसाल्ने जस्ता छन्
थिएटरमा अभिनय गर्ने अभिनेता
वा अभिनेत्री जस्ता छन्
कसैले पनि तिनीहरूको
विरोधको 'वि' पनि उच्चारण गर्न सक्तैन
उनीहरूको करतुतको निगरानी गर्न सक्तैन
किनभने देखावटीकै लागि भए पनि
अँध्यारोमा बसेकाहरूलाई उनीहरू नै
उज्यालो दिन्छन्,
भोकमा परेकाहरूलाई खाने कुरा दिन्छन्,
रोगाएकाहरूलाई ओखती दिन्छन्
ठूला ठूला सामाजिक कामहरू गर्छन्
उनीहरूको विरोधको 'वि'सम्म पनि
उच्चारण गर्नु ठूलो पाप सम्झन्छन्
उनीहरू जे बोल्छन्, त्यो ध्रुवसत्य हुन्छ
उदारमनको परिचय हुन्छ
जे गर्छन्, त्यो अनन्त धर्म हुन्छ
तर त्यो सबै हात्तीको देखाउने दाँतमात्र हो
अनुहार बाहिरको मुकुन्डो मात्र हो
जब तिमी तिनीहरूको करतुतको
निगरानी गर्न अघि सर्छौ
तिनीहरूले बुझिसकेका हुन्छन् तिमीलाई
र, अरूहरूलाई पनि
भोकाएको बखत दानाको निमन्त्रणा गर्छन्
अरूहरू जस्तै तिमी पनि
तिनीहरूको सुगन्धित वासस्थानमा जान्छौ
तिनीहरूले तिमीलाई खीर,
त्यो पनि गाईको दूधमा मिस्री हालेर पाइएको
त्यसमा पनि अनेक मसला काजु पेश्ता
बदाम हालिएको
राम्रो देखाउनको लागि केशर समेत हालेको खीर
चाँदीको कचौरामा चाँदीकै चम्चा राखेर दिनेछन्
अरूहरूलाई पनि दिनेछन्
सबैले टनाटन खान्छन् रे !
उनीहरूको जयजयकार गर्दै निस्कन्छन्
तिमी पनि टन्न खान्छौ र उनीहरूप्रति
कृतज्ञता जाहेर गर्दै
उनीहरूको जयजयकार गर्दै
निस्कन्छौ जब तिमी घरमा
तिमीलाई भाउन्न हुन्छ
रिङटा लाग्छ र तिमी पछारिन्छौ
त्यस बेला तिम्रो हालत देख्ने तिम्रो वेदना
र, तिमी बाहेक कोही हुँदैन
किनभने तिमीले खानुअघि नै
तिमीले खाने खीरमा
तिनीहरूले भान्साघरमा नै
मुसा मार्ने औषधी हालिसकेका हुन्छन्
त्यो न तिमीले देखेका हुन्छौ
न अरू कसैले देखेका हुन्छन्,
त्यो देख्ने तिम्रो छटपटाहट,
तिम्रो अनन्त वेदना
र, तिनीहरू मात्र हुन्छन् ।

❖❖❖

जिन्दावाद

■ **नदीराम के.सी.**

आलु फुल्यो बारीमा
तालुमा आलु ?
घाम लाग्यो घैंटोमा
शिखरमा तुषारो ?
कामकुरो एकातिर
कुम्लो बोकी कता ?
यात्रा
नेपालीको विदेशतिर
विदेशीको नेपालतिर
देशको छारो जीउभरि ।

सुशासन
मुखमा मात्र
आमाले दाम्लो बाट्दा
रातको पहर
एउटा लोककथा
रातभरि रामायण पढ्यो
सीता कसकी ?
रातभरि करायो दक्षिणा हरायो
भाषण मात्र ।

न्याय
चरीको दूध
भीरको बाटो
पैदलयात्रा अन्तरिक्षमा
नेपालमा
रात रहे अग्राख पलाउँछ
सङ्घर्ष गर
आउँछ त्यो ।

समानता
जमिनदारको ओतमा कमैया
दरबारको पर्खाल बाहिर
स्याउलाको बार
चीलको भागमा चल्लो
श्रमिकको ज्याला
ठेकेदारको खल्तीमा
खोली तऱ्यो लौरो बिर्स्यो
जनतालाई ?
हुँदैन नेपालमा
एक भएर हुरी बने हुन्छ त्यो ।

नासो
सपुत
क्रान्तिको
भुल्ने ?
हिँड उही बाटोमा
बैगुनीलाई गुन लगाऊ
जिन्दावाद ।

❖❖❖

http://www.nepalipublisher.com
अब हाम्रो वेब साइडमा 'दायित्व' र 'वैजयन्ती'का सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है !

साहित्यिक दौड

■ शम्भु वि.क.

प्रथम मेची-महाकाली
साहित्यिक दौड दौड्दै छ
बालकदेखि वृद्धसम्मको
भावनालाई समेट्दै छ
मलाई आशा छ, मेचीदेखि महाकालीसम्म
केही न केही विकास हुँदै छ ।
हिजो पालो नपाएको साथी
आज पालो पाएको छ
साहित्यिक सङ्गममा हात हालेको छ
साहित्य रचना गरी राष्ट्रसम्म पुऱ्याउने
आफ्नो कलमद्वारा कलाको विकास गर्ने
भावनालाई अगाडि बढाएको छ ।

शिवराज-९ कपिलवस्तु

निराश जीवन

■ शिवानी ढकाल

उफ् ! यो कस्तो अनौठो भयो
कस्तो यो जीवन भयो
जितेर जिउँछु भन्दाभन्दै
सधैँ हारको विजय भयो ।

उज्यालो खै ! फेरि पनि
त्यो धमिलो बिहानी भयो
परिचय पुरानो भएर पनि
अहो ! नयाँ चिनजानी भयो ।

निद्रा परेन, परोस् कसरी
विनानिद्रा सपना सिरानी भयो
एकान्त रोजी एकनास रुने
आफ्नो यस्तै बानी भयो ।

❖❖❖

मुक्तक

■ निर्जन अधिकारी

माया प्रीति सबै भुली देशको हितमा ला'को छु म
देशको हालत हुँदा यस्तो राष्ट्रप्रेमी भा'को छु म
छैन कसैको ध्यान राष्ट्र र यसको बचावतर्फ
देशका लागि झण्डा लिई राष्ट्रगान गा'को छु म ।

युज गरेर फाल्ने ओठको लाली बनायौ
छरेर अनि काट्ने नगदे बाली बनायौ
हेरेकै होलान् सबैले नागिन भन्ने वस्तु
यामिनीले बनाएजस्तो मलाई माली बनायौ ।

राम्रो नजरले हेर तिम्रो साथी बन्न सक्छु
सायद यो संसारमा सबैभन्दा जाती बन्न सक्छु
मनमा कुनै दुःख कष्ट चिन्ता नपरेमा
गोली ठोक्दा नढल्ने त्यो छाती बन्न सक्छु ।

शिवराज-११, कपिलवस्तु

मुक्तक

■ सुमित्रा नेपाल

सबैले हेप्छन् सायद गरीब भएर होला
स्वार्थी संसारमा सबै सरिफ भएर होला
सुनिदिन्नन् कुरा कसैले सत्य बोल्दा पनि
सायद गाउँघरको सिधासादा सरिफ भएर होला ।

मर्दै छौँ तिम्रो यादमा मलामी पठाऊ
मार्दै छौँ मुटु फिर्ता सलामी पठाऊ
मेरो हार अनि तिम्रो जीतमा
दुनियाँले दिने त्यो सलामी पठाऊ ।

शिवराज-१, कपिलवस्तु

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद !

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रु.
कर्णालीको कुनोदेखि मानसरोवरसम्म	(यात्रा)	विजयध्वज थापा	लीलाध्वज थापा साहित्य प्रतिष्ठान	१९४	३००/-
देश हराएको मान्छे	(कविता)	रामप्रसाद खनाल	प्लाटिनम पब्लिकेशन	२९५+३४	३००/-
सरल रेखा वक्र रेखा	(सिजो)	विष्णुबहादुर सिंह	शिवपुरी साहित्य समाज	६४+२२	२००/–
सम्झनाका झिल्काहरु	(यात्रा)	विष्णुबहादुर सिंह	विद्युतकर्मी साहित्य समाज	१०४+१६	२००/-
काठमाडौँकी क्लियोप्याट्रा	(मुक्तक)	विष्णुबहादुर सिंह	नेपाल मुक्तक प्रतिष्ठान	७२+१०	२००/-
चालीस फन्को घुमेपछि	(संस्मरण)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१६३+६	५००/-
प्रेमोत्कर्ष	(महाकाव्य)	लक्ष्मीकुमार कोइराला	शब्दार्थ प्रकाशन	१२८	२५०/-
तरङ्गित छालहरु	(कविता)	तुयुकाजी ताम्राकार	ज्ञानी ताम्राकार	४७+८	५०/-
तीन धामको यात्रा	(यात्रा)	तुयुकाजी ताम्राकार	ज्ञानी ताम्राकार	७४+२	१००/-
मकैसिङ	(यात्रा)	रामप्रसाद आचार्य	गोलढुङ्गा साहित्य परिषद्	९६	१९०/-
बुधनको घोडी	(कथा)	मन्दिरा मधुश्री	डम्मर कुमारी गसा प्रतिष्ठान	२२२	२५०/-
आमाको दूधको भारा	(उपन्यास)	रविकिरण निर्जीव	प्रेम-डम्बर साहित्य प्रतिष्ठान	१०२+१०	१००/-
मुक्तक मोहिनी	(मुक्तक)	रामकाजी कोने	नेपाल मुक्तक प्रतिष्ठान	९३	१२५/–
ऋतु चक्र	(खण्डकाव्य)	चन्द्रवदना घिमिरे	अरुण+कल्पना घिमिरे	९१+१२	१५०/-
स्मृतिभित्रका केही पात्र	(संस्मरण)	चन्द्रवदना घिमिरे	वीणा देवकोटा	७२+२४	१५०/-
मातापिताको संस्मरण	(संस्मरण)	चन्द्रवदना घिमिरे	वरुण+कविता घिमिरे	७०+२४	१५०/-
जय-पराजय	(पत्रकारिता)	मदनमणि दीक्षित	शमी साहित्य प्रतिष्ठान	१६६+३०	२९९/-
पोर्टर बा	(कविता)	छम गुरुङ	सुकबहादुर गुरुङ	७२+८	२००/-
हिन्दू संस्कृतिको परिशीलन	(संस्कृति)	मदनमणि दीक्षित	इल्या भट्टराई	३२०+१४	२५०/-
मेरो आकाश	(कविता)	चन्द्रमणि अधिकारी	मुना अधिकारी+रोशन रिजाल	८०+२४	१५०/-
मान्छे भएर मरेको मान्छे	(उपन्यास)	विपुल अधिकारी	शब्दार्थ प्रकाशन	१५९+४	२५०/-
अनुभूतिका तरङ्गहरु	(कविता)	ओतबहादुर खड्का	अक्षर मार्ग	४०+८	५०/-
एउटा बस्तीको कथा	(कविता)	अशेष+गगन+दिनेश+विष्णु	बुक सेलर	८०	६०/-
स्मृति आरम्भ	(कविता)	एन्जेलिना न्यौपाने	नोवेल समी साकोस	५१+२६	१५०/-

दायित्व वाङ्मय प्रतिष्ठानका आजीवन सदस्यहरू

क्र.सं.	नाम थर	फोन नं.	क्र.सं.	नाम थर	फोन नं.
१	अच्युत प्र. पौडेल 'चिन्तन'	९८४१३२१९९८	५८.	भूपेन्द्रप्रसाद पौडेल	४४८७२५८/९८४१३७६११४
२.	अर्जुन विरक्ति	४४८५८७८/९८५१०६५४७६	५९.	भोला रेग्मी	४४३१४५४/९८५१०५१४५४
३.	अनिल कोइराला	४४२३२०९/९८४१२५०४५२	६०.	मणिराज सिंह	९८५१११८३४९
४.	अमर अधिकारी	४४६८६७७/९८४१६१७४५५	६१.	मधुसूदनप्रसाद घिमिरे	४१०७७१७/९८४९६५५९९०
५.	अमरकुमार प्रधान	५५२८१०४/९८४१३८३३६१	६२.	ममता शर्मा नेपाल	९८४१३७०५१५
६.	ऋषिराम डाँगी	९८४९२४२००३	६३.	महादेव पन्थ	५५५२३२६/९८४१५०४७५२
७.	एस.पी आसा	४२७५३६५/९८४१३११६६२	६४.	माधव घिमिरे (टङ्गाल)	४४३१५३७/९८४३२४१५२३
८.	कपिल लामिछाने	९८५७०२२१०९	६५.	मित्र 'उराठी' गौतम	०८८-५२००७४
९.	कमलप्रसाद ज्ञवाली	४४८६२४६/९८४१२९८५१४	६६.	मोहन दुवाल	९८४१६३०४६५
१०.	कलाधर काफ्ले	४४९५४४४/९८४१५३५०३०	६७.	मोहनबहादुर कायस्थ	४४७००४९/९८५१०१५०३५
११.	केदारप्रसाद सुवेदी	९८४५०२३८५२	६८.	मोहन सिटौला	४४८१४७६
१२.	केशवराज पन्त	६६३९१५४/९८४३०६९५१५	६९.	यज्ञराज ज्ञवाली	९८५११५०७७४
१३.	कृष्णप्रसाद बस्याल	४४६८९८३/९८४१५६४५२५	६७.	यदुलाल पन्थ	९८४७०२१०४५
१४.	कृष्ण बाउसे	९७४१०५१४२५	७१.	यादव भट्टराई	४७८३२६४/९८५१२३९००९
१५.	कृष्ण ज्ञवाली	४४२८१४७/९८५१११५१५६	७२.	युवराज मैनाली	४४२०३९१/९८४१५२६६७०
१६.	खगेन्द्र खोल्साघरे	९८५१०९७२६८	७३.	युवराज शर्मा गौतम	४२३१३१७/९८४९२४१७४४
१७.	खड्गबहादुर चापागाईं	९८४२४४८८००	७४.	रमा सिंह	५५२५१२२
१८.	खिमानन्द आचार्य	६६३०५६१	७५.	रविन्द्र आशिष शैली	९८५११६६७७५
१९.	गङ्गा पौडेल	४८२३४०८/९८४१५४४०६१	७६.	राजेश मानन्धर	४४९७३६७/९८५१०४७०८३
२०.	गणेश ज्ञवाली	४६२१३८०/९८५११८८२२२	७७.	रामचन्द्र बस्नेत	९८४९४२८४०७
२१.	गीता केशरी	४४३२१२०/९८५११०२२०३	७८.	रामप्रसाद दाहाल	४४९००४८/९८५१०८९६१३
२२.	गुणराज काफ्ले	४४९५३८६/९८४१५७७४५३	७९.	रामप्रसाद पन्त	४४८६४७६/९८४१५२६०१७
२३.	गोकुल अधिकारी	६६३५०७३/९८४२०३०२७७	८०.	डा.रामप्रसाद शर्मा	९८४७०४३१८१
२४.	गोपीकृष्ण शर्मा	४४२४६७६/९८४१६०३३३४	८१.	रामबहादुर पहाडी	९८४१७१०७५२
२५.	गोविन्दप्रसाद घिमिरे	४९१५२९६/९८४३२३४४५०	८२.	रामशरण अर्याल	४१०४०५५
२६.	घनश्याम राजकर्णिकार	४४१०३९२/९८५१०६२२१८	८३.	रामेश्वरी पन्त	९८४९८९९६९९
२७.	चन्द्रकान्त आचार्य	४४७३८९६/९८५११०६३८१	८४.	रूद्र शर्मा 'दुःखी'	०७१-५२१७१७
२८.	डा. चन्द्रकान्त ज्ञवाली	०७८-५८०३८७	८५.	रूद्र ज्ञवाली	९८५७०२१०३७
२९.	डा. चेतबहादुर कुँवर	४४१६२६३	८६.	रेवतीरमण पोखरेल	२१०२१०२/९८४१२६९००८
३०.	छविरमण सिलवाल	९८४१२१६३७६	८७.	ललिता दोषी	४७८०८१६/९८४१८९०२६६
३१.	जयदेवकृष्ण श्रेष्ठ	९८५१०६३२५८	८८.	लक्ष्मी पन्त	४४८६४७६/९८४१४४६२१९
३२.	जयन्ती स्पन्दन	९८४१२४८३८१	८९.	लुमडी आचार्य	९८४९४८२९३०
३३.	जयराम शर्मा लुईंटेल	४३१२०२२	९०.	डा.लेखप्रसाद निरौला	९८४१३७२८०८
३४.	जीवनचन्द्र कोइराला	४११०२६७/९८४१८१६७१९	९१.	लोकेन्द्रबहादुर चन्द	६६३०४२७
३५.	जीवनपानी पोखरेल	९८४१८८९८६३	९२.	वसन्तकुमार शर्म्मा 'नेपाल'	४४८४६२९
३६.	जीवराज घिमिरे	९८४१२७२२५१	९३.	वासुदेव उपाध्याय ढकाल	४४७२५८३
३७.	जीवलाल सापकोटा	९८५१०००४०३	९४.	वासुदेव गुरागाइँ	९८४१६६७१४९
३८.	टङ्क पन्त	९८५१०३६१२०	९५.	विजय सागर	९८४७०५५९७८
३९.	टीकाराम पन्त	९८५१००५६६६	९६.	विमल खनाल	९८४१५६७७३७
४०.	टुमानाथ अर्याल	९८४७५३३००३	९७.	विष्णुबहादुर सिंह	४३७०४३२/९८५१०२१८०९
४१.	ठाकुर शर्मा	४४२०६१०/९८४१२४५३३१	९८.	विष्णुमाया पन्त	९८५१०७४४६६
४२.	डा. तुलसी भट्टराई	४१०८५१८/९८५१०७७३६१	९९.	डा. विष्णुराज आत्रेय	४४७३५२५/९८४११३७४३९
४३.	तुलसीराम पाण्डेय	४८२००२९/९८४१६२८९८५	१००.	विष्णु ज्ञवाली	४३८२५०३/९८४१६१७५९६
४४.	तेजबहादुर थापा	०७१-५२१७०५	१०१.	शङ्करविक्रम शाह	४४११९०३
४५.	देवी नेपाल	९८४१४४४१३५	१०२.	शिव क्षेत्री 'अपरिचित'	९८४१४५३३५८
४६.	देवेन्द्र अर्याल 'आँसु'	९८४१२७२६११	१०३.	शेषराज सिवाकोटी	९८४९३०१३१८
४७.	नारायण गोदारे	४८२२१०७/९८४११३७३९६	१०४.	सकु थापा	९८४१३८५६१२
४८.	नारायण ज्ञवाली	५१०४६१३/९८५१०७३८०९	१०५.	सुदर्शन आचार्य	४३५२९४९
४९.	पुष्पलता आचार्य	४१०७७३४	१०६.	सुदीपभद्र खनाल	४३६२०२९
५०.	प्रतापजङ्ग शाह	४४९७६१२/९८४१२७४०२५	१०७.	सुरेन्द्रप्रकाश उप्रेती	४४७८१८०
५१.	प्रह्लाद कार्की	९८४१३९७६५४	१०८.	सूब सेन	४४९०८३१/९८४१६६९०७४
५२.	प्रह्लाद पोखेल	४९१५२१७/९८४१५३०१९१	१०९.	हरिकुमार नेपाल	४७८१४४०/९८५१०९३७६४
५३.	बालकृष्ण भट्टराई	०७१-५२०३९४	११०.	हरिप्रसाद न्यौपाने	४७७०५२६/९८४१३५९३२७
५४.	बालकृष्ण शर्मा	४४३८४४१/९८४१२५२८७९	१११.	हरिहरप्रदीप घिमिरे	४४८१५५४/९८४१५१९५०२
५५.	सुश्री भद्रकुमारी घले	४४२०४६१	११२.	हेमराज पाण्डे	६६३०७५१/९८४१८०५८७६
५६.	भागवत आचार्य	४१०८५६५/९८४१५७३१०१	११३.	हेमराज ज्ञवाली	४४७०८११/९८५१०२०२१५
५७.	भागवत ढकाल	४७८१४७७/९८४१२७१२२६	११४.	होमशङ्कर बास्तोला	९८४१३६५७६६

नयाँ नेपालको परिकल्पना,
मानव बेचविखनरहित समाजको सृजना ।

लैङ्गिक हिंसा हटाऔं,
मानव बेचविखन अन्त्य गरौं ।

हामी सबैको साझा अभियान,
मानव बेचविखनको पूर्णविराम ।

हाम्रो गन्तव्य,
मानव बेचविखनको अन्त्य ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

साहित्य-इन्द्रेणी

निराजन तिमल्सिना

'शिक्षा र दीक्षासम्पन्न साहित्यलाई केवल किताप, कापी र कलमको भरमा सीमित गराउन खोज्दा नै जीवन अल्मलिन थाल्छ । केवल मसीले लिपिवद्ध गर्ने अक्षरबाट माथि उठेर शिक्षित एवं दीक्षित हुनु नै हो– असली जीवनको चोखो साहित्य ।'

मनुष्यलाई 'मनुष्य' बनाउने कला

मानवजीवन विचार, बुद्धि, तर्क र गणितयुक्त जीवन हो । यस्तो जीवनमा गुलाफको कोपिला जस्तो विचार सिर्जना हुन्छ । त्यस कोपिलामा बिस्तार-बिस्तार सुन्दर-सुकुमार रङ पोतिन थाल्छन् । 'तर्क' उसका 'पालुवा' बनी उम्रन थाल्छन् । र, गणितले जीवनको सुवासलाई बतासले झैँ फिँजाएर गुलाफको बोटको मोहक परिकल्पनालाई साकार बनाइदिन्छ । यही हो जीवनको साहित्य ।

शिक्षामय र दीक्षामय अमृतले टिल्पिल् टिल्पिल् भएको हुन्छ साहित्यघडा । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, परतन्त्रता जस्ता दोषरहित शिक्षा प्रदान गर्नु साहित्यको धर्म हो । त्यही धर्मको मलजल पाएर जीवनलाई काव्यिक गुलाफले गम्काइदिन्छ ।

शिक्षा त ज्योति हो । प्रकाश हो । किरण हो । सूर्यले फिँजाएका किरणमा मिसिएका पराबैजनी विकीरणलाई ओजोन-तहले सोसेर धर्तीसम्म आउन नदिनु प्रकृतिको नियम हो । समस्त प्राणीका लागि घातक त्यस्तो विकीरणबाट जोगाइदिने कला हो- ओजोन तह ।

मनुष्यसँग कलाको ओजोन भएन भने साहित्यले उपहार दिने शिक्षाको किरणमा मिसिन सक्ने घातक अज्ञानताको घातक विकीरणले जीवनलाई तहसनहस बनाइदिन्छ । यसर्थ, जबरजस्त सिर्जना गरिएको साहित्यमा कृत्रिमताको जलप हुन्छ । त्यस जलपबाट जीवनका घातक विकीरणहरू छरपस्ट भएका हुन्छन् । बुझ्नुपर्दछ, स्वस्फुर्त सिर्जना गरिने साहित्य चोखो प्रकृति हो ।

अँ, साहित्य सिर्जना गर्न कला चाहिन्छ । साहित्यले प्रवाह गर्ने शिक्षा ग्रहण गर्न पनि कला नै चाहिन्छ । बोलिचालीको भाषामा भन्ने गरिन्छ नि– 'लेख्न पनि जान्नुपर्छ । पढ्न पनि जान्नुपर्छ । सुन्न पनि जान्नुपर्छ ।' त्यो 'जान्नु' भनेकै 'उत्तम कला' हो ।

जीवनको हिमशैलमा टल्पलिने ज्योति हो– कला । ढुङ्गालाई पनि देवता बनाउन सुशोभित पारिराख्ने पवित्र मन्दिरको मथिङ्गलमा खुलेको गजुरको मोति हो– कला ।

जीवनलाई प्रेमिल बनाउन कलाकै अनुभूति चहिन्छ । जीवनलाई शान्त बनाउन पनि कलाकै सुरुचि चाहिन्छ । कलाकै दिक्षाले बहारिलो भएको हुन्छ- साहित्य । शिक्षा र दीक्षासम्पन्न साहित्यलाई केवल किताप, कापी र कलमको भरमा सीमित गराउन खोज्दा नै जीवन अल्मलिन थाल्छ । केवल मसीले लिपिबद्ध गर्ने अक्षरबाट माथि उठेर शिक्षित एवं दीक्षित हुनु नै हो असली जीवनको चोखो साहित्य । उद्देश्य प्राप्ति गर्न जीवनमा क्रियाशील मर्म वहेको हुन्छ आत्मिक बेगमा । त्यही मर्मभित्र हुन्छ- साहित्य । अनि कसरी भन्ने, साहित्याकाश सबैमा हुँदैन भनेर ?

तै, अब यत्ति भनुँ– हरेक मनुष्य साहित्यसम्पन्न भए तापनि अन्तर्मनमा गुञ्जिने साहित्यलाई बाहिर निकाल्ने जिम्मा भने कलाकै हो । र त, मनुष्यलाई 'मनुष्य' बनाउने कला हो– साहित्य ।

❖❖❖